# बर्दिया जिल्लाका
# प्रमुख आख्यानकार र आख्यान कृतिको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधकर्ता

राम बहादुर बोगटी

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

२०७०

## शोध निर्देशनको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका एम.ए. दोस्रा वर्षका विद्यार्थी श्री राम बहादुर बोगटीले **बर्दिया जिल्लाका प्रमुख आख्यानकार र आख्यान कृतिको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधकार्यसँग म सन्तुष्ट छु र शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

प्रा.डा. जीवेन्द्र देव गिरी

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रि.वि.वि. कीर्तिपुर काठमाडौँ

मिति : २०७०/०५/२०

**त्रिभुवन विश्वविद्यालय**

**मानविकि तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका एम.ए. दोस्रा वर्षका विद्यार्थी श्री राम बहादुर बोगटीले त्रि.वि.वि. नेपाली केन्द्रीय विभागको स्नाकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **बर्दिया जिल्लाका प्रमुख आख्यानकार र आख्यान कृतिको अध्ययन** शीर्षकको शोध पत्र स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| प्रा.डा. देवीप्रसाद गौतम | ................................ |
| (विभागीय प्रमुख) | |
| प्रा.डा. जीवेन्द्र देव गिरी | ............................... |
| (शोध निर्देशक) | |
| उप प्रा. कर्णाखर खतिवडा | ................................ |
| (बाह्य परीक्षक) | |

मिति २०७०/०५/..


## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **बर्दिया जिल्लाका प्रमुख आख्यानकार र आख्यानकृतिको अध्ययन** नेपाली विषयमा स्नाकोत्तर तह अध्ययनका क्रममा दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार पार्न मलाई आवश्यक निर्देशन, सल्लाह सुझाव एवं हार्दिक सहयोग प्रदान गर्नु हुने गुरुवर श्री जीबेन्द्र देव गिरीप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

जीवनको मार्गलाई यहाँसम्म पुऱ्याउन महत्त्वपूर्ण लगानी गरी सन्तानप्रति जिम्मेवार बन्नु हुने मेरा पिता धन बहादुर बोगटी र माता रुपा बोगटीका साथै घरपरिवार प्रति म नतमस्तक छु । बौद्धिक सङ्कटलाई छिचोल्न आवश्यक हौसला र उत्साह थपिदिनु हुने मेरा

आदरणीय गुरुहरू एवं मेरा अन्य मित्रहरूप्रति पनि म कृतज्ञ छु । खास गरेर शोधकार्यका सिलसिलामा ममाथि आइपरेका समस्याहरूको समाधान गर्न र शोधपत्र लेखनका क्रममा सहयोग पुऱ्याउनु हुने आदरणीय दाजु जीवराज उपाध्याय, खडक प्रसाद उपाध्याय एवं बर्दियाली साहित्य समाजप्रति पनि म आभारी छु । छिटोछरितो र स्तरीय टङ्कण व्यवस्था मिलाइदिने याङ्किज एस्सिलेन्ट कम्प्युटर सेन्टर, कीर्तिपुरका श्री किरण राईलाई पनि म धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

**शोधार्थी**

.................................

राम बहादुर बोगटी
नेपाली केन्द्रीय विभाग
त्रि.वि.कीर्तिपुर

मिति : २०७०/०५/२०

# विषय सूची


पृष्ठ सङ्ख्या

निर्देशकको मन्तव्य क

स्वीकृतिपत्र ख

कृतज्ञताज्ञापन ग

विषय सूची घ

संक्षेपीकृत शब्दसूची झ

**परिच्छेद : एक**

**शोधको परिचय १-१४**

१.१ विषय परिचय १

१.२ शोध समस्या २

१.३ शोध कार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ४

१.६ शोध कार्यको सीमाङ्कन ४

१.७ शोध विधि ५

१.८ शोधपत्रको रूपरेखा ५

**परिच्छेद : दुई**

**बर्दिया जिल्लाको सङ्क्षिप्त परिचय ६-१५**

२.१ परिचय ६

२.२ नामकरण ६

२.३. प्राकृतिक एवं भौगोलिक स्वरूप ७

२.४ ऐतिहासिकता ८

२.५ प्रमुख स्थानहरू १०

२.६ जनसङ्ख्या, जाति, भाषा, धर्म ११

२.७ सामाजिक, सांस्कृतिक एवं आर्थिक जनजीवन १२

२.८ शिक्षा, सञ्चार १४

२.९ निष्कर्ष १५


## परिच्छेद : तिन

**नेपाली आख्यानको विकास एवम् बर्दिया जिल्लाको आख्यान सिर्जनाको पृष्ठभूमि र परम्परा १६-४९**

३.१ नेपाली आख्यानको पृष्ठभूमि र विकास १६

३.१.१ पृष्ठभूमि १७

३.१.१.१ पूर्वीय पृष्ठभूमि १७

३.१.१.२ पाश्चात्य पृष्ठभूमि १८

३.१.१.३ नेपाली पृष्ठभूमि १९

३.१.२ नेपाली आख्यानको विकास २०

३.१.२.१ नेपाली उपन्यासको विकास २१

३.१.२.२ नेपाली कथाको विकास ३२

३.२ बर्दिया जिल्लाको आख्यान सिर्जनाको पृष्ठभूमि र परम्परा ४०

३.२.१ बर्दिया जिल्लाको आख्यानको पृष्ठभूमि ४१

३.२.२ बर्दिया जिल्लाको आख्यान लेखन परम्परा ४२

३.२.२.१ बर्दिया जिल्लाको कथाको विकास ४३

३.२.२.२ बर्दिया जिल्लाको उपन्यासको विकास ४६


## परिच्छेद - चार

**बर्दिया जिल्लाका आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन ५०-१२३**

४.१ गोप बहादुर शाह र उनका औपन्यासिक कृतिको अध्ययन ५०

४.१.१ गोप बहादुर शाहको सङ्क्षिप्त परिचय ५०

४.१.२ 'क्षितिजलाई नियाल्दा' उपन्यासको अध्ययन ५२

४.१.२.१ कथानक ५३
४.१.२.२ चरित्र चित्रण ५६
४.१.२.३ परिवेश ५९
४.१.२.४ संवाद ५९
४.१.२.५ उद्देश्य ६१
४.१.२.६ द्वन्द्व ६१
४.१.२.७ दृष्टिविन्दु ६१
४.१.२.८ भाषाशैली ६२
४.२ सरला रेग्मी र उनका औपन्यासिक कृतिको अध्ययन ६२
४.२.१ सरला रेग्मीको सङ्क्षिप्त परिचय ६२
४.२.२ 'प्रवाह' उपन्यासको अध्ययन ६४
४.२.२.१ कथानक ६५
४.२.२.२ चरित्र चित्रण ६७
४.२.२.३ परिवेश ७०
४.२.२.४ संवाद ७१
४.२.२.५ उद्देश्य ७२
४.२.२.६ द्वन्द्व ७२
४.२.२.७ दृष्टिविन्दु ७२
४.२.२.८ भाषाशैली ७३
४.२.३ 'चुँडाल्दै बन्धनहरू' कथा सङ्ग्रहको अध्ययन ७४
४.२.३.१ क्थानक ७४
४.२.३.२ चरित्र चित्रण ७६
४.२.३.३ परिवेश ७७
४.२.३.४ उद्देश्य ७७
४.२.३.५ दृष्टिविन्दु ७८
४.२.३.६ भाषाशैली ७८

४.२.४ 'लाल विधवा' कथा सङ्ग्रहको अध्ययन ७८
४.२.४.१ कथानक ७९
४.२.४.२ चरित्र चित्रण ८१
४.२.४.३ परिवेश ८३
४.२.४.४ उद्देश्य ८३
४.२.४.५ दृष्टिविन्दु ८३
४.२.४.६ भाषाशैली ८३
४.३ बुद्धिनाथ ज्ञवाली र उनका औपन्यासिक कृतिको अध्ययन ८४
४.३.१ बुद्धिनाथ ज्ञवालीको सङ्क्षिप्त परिचय ८४
४.३.२ 'अन्तरङ्ग जीवन' उपन्यासको अध्ययन ८६
४.३.२.१ कथानक ८७
४.३.२.२ चरित्र चित्रण ८८
४.३.२.३ परिवेश ९०
४.३.२.४ संवाद ९१
४.३.२.५ उद्देश्य ९२
४.३.२.६ द्वन्द्व ९२
४.३.२.७ दृष्टिविन्दु ९३
४.३.२.८ भाषाशैली ९३
४.३.३ 'जल्दै गरेको आकाश' कथा सङ्ग्रहको अध्ययन ९४
४.३.३.१ कथानक ९४
४.३.३.२ चरित्र चित्रण ९७
४.३.३.३ परिवेश ९९
४.३.३.४ उद्देश्य ९९
४.३.३.५ दृष्टिविन्दु १०१
४.३.३.६ भाषाशैली १०२
४.३.४ 'बगिरहेको जीवन' कथा सङ्ग्रहको अध्ययन १०२

४.३.४.१ कथानक १०३

४.३.४.२ चरित्र चित्रण १०५

४.३.४.३ परिवेश १०६

४.३.४.४ उद्देश्य १०७

४.३.४.५ दृष्टिविन्दु १०९

४.३.४.६ भाषाशैली १०९

४.४ अयोध्या प्रसाद श्रीवास्तव र उनको औपन्यासिक कृतिको अध्ययन ११०

४.४.१ अयोध्या प्रसाद श्रीवास्तवको सङ्क्षिप्त परिचय ११०

४.४.२ 'शीलवती' उपन्यासको अध्ययन ११२

४.४.२.१ कथानक ११२

४.४.२.२ चरित्र चित्रण ११६

४.४.२.३ परिवेश १२०

४.४.२.४ संवाद १२०

४.४.२.५ उद्देश्य १२१

४.४.२.६ द्वन्द्व १२१

४.४.२.७ दृष्टिविन्दु १२२

४.४.२.८ भाषाशैली १२२

**परिच्छेद : पाँच**

**सारांश तथा निष्कर्ष** **१२४-१२७**

५.१ सारांश १२४

५.२ निष्कर्ष १२६

५.३ सम्भावित शोध शीर्षकहरू १२७

**सन्दर्भ ग्रन्थ सूची** **१२८-१३०**

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ.प्र. | - | अप्रकाशित |
| आइ. ए. | - | इन्टरमिडियट अफ आर्टस |
| एम. ए | - | मास्टर अफ सर्टिफिकेट |
| एम.एम. | - | फ्रिक्वेन्सी मोडुलेसन |
| कि.मि. | - | किलो मिटर |
| क्र.स. | - | क्रम संख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| चौ.स. | - | चौथो संस्करण |
| जि.हु.का. | - | जिल्ला हुलाक कार्यालय |
| डा. | - | डाक्टर |
| ते.स. | - | तेस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.स. | - | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.स. | - | पाँचौ संस्करण |
| प्र. | - | प्रकाशित |
| प्रा. | - | प्राध्यापक |
| पृ | - | पृष्ठ |
| बी.ए. | - | व्याचलर अफ आर्टस |
| वि.स. | - | विक्रम संवत |
| स. | - | संस्करण |
| सम्पा. | - | सम्पादक |
| सि.डि.एम.ए. | - | कोड डिभिजन मल्टिपल एम्सेस |

# परिच्छेद एक

# शोधको परिचय

## १.१ विषय परिचय

नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्रको भेरी अन्चल अन्तर्गत पर्ने बर्दिया जिल्लाको सीमाभित्र रहेका प्रमुख आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन यस शोधकार्यमा गरिएको छ । बर्दिया जिल्ला नेपाली, अवधी र थारू भाषीहरूको बसोबास भएको तराईको जिल्ला हो । २०२५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यो जिल्ला प्राकृतिक, आर्थिक, सांस्कृतिक, पर्यटकीय र कृषि उब्जाका हिसाबले महत्त्वपूर्ण मानिन्छ ।[१]

बर्दियामा नेपाली, अवधी र थारू भाषाको मौखिक लोक साहित्य परम्परा कायम रहेको पाइन्छ । यस भूमिबाट नेपाली भाषामा साहित्य सिर्जना गर्ने परम्पराको थालनी भने वि.सं. २०२९ मा **वाणी** पत्रिका प्रकाशनसँगै भएको पाइन्छ ।[२]

वि.सं. १८२७ देखि नेपालमा आख्यान लेखन परम्परा सुरु भएको हो । बर्दिया जिल्लामा भने वि.सं. २०३३ देखि मात्र नेपाली आख्यान लेखनको यो परम्परा आरम्भ भएको पाइन्छ । बर्दिया जिल्लाबाट पुस्तकाकार कृतिका रूपमा प्रकाशित प्रथम आख्यान कृतिहरूमा कथातर्फ बुद्धिनाथ ज्ञवालीको **जल्दै गरेको आकाश** (२०६३) हो भने उपन्यासतर्फ गोप बहादुर शाहको **क्षितिजलाई नियाल्दा** (२०४९) हो । २०३३ सालदेखि आरम्भ भएको आख्यान लेखनको यात्राले अहिलेसम्म नयाँ प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढिरहेको अवस्था छ । अहिलेसम्म खास गरेर बुद्धिनाथ ज्ञवाली, सरला रेग्मी, अयोध्या प्रसाद श्रीवास्तव, गोप बहादर शाह लगायतका आख्यानकारले सक्रियताका साथ यस जिल्लाबाट आख्यानलाई नयाँ उचाइ प्रदान गरिरहेका छन् । त्यसैले बर्दियाली आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन गर्ने हेतुले यो शोधकार्य गरिएको हो । अध्ययनका क्रममा बर्दिया जिल्लाको ऐतिहासिक, सामाजिक,

---

१. गुणनिधि आचार्य, **नेपाली साहित्यमा बर्दिया जिल्लाको योगदान** (त्रि.वि.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, २०५८), पृष्ठ ३ ।

२. जीवराज उपाध्याय, **बर्दिया जिल्लाका गजलकार र तिनका गजल सङ्ग्रहको अध्ययन** (त्रि.वि.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, २०६१), पृष्ठ १ ।

सांस्कृतिक, आर्थिक, प्राकृतिक एवम् शैक्षिक तथा साञ्चारिक भौगोलिक परिचयका साथै पत्रपत्रिकाको योगदानलाई पनि यस शोधकार्यमा समावेश गरिएको छ ।

## १.२ शोध समस्या

बर्दिया जिल्लामा आख्यान लेखनको परम्पराले तिन दशक नाघिसकेको छ । यस क्रममा विभिन्न कथाहरू, कथा सङ्ग्रह र उपन्यासहरू प्रकाशित भएका छन् । तिनको व्यवस्थित अध्ययन अझैसम्म भएको छैन । त्यसैले यस क्षेत्रको आख्यान लेखन परम्परा, प्रमुख आख्यानकार र तिनका आख्यान कृतिहरूको अध्ययन गर्नु यस शोधकार्यको समस्या रहेको छ । यही शोधकार्यसँग सम्बन्धित समस्याहरूनिम्नानुसार छन् :

१. बर्दिया जिल्लाको आख्यान लेखन परम्परा कस्तो छ ?

२. बर्दिया जिल्लाका प्रतिनिधि आख्यानकार र तिनका पुस्तकाकार आख्यान कृतिहरू के कस्ता छन् ?

३. नेपाली आख्यान विधामा बर्दिया जिल्लाको योगदान के कस्तो छ ?

## १.३ शोध कार्यको उद्देश्य

१. बर्दिया जिल्लाको आख्यान परम्परा र पृष्ठभूमि देखाउनु,

२. बर्दिया जिल्लाका प्रतिनिधि आख्यानकारहरू र तिनका पुस्तकाकार आख्यान कृतिहरूको अध्ययन गर्नु,

३. बर्दिया जिल्लाको आख्यान लेखन प्रयासले समग्र नेपाली आख्यान साहित्यमा पुऱ्याएको योगदान ठम्याउनु,

## १.४ पूर्वकार्यको समीक्षा

बर्दिया जिल्लाका आख्यानबारे विभिन्न पत्र पत्रिका, पुस्तक, समीक्षात्मक लेख र टीका टिप्पणीहरू प्रकाशित छन् । यहाँ तिनका बारेमा पूर्वकार्यका रूपमा कालक्रम अनुसार समीक्षा गरिएको छ :

सनत रेग्मीले **महेन्द्र सौरभ** (२०३९) पत्रिकामा **साहित्यिक विकासको बाटोमा भेरी अन्चल** शीर्षकको लेख प्रकाशित गरेका छन् । यस लेखमा बर्दिया जिल्लाको साहित्यिक वातावरण, केही प्रमुख कविहरू र यस क्षेत्रबाट प्रकाशित **कर्णाली** र **वाणी** जस्ता पत्रिकाको नामसम्म उल्लेख गरेका छन् । उक्त लेखमा बर्दिया जिल्लाको आख्यान लेखन परम्पराको कुनै चर्चा छैन ।

दीपक गौतमले **नेपाली साहित्यमा भेरी अन्चलको योगदान** शीर्षकको शोधपत्रमा भेरी अन्चलका सबै जिल्लाको साहित्यिक वातावरण र केही प्रतिभाहरूको चर्चा गर्ने क्रममा बर्दिया जिल्लाको साहित्यिक परम्पराबारे उल्लेख गरेका छन् । गौतमको शोधपत्र भेरी अन्चलमा केन्द्रित भएकाले बर्दिया जिल्लाको साहित्यिक गतिविधिलाई सूक्ष्मतापूर्वक समेट्न सकिएको छैन ।

राजेन्द्र प्रसाद धितालले **गुलरिया नगरपालिका स्मारिकामा** गुलरिया नगरीको प्रगति यात्रा र साहित्यको सम्भावना शीर्षकको लेख प्रकाशित गरेका छन् । यसमा लोक साहित्यको पृष्ठभूमिको चर्चा पाइन्छ ।

गुणनिधि आचार्यद्वारा **नेपाली साहित्यमा बर्दिया जिल्लाको योगदान** शीर्षकको शोधपत्रमा बर्दिया जिल्लामा फस्टाएका साहित्यिक विधा र स्रष्टाहरूको परिचय प्रस्तुत गरिएको छ । समग्र साहित्यिक चर्चा गर्ने क्रममा आख्यान सम्बन्धी चर्चा अपर्याप्त रहन गएको छ । यस शोधपत्रमा बर्दियाका केही आख्यानकारहरूका नाम र फुटकर कृति बारे उल्लेख गरिएको छ । हाल बर्दियाबाट ४ वटा उपन्यास र ४ वटा कथा सङ्ग्रह प्रकाशित भइसकेको र आख्यान लेखन परम्परा समृद्ध बन्दै गइरहेको परिप्रेक्ष्यमा आचार्यको चर्चा नगण्य छ ।

मीम बहादुर खड्काले **कथाकार बुद्धिनाथ ज्ञवाली र उनका कथाहरूको विश्लेषण** शीर्षकको शोधपत्रमा कथाकार बुद्धिनाथ ज्ञवालीको प्रथम कथा सङ्ग्रह **जल्दै गरेको आकाश**को विश्लेषण गरेका छन् । खड्काको शोधपत्र स्रष्टा विशेषमा केन्द्रित भएको हुनाले जिल्लाको आख्यानको समग्र अध्ययन यसमा समेटिएको छैन ।

खडक प्रसाद उपाध्यायले **कथाकार बुद्धिनाथ ज्ञवालीको 'बगिरहेको जीवन' कथा सङ्ग्रहको अध्ययन विश्लेषण** गरेका छन् । उपाध्यायको शोधपत्र कथा सङ्ग्रहको अध्ययनका

दृष्टिले महत्त्वपूर्ण छ परन्तु आख्यानको अध्ययनको विधागत विश्लेषण भने यसमा हुन सकेको छैन ।

बर्दिया जिल्लाको साहित्यिक गतिविधिसँग सम्बन्धित केही पूर्वकार्यहरू भए पनि आख्यान विधाको समग्र अध्ययन हुन सकेको छैन । पत्र पत्रिकामा फुटकर लेख प्रकाशित हुनु र पुस्तकका भूमिकामा आख्यान सम्बन्धी सामान्य चर्चा गरिनु एवं विवरण प्रस्तुत गरिनु बाहेक अन्य व्यवस्थित र सूक्ष्म अध्ययन हुन नसकेकाले यो शोधकार्य गरिएको हो ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

बर्दिया जिल्लाको साहित्यिक गतिविधिबारे चिनारी दिने खालका पूर्वकार्य भए पनि आख्यानका बारेमा व्यवस्थित र पर्याप्त खोज अनुसन्धान नभएकाले बर्दिया जिल्लाको आख्यान लेखन परम्परालाई खुट्याउँदै प्रमुख आख्यानकारहरूको छनोट गरी तिनका आख्यान कृतिको अध्ययन गरेर तयार पारिएको यो शोधपत्र औचित्यपूर्ण छ । यसबाट बर्दिया जिल्लाका आख्यान कृतिका बारेमा जानकारी प्राप्त हुने छ । बर्दिया जिल्लाको आख्यान लेखन परम्पराबारे ऐतिहासिकताको निरूपण हुने छ । नेपाली आख्यान र आख्यानकारहरूको समग्र अध्ययनमा पूर्णता ल्याउन नेपालका विभिन्न जिल्लाका आख्यानकार र तिनका आख्यान कृतिहरूको अध्ययन हुन आवश्क छ । प्रस्तुत अध्ययनबाट त्यसमा आशिंक योगदान हुन गएको छ । बर्दियाली आख्यानकारको आख्यान कृतिका अध्ययनमा गरिएको प्रस्तुत कार्यले भविष्यमा यस क्षेत्रमा शोध गर्न चाहने शोधार्थीहरूलाई सहयोग पुऱ्याउने भएकाले यस शोधकार्यको औचित्य र महत्त्व स्वतः सिद्ध हुन्छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

यस शोधकार्यमा बर्दिया जिल्लाको भौगोलिक सीमाभित्र रही बर्दिया जिल्लाका नेपाली भाषाका प्रतिनिधि आख्यानकार र तिनका पुस्तकाकार आख्यान कृतिको अध्ययन गरिएको छ । आख्यानहरूको सामान्य परिचय दिनु र पुस्तकाकार आख्यानात्मक कृतिहरूको तत्त्वका आधारमा विश्लेषण गर्नु यस अध्ययनको सीमा हो ।

## १.७ शोध विधि

यो शोधकार्य मूलतः पुस्तकालयीय र अंशतः क्षेत्रीय अध्ययन पद्धतिमा आधारित रहेको छ । शोध विषयसँग सम्बद्ध सामग्रीहरू मुख्य रूपमा पुस्तकालयबाट सङ्कलन गरिएका छन् । सम्बन्धित विषयका बारेमा पुस्तकालयमा उपलब्ध पुस्तक, पत्र पत्रिका र तिनमा रहेका सामग्रीको यहाँ उपयोग गरिएको छ । क्षेत्रीय अध्ययन पद्धति अन्तर्गत सम्बन्धित क्षेत्रमा पुगी विद्वान्, प्राध्यापक, लेखक, समालोचक र सङ्घसंस्थाबाट आवश्यक जानकारी पनि लिइएको छ । यस क्रममा अन्तर्वार्ता र छलफल पनि गरिएको छ । आख्यानको अध्ययन विश्लेषण गर्दा आख्यान तत्त्वलाई आधार बनाइएको छ भने सामग्रीको प्रस्तुतीकरणमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : बर्दिया जिल्लाको परिचय

तेस्रो परिच्छेद : नेपाली आख्यानको विकास एवं बर्दिया जिल्लाको आख्यान सिर्जनाको पृष्ठभूमि र परम्परा

चौथो परिच्छेद : बर्दिया जिल्लाका आख्यानकारहरू र तिनका आख्यान कृतिको अध्ययन

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षक र उप-उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । अन्त्यमा सन्दर्भमा सन्दर्भ ग्रन्थ सूचीमा प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएको पुस्तक, शोधपत्र र पत्र पत्रिका सूची वर्णानुक्रमका आधारमा राखिएको छ ।

# परिच्छेद : दुई

# बर्दिया जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ परिचय

बर्दिया जिल्ला नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने तराईको जिल्ला हो । यस जिल्लाको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान एवं दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । भौगोलिक दृष्टिले समथर रहेको यो जिल्ला उत्तरको चुरिया शृङ्खलादेखि दक्षिणतर्फ फैलिएको सिवालिक क्षेत्रमा पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मि. अर्थात् २०२५०० हे. रहेको छ । यो जिल्ला ८१°३’ पूर्वदेखि ८१°४१’ पूर्वी देशान्तर र २८°७’ उत्तरदेखि २८°३९’ उत्तरी अक्षांशभित्र पर्दछ ।[१]

## २.२ नामकरण

बर्दिया जिल्लाको नामकरण सम्बन्धमा विभिन्न मतहरू प्रस्तुत गरिएका छन् । स्थाननाम कोशमा बर्दियाको व्युत्पत्ति यसरी गरिएको छ : बर्द+इया= बर्दिया । स्थानीय थारू भाषामा गोरूलाई ‘बर्द’ भनिन्छ । यसैका आधारमा यस जिल्लाको नाम बर्दिया रहन गएको हो ।[२] योगी नरहरिनाथले वैयाकरण वरदराज आचार्यको जन्मभूमि भएकाले ‘बर्दिया’ नाम रहन गएको बताएका छन् ।[३] श्री ५ सुरेन्द्रबाट जङ्ग बहादुरका ६ भाइलाई विना कर बिर्ता बकस वा ‘वर’ प्रदान गरिएकाले सोही ‘वरद’ मा ‘इया’ प्रत्यय लागेर बर्दिया भएको पनि हुन सक्छ ।[४] बबई क्याम्पसका पूर्व प्रमुख प्रेम कुमार आचार्यका अनुसार दाङको थारू भाषामा गाई चराउने व्यक्तिलाई ‘बर्दिया’ भनिन्छ । गाई चराउने ग्वालाहरू दाङबाट बबई नदीले देखाएको बाटो हुँदै यस अनकन्टार भूमिमा आइपुगे । धर्तीपुत्रले गाई लिएर आएको हुनाले यस क्षेत्रलाई ‘बर्दिया’

---

१. पार्वती पण्डित,‘नेपालको मानचित्रमा बर्दिया’, **बर्दियामा सञ्चार**(बर्दिया : स्थानीय समन्वय समिति बर्दिया जि.हु.का. गुलरीया, २०६७), पृ. ३ ।
२. कृष्ण प्रसाद श्रेष्ठ,(सम्पा.) **स्थाननाम कोश** (काठमाडौं : ने.रा.प्र.प्र:, २०४४), पृ.९६ ।
३. मधुसूदन गिरी, ‘भेरीका कविता पृष्ठभूमि र परम्परा’, **मध्य पश्चिमका कविता** (काठमाडौं : मसाप, २०५३), पृ.५९ ।
४. ऐजन, पृ.५९ ।

नाम दिइयो ।[५] कसै-कसैका मतमा यस जिल्लाको नामकरण यसै जिल्लासँग जोडिएको भारतमा पर्ने 'आमा बर्दिया'को आधारमा राखिएको हुनुपर्छ भन्ने पनि छ ।[६]

उपर्युक्त भनाइहरूलाई केलाउँदा र बर्दिया जिल्लाको सामाजिक परिवेशलाई अध्ययन गर्दा स्थानीय शब्द 'बर्द' मा 'इया' प्रत्यय लागेर बर्दिया भएको हो भन्ने मत बढी तर्कसङ्गत देखिन्छ किनभने 'बर्द' (गोरू) कृषिसँग सम्बन्धित शब्द हो । कृषिका क्षेत्रमा अग्रस्थानमा रहेको यस जिल्लाको नाम 'बर्द' बाटै बर्दिया भएको हो भन्ने कुरा बढी सान्दर्भिक छ ।

## २.३. प्राकृतिक एवं भौगोलिक स्वरूप

पूर्वमा बाँके जिल्लाको मानखोलाले, पश्चिममा कर्णाली नदीले, उत्तरमा चुरे पहाडको शृङ्खलाले र दक्षिणमा भारतको संरक्षित जङ्गलले छुट्याएको यस बर्दिया जिल्लाको अधिकांश भाग समथर छ । यस जिल्लालाई भौगोलिक बनावटका दृष्टिले दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ- चुरे पहाड र तराई प्रदेश । बर्दिया जिल्लाको उत्तर भागमा चुरे पहाडको शृङ्खला रहेको छ । यसै पहाडी शृङ्खलालाई छिचोलेर कर्णाली र बबई नदी दक्षिणतर्फ बगेका छन् । पूर्वतिर पर्ने शृङ्खलामा १०६३ मिटर सम्म अग्ला डाँडा पाइन्छन् । उत्तर-पश्चिमतिर रहेको चुरे पहाडी शृङ्खलाको उचाइ करिब १४५७ मिटरसम्म छ ।[७] यस क्षेत्रको विशेष दर्शनीय स्थलका रूपमा बर्दिया राष्ट्रिय निकुञ्ज र चिसापानी स्थित कर्णाली नदीको पुल हुन् ।

बर्दिया जिल्लाको तराई प्रदेश पनि 'भावर प्रदेश' र 'तराइ मैदान' गरी दुई भागमा वर्गीकृत छ । चुरे डाँडाको दक्षिणतिर रहेको करिब समुन्द्री सतहबाट १५२ मिटरदेखि ३०५ मिटरसम्मको बलौटे भूभागलाई भावर प्रदेश भनिन्छ । यस भागमा रहेको घना जङ्गललाई चारकोशे झाडी पनि भनिन्छ । यहाँको वनलाई राष्ट्रिय निकुञ्ज घोषणा गरी यसको संरक्षण

---

५. गणेश पोखरेल र राकेश बस्याल, 'बर्दिया जिल्लाको नामकरण' **नयाँ मुलुकमा प्रजातान्त्रिक आन्दोलन** (बर्दिया : ईश्वरी प्रसाद बस्याल, २०५१), पृ.८ ।

६. ऐजन, पृ.८ ।

७. गुणनिधि आचार्य, '**नेपाली साहित्यमा बर्दिया जिल्लाको योगदान**,' (अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.२०५८), पृ.१८ ।

गरिएको छ ।[८] उचाइ र स्वरूपको आधारबाट हेर्दा १५२ मिटरभन्दा तलको पाँगो माटोको सतह भएको भूभागलाई तराई-मैदान भनिन्छ । यहाँ प्रशस्त खेतीपाती गरिन्छ । तराई प्रदेशका विशेष दर्शनीय स्थलहरूमा बर्दिया राष्ट्रिय निकुञ्ज (हात्तीसार, टाइगर टप) बढैया ताल, ठाकुरबाबा मन्दिर (ठाकुरद्वारा गा.वि.स.) आदि पर्दछन् । बर्दिया जिल्लाको औसत उचाइ समुद्री सतहबाट १३८ मिटरदेखि १२७९ मिटरसम्म रहेको छ । यस जिल्लाको सबैभन्दा अग्लो स्थानमा १२७९ मिटर उचाइ भएको बेलवा गा.वि.स.को चेपांग गाउँ पर्छ भने सबैभन्दा होचो स्थानमा १३८ मिटर उचाइ रहेको गुलरिया न.पा. पर्दछ ।[९] यस जिल्लाको औसत तापक्रम अधिकतम ४२.२०° सेल्सियस र न्युनतम ७.९° सेल्सियससम्म रहेको छ भने औसत वर्षा १११८ मि.ली. रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २,०२५०० हेक्टर (२०२५ वर्ग कि.मी.) रहेको छ ।[१०] यस जिल्लामा पाइने वन पैदावरहरूमा डुम्री, खयर, हर्रो, बर्रो, अमला, सतिसाल, जामुन, पीतमारी, सिँदुरे, सिमल, साल, साज, सिसौ, दबदबे, खन्यु आदि हुन् । यहाँ आँप, केरा, नासपती, लिची, कटहर, अम्बा, कागती, भोगटे, अमिलो आदि फलफुल हात्ती, नीलगाई, चित्तल, मृग, बँदेल, कृष्णसार लगायतका वन्यजन्तुहरू पाइन्छन् । वनसम्पदामा यस जिल्लालाई धनी नै मान्नुपर्छ ।

यस जिल्लामा ४ वटा निर्वाचन क्षेत्र, १३ वटा इलाका, ३१ वटा गा.वि.स. र १ वटा नगरपालिका छन् । यस जिल्लाको सदरमुकाम गुलरिया हो । वि.सं. २०६८ को जनगणना अनुसार महिला २,२१,४९६ र पुरूष २,०५,०८० गरी कुल ४,२६,५७६ जनसङ्ख्या रहेको छ । यस जिल्लाको घरधुरी सङ्ख्या ८३,१७६ औसत घरपरिवारको आकार छ । ५.१३ एवं जनसङ्ख्या वृद्धिदर २.७६ रहेको छ ।[११]

## २.४ ऐतिहासिकता

'नयाँ मुलुक'का अरू जिल्लाजस्तै बर्दिया जिल्लाको इतिहास पनि त्यति स्पष्ट छैन । पृथ्वीनारायण शाहको बृहद् नेपाल निर्माण गर्ने एकीकरण अभियानको सिलसिलामा रणबहादुरको समयमा बहादुर शाहले नायबी चलाइरहेका बेला अमरसिंह थापाको नेतृत्वमा नेपाली फौज

---

८. ऐजन,पृ.१८ ।
९. पार्वती पण्डित, 'नेपालको मानचित्रमा बर्दिया' ,पूर्ववत्, पृ. ३ ।
१०. ऐजन, पृ. ३ ।
११. ऐजन, पृ. १-२ ।

पश्चिम आक्रमण गर्न गएको थियो । यसै फौजले सुर्खेतमा दैलेख राज्यलाई पराजित गरेको थियो ।[१२] यसरी सन् १७९० सालमा नेपालको सीमाना महाकाली नदीसम्म पुगेको तथ्यका आधारमा सो समयमा बर्दिया जिल्ला नेपाल अधिराज्यभित्र सम्मिलित भएको अनुमान गर्न सकिन्छ ।

कर्णाली प्रदेशका बाइसी राजाहरूमा जुम्लाका राजा सबैभन्दा शक्तिशाली थिए । यसै जुम्ला राज्यबाट 'दुल्लु' र 'दैलेख' राज्य छुट्टिएका थिए । गोरखाली फौजले दैलेख राज्यलाई पराजित गरिसकेपछि यस राज्यको दक्षिण भागमा रहेको अवध राज्यसँग युद्ध गर्न नपरेको र सुगौली सन्धि हुने बेलासम्म अरू कुनै ऐतिहासिक महत्त्वको घटना नघटेकाले यो जिल्ला दैलेख राज्यकै मातहतमा भएको देखिन्छ ।[१३] सन् १८१५ डिसेम्बर २ तारिखका दिन नेपाल र अङ्ग्रेजका बीच भएको सुगौली सन्धिअनुसार नेपालले भारतको इष्ट इन्डिया कम्पनीलाई महाकाली र राप्ती नदी बीचको तराई भूभाग सुम्पेको थियो र यसरी करिब २५ बर्षसम्म आफ्नो अधीनमा राखेको यो जिल्ला नेपालले अङ्ग्रेजलाई सुम्पिएको हो । यसपछिका घटनाक्रम अनुसार नेपाल-अङ्ग्रेज युद्धका बेला लखनउका नबाब बजिरले अङ्ग्रेजलाई आर्थिक सहयोग गरेका थिए ।

त्यसैको ऋण चुकाउन अङ्ग्रेजले महाकाली नदीदेखि राप्ती नदीसम्मको तराईको भूभाग लखनउका नबाब बजिरलाई उपहार दिएका थिए ।[१४] यसरी यो क्षेत्र करिब ४० बर्षसम्म यही अवस्थामा रह्यो । लर्ड डलहौजीले अवध राज्यलाई अङ्ग्रेज सरकारको राज्यमा गाभेपछि यो जिल्ला अङ्ग्रेज सरकारको अधीनमा केही वर्ष रह्यो ।[१५] अङ्ग्रेज सरकारको अधीनमा बर्दिया जिल्ला रहेको ४५ वर्षको अवधिमा नेपालको इतिहासमा धेरै महत्त्पूर्ण घटना घटे । जङ्गबहादुरको उदय भयो । यिनले नेपाल र अङ्ग्रेजको सम्बन्धलाई मित्रताका आधारमा नयाँ दिशातिर बढाउने प्रयत्न गरे । हिन्दुस्तानमा अङ्ग्रेजविरूद्ध ठूलो सैनिक विद्रोह भयो जुन इतिहासमा इ.सं. १८५७ को 'गदर' को नामले प्रसिद्ध छ ।

---

१२. श्री ५को सरकार, **मेचीदेखि महाकाली भाग ४**, (काठमाडौं : श्री ५को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१), पृ.७०१ ।

१३. ऐजन ।

१४. श्री ५को सरकार, पूर्ववत्, पृ. ७०८ ।

१५. श्री ५को सरकार, पूर्ववत्, पृ. ७०९ ।

सो घटना घट्दा इस्ट इन्डिया कम्पनी सरकारलाई मद्दत गरेबापत सुगौली सन्धिअनुसार कम्पनी सरकारले नेपालसित खोसेर लखनउका नबाब बजिरलाई दिएको महाकाली नदीदेखि राप्ती नदीसम्मको तराई भूभाग पुनः नेपाललाई फर्काइ दिने सुझाउ दिए । यसको केही दिन पछि नै १ नोभेम्बर इ.सं. १८६० मा नेपाल र अङ्ग्रेजबीच एक नयाँ सन्धि भयो जसद्वारा अङ्ग्रेज सरकारले उक्त तराई भूभाग पुनः नेपाललाई फिर्ता दियो । यो जिल्ला पुनः नेपाल अधिराज्यमा सम्मिलित हुन आयो । यसै कारण यो जिल्लासहित यस तराई भागमा पर्ने अरू जिल्लाहरूलाई पनि 'नयाँ मुलुक' भनिन्छ । वि.सं.१९१७ मा यो भाग श्री ५ सुरेन्द्रबाट लालमोहर बनाई जङ्गबहादुरलाई बिर्तामा प्रदान गरियो ।

बर्दिया जिल्लामा मानिसहरूको बसोबास भएको धेरै समय भएको छैन । चारकोसे झाडी र औलोको भयले यस जिल्लाको माटो मलिलो र धेरै ठाउँमा सिँचाइको सम्भावना भए पनि मानिसहरू सुरूमा यतातिर आकर्षित भएका थिएनन् । करिब १ शताब्दीदेखि मात्र थारू जातिका मानिसहरूले यहाँको जङ्गल फाँड्दै बस्ती बसालेको अड्कल गरिन्छ ।[१६] राजनैतिक, ऐतिहासिक, प्राकृतिक एवं कृषि उब्जाउका दृष्टिले यो जिल्ला महत्त्पूर्ण मानिन्छ ।

## २.५ प्रमुख स्थानहरू

एकमात्र गुलरिया नगरपालिका र ३१ वटा गा.वि.स रहेको बर्दिया जिल्लाको सदरमुकाम गुलरिया हो । गुलरिया यस जिल्लाको दक्षिणमा पर्ने महत्त्वपूर्ण नगर हो । नेपाली, अवधी र थारू भाषीको बसोबास रहेको गुलरियामा हिन्दू, इस्लाम र क्रिस्चियन धर्मावलम्बीहरू छन् । गुलरियामा जिल्लास्तरका प्रशासनिक कार्यालय, बबई बहुमुखी क्याम्पस, कृष्णसार सामुदायिक एफ.एम., जिल्ला अस्पताल र बगलामुखी माताको प्रसिद्ध मन्दिर आदि छन् ।

गुलरिया नगरपालिका वार्ड नं. २ खैरापुर विश्वकै दुर्लभ मानिने जनावर कृष्णसारको संरक्षित क्षेत्रका दृष्टिले प्रसिद्ध छ । गुलरिया न.पा.बाट पूर्वी सिमानामा सोरहवा र मैनापोखर

१६. गणेश पोखरेल र राकेश बस्याल, 'बर्दियाको कमैया आन्दोलन' **राप्ती पश्चिमको प्रजातान्त्रिक आन्दोलन**, (गुलरिया : सुभाष पोखरेल, बर्दिया, २०५५), पृ.७३ ।

गा.वि.स. पर्दछन् । यहाँको प्रमुख आकर्षण 'बढैया ताल' हो । ७० हे. क्षेत्रफलमा फैलिएको यो तालमा मौसमअनुसार विभिन्न देशबाट चराहरू आउने गर्दछन् ।[१७]

जिल्ला सदरमुकाम गुलरियाबाट उत्तरी सीमानाका गा.वि.स.सँग बर्दिया राष्ट्रिय निकुञ्ज जोडिएको छ । ९६५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस निकुञ्जमा प्रसिद्ध पाटेबाघ, गैँडा, हात्ती, बँदेल लगायत वन्यजन्तु पाइन्छन् ।

थारू सङ्ग्रहालय, आगन्तुक सूचना केन्द्र, हात्तीसार रहेको यस क्षेत्रमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र प्रकृति संरक्षण कोष जस्ता कार्यालय क्रियाशील छन् ।[१८] जिल्लाको पश्चिमी सीमानामा नेपालकै लामो नदी कर्णाली पर्दछ । यो नदी हुम्ला कर्णाली, मुगु कर्णाली, सिजार खोला आदि मिसिएर सुर्खेत जिल्ला हुँदै बर्दियाको पश्चिम भागबाट बगेको छ ।[१९] महेन्द्र राजमार्ग अन्तर्गत कर्णाली नदीमा बनेको एसियाकै दोस्रो Single Pillar System मा आधारित कर्णाली पुल यहाँको आकर्षण हो ।

जिल्लाको पश्चिम-दक्षिण क्षेत्रमा बर्दिया राष्ट्रिय निकुञ्जको काखैमा ठाकुरद्वारा गा.वि.स. पर्दछ । यहाँ प्रसिद्ध ठाकुर बाबाको मन्दिर, हात्तीसार, टाइगर टप र निकुञ्जको प्रमुख कार्यालय रहेका छन् ।[२०] यो क्षेत्र पर्यटकीय दृष्टिले महत्त्पूर्ण छ । ठाकुर बाबाको मन्दिरमा मकरसंक्रान्तिका दिन 'माघी मेला' लाग्ने गर्दछ ।

## २.६ जनसख्या, जाति, भाषा, धर्म

वि.सं. २०६८ को जनगणनाअनुसार यस जिल्लामा २,०५,०८० पुरूष २,२१,४९६ महिला गरी जम्मा ४,२६,५७६ जनसंख्या छ । जनसंख्या वृद्धिदर २.७६ प्रतिशत छ ।[२१] यस जिल्लामा बढी मात्रामा थारू जातिको बसोबास छ । यसका अतिरिक्त ब्राह्मण, क्षेत्री, यादव, मधेसी, मुसलमानहरू बसोबास गर्दछन् ।

---

१७. पार्वती पण्डित **नेपालको मानचित्रमा बर्दिया** पूर्ववत्, पृ.४ ।

१८. ऐजन, पृ.५ ।

१९. ऐजन ।

२० ऐजन ।

२१.स्थानीय समन्वय समिति, 'जिल्लाको जनसाङ्ख्यिक विवरण, **बर्दियामा सञ्चार,** ( बर्दिया जि.हु.का. गुलरिया २०६७), पृ. १ ।

तराई मूलका बासिन्दा जिल्लाको दक्षिणी भागमा बस्दछन् भने पहाडी मूलका बासिन्दाहरू जिल्लाको उत्तरी भागमा बस्दछन् । तीमध्ये बाहुन, क्षेत्री, मगर, गुरूङ, दमाई, सार्की, कामी, आदि जाति पर्दछन् ।

जातिगत विविधताका कारण यस जिल्लामा भाषिक विविधता पाइन्छ । यहाँको कुल जनसख्याको आधारमा नेपाली भाषाभाषीको सङ्ख्या १,०६७११, अवधी भाषीको सङ्ख्या १५,४१५, हिन्दी भाषाभाषीको सङ्ख्या १०,५६४, थारू भाषाभाषीको सङख्या १,४९,८६५ र उर्दू भाषाभाषीको सङ्ख्या १७४७ रहेको छ ।[२२]

धार्मिक दृष्टिले पनि यस जिल्लामा विविधता पाइन्छ । यस जिल्लामा हिन्दू धर्मालम्बी ४,०१,७०२, बौद्ध धर्मावलम्बी ४,२९९, इस्लाम धर्मावलम्बी ११,०८४, क्रिस्चियन धर्मावलम्बी ९,२४१ रहेका छन् ।[२३] यस बाहेक बहायी, प्रकृतिपूजक, किरात आदि धर्मावलम्बीहरू पनि केही संख्यामा रहेका छन् ।

## २.७ सामाजिक, सांस्कृतिक एवं आर्थिक जनजीवन

बर्दिया जिल्लाको जनजीवनमा विभिन्न जाति, भाषा र धर्मको प्रभाव परेको पाइन्छ । सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले यस जिल्लामा विविधता पाइन्छ । आदिवासी थारू जातिको मौलिक संस्कृतिका साथै भारतसँग सीमाना जोडिएकाले भारतीय संस्कृति, पश्चिमाञ्चल र मध्य पश्चिमान्चल विकासक्षेत्रका पहाडी जिल्लाबाट बसाइ सरेर आउने पहाडी मूलका मान्छेसँगै उनीहरूको आ-आफ्नो जातिगत संस्कृति भित्रिएको पाइन्छ । बर्दिया जिल्लामा विभिन्न जातजातिका मानिसहरूको बसोबास छ तापनि यस जिल्लाका बहुसङ्ख्यक बासिन्दा थारू जाति नै हुन् ।

यस जिल्लामा दगोडिया, कठरिया र ढकेर गरी ३ जातिका थारूहरूको बसोबास छ ।[२४] भारततिरबाट आएका मधिशे मूलका बासिन्दाहरूको पनि आफ्नै किसिमको सांस्कृतिक मूल्य मान्यता रहेको छ । यहाँका जातिमा आफ्नो रीति रिवाज, मान्यताअनुसार सांस्कृतिक भिन्नता पाइन्छ ।

२२. ऐजन, पृ.२ ।
२३. ऐजन ।
२४. श्री ५को सरकार, पूर्ववत्, पृ. ७१५ ।

चाडवाडको सन्दर्भमा हिन्दूहरूले दसैं, तिहार, तीज, रामनवमी, चैतेदसैं, होली, रक्षाबन्धन, कृष्णाष्टमी, एकादशी, माघेसङ्क्रान्ति आदि चाड मनाउँछन् । थारू जातिका मानिसहरू, कृष्णाष्टमी, होली, माघी (माघेसङ्क्रान्ति), अतवारी, अनत्तर, आदि पर्व मनाउँछन् । यहाँका मुसलमानहरू मुहर्रम, इद र रमजान पर्व मनाउँछन् । त्यसैगरी क्रिस्चियनहरू क्रिसमस डेको उत्सव  मनाउँछन् ।

यहाँका थारू जातिको जनजीवन आफ्नै किसिमको छ । उनीहरू विवाहलाई 'भोज गर्ने' भन्दछन् ।[२५] विवाहका विभिन्न प्रथाहरू यहाँ प्रचलित छन् । थारू जातिमा मृत्युसंस्कार पछि १० दिनमा चोखिने चलन छ ।

चोखिने अघिल्लो दिन १ दिन मात्र नुन छोड्ने चलन यस जातिमा रहेको छ । पितृहरूको सम्झनामा दसैँका दिन विभिन्न पक्वान्न प्रदान गर्दछन् । यस्तो कार्यलाई उनीहरू 'पित्तर छोड्ने' भन्दछन् ।[२६] यस जिल्लामा धामी झाँक्री प्रथा नभए पनि पूरै निर्मूल भएको छैन । यसका अतिरिक्त अन्य पहाडी मूलका जातिहरूमा श्राद्ध, व्रतबन्ध, सत्यनारायण कथा, रूद्री, दुर्गापाठ आदि धार्मिक यज्ञविधान आर्य संस्कृतिअनुसार नै गरिन्छ ।

नेपाल अधिराज्यका अन्य जिल्ला सरह यस जिल्लाको पनि मुख्य आर्थिक आधार कृषि हो । कृषिको पूरक व्यवसायका रूपमा माछापालन, पशुपालन, दुग्ध व्यवसाय, सरकारी नौकरी, व्यापार आदि आर्थिक स्रोतका रूपमा रहेका छन् । सहर र सहरोन्मुख इलाकाहरूमा व्यापारले स्थान लिएको पाइन्छ । यस जिल्लामा अतिनिम्न जीवनस्तर र अशिक्षाका कारण कतिपय जनतालाई हातमुख जोर्न पनि धौ-धौ परेको छ ।

यसरी यस जिल्लाको जाति, धर्म सम्प्रदाय अनुसार सामाजिक, सांस्कृतिक एंव आर्थिक विविधता पाइन्छ । विभिन्न जाति र धर्मअनुसार आफ्नै किसिमको मौलिक संस्कृति पाइन्छ । कृषि प्रमुख पेशा रहेको यस जिल्लाका बासिन्दाले पशुपालन, माछापालन, व्यापार, वैदेशिक रोजगार र सरकारी नोकरी आदि पेशालाई आर्थिक स्रोत बनाएका छन् ।

---

२५. ऐजन ।

२६. स्थानीय थारू जातिका व्यक्तिसँगको सम्पर्कबाट शोधार्थीले प्राप्त गरेको जानकारीअनुसार ।

## २.८ शिक्षा, सञ्चार

नेपालको शैक्षिक स्तरलाई हेर्दा बर्दिया जिल्ला शैक्षिक विकासका हिसाबले पछि परेको छ । हाल यस जिल्लामा शैक्षिक संस्थाहरू खुल्ने लहर बढे पनि जनताको जीवनस्तर कमजोर भएकाले शिक्षामा सबैको पहुँच बढ्न सकेको छैन । जिल्लाकै जेठो शैक्षिक संस्थाको रूपमा मकदे मा.वि गुलरिया वि.सं २०१७ देखि सञ्चालनमा आएको  हो ।[२७] यस जिल्लाको उच्च शिक्षा प्रदान गर्ने पहिलो कलेज बबई बहुमुखी क्याम्पस २०४४ सालमा स्थापना भएको हो । हाल यस जिल्लामा सरकारी क्याम्पस एउटा पनि छैन । पब्लिक क्याम्पस १० वटा, उच्च मा.वि ३५, मा.वि ४९, नि.मा.वि ७३, प्रा.वि २०८ र बाल विकास ६१५ छन् ।[२८]

बर्दिया जिल्लामा सूचना र सञ्चारको विकास भरखर मात्र हुन थालेको हो । अहिले यस जिल्लामा एउटा जिल्ला हुलाक कार्यालयको मातहतमा ९ वटा इलाका तथा २३ वटा अतिरिक्त गरी जम्मा ३३ वटा  हुलाकहरू रहेका छन् ।[२९]

बर्दिया जिल्लामा हाम्रो फूलबारी एफ.एम. प्रा.लि. (२०६४), गुर्वावा एफ.एम. (२०६५) र सामुदायिक रेडियो बबई (२०६७) जस्ता विद्युतीय सञ्चार माध्यम रहेका छन् ।[३०] यस जिल्लामा **समावेशी सन्देश, बबई साप्ताहिक, बबई समाचारपत्र, कृष्णसार साप्ताहिक, बर्दिया न्युज एक्सप्रेस** गरी ५वटा साप्ताहिक र **बर्दिया टाइम्स र हाम्रो भावना** गरी २ वटा दैनिक छापा सञ्चार माध्यम सञ्चालनमा रहेका छन् ।[३१]

यस जिल्लामा नेपाल टेलिकमको टेलिफोन लाइन, सी.डी.एम.ए फोन, नमस्ते, एन.सेल र हेलो मोबाइलले सञ्चार सेवा पुऱ्याइरहेका छन् ।

---

२७. महाकवि लक्ष्मी प्रसाद देवकोटा मा.वि. स्रोतले दिएको जानकारीअनुसार ।

२८. जिल्ला शिक्षा कार्यालय बर्दियाले २०६९ मा दिएको जानकारी अनुसार

२९. रामराज गौतम, 'नेपाल हुलाक : विगत, वर्तमान र भावी कार्यदिशा', **बर्दियामा सञ्चार,** (गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, २०६७), पृ. १४ ।

३०. मेघमान श्रेष्ठ, 'सार्वजनिक हित नै रेडियो', **बर्दियामा सञ्चार,** (गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, २०६७),  पृ. ६-१२ ।

३१. यज्ञ नेपाल, 'बर्दिया जिल्लामा सञ्चारको विकास', **बर्दियामा सञ्चार,** (गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, २०६७), पृ. ४६-४७ ।

## २.९ निष्कर्ष

नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने बर्दिया जिल्ला ऐतिहासिक, प्राकृतिक र कृषि उब्जाउका दृष्टिले महत्त्वपूर्ण छ । यस जिल्लालाई 'नयाँ मुलुक' पनि भनिन्छ । यस जिल्लामा १ वटा नगरपालिका र ३१ वटा गा.वि.स. छन् । बर्दिया जिल्लाको नामकरण बर्द+इया बाट भएको हो । बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली पुल, कृष्णसार संरक्षित क्षेत्र, बढैया ताल, ठाकुरद्वारा मन्दिर आदिका कारण यो जिल्ला चर्चित छ । बर्दिया जिल्लाको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत, सल्यान र दक्षिणमा भारतको उत्तरप्रदेश पर्दछ । यस जिल्लामा जाति, धर्म र भाषागत विविधता भएकाले सामाजिक जनजीवनमा पनि विविधता छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता र कृषिको उर्वरताको दृष्टिले यो जिल्ला महत्त्वपूर्ण मानिन्छ ।

# परिच्छेद : तिन

# नेपाली आख्यानको विकास एवम् बर्दिया जिल्लाको आख्यान सिर्जनाको पृष्ठभूमि र परम्परा

नेपाली साहित्यका अन्य विधा जस्तै आख्यान विधा पनि सर्वव्यापक र प्रतिष्ठित विधा हो । यसको उद्भव र अर्थका सम्बन्धमा यथार्थ तथ्य केलाइ सकिएको छ । त्यसैमा आधारित भएर नेपाली आख्यानको विकास बारे यहाँ विवेचना गरिएको छ । त्यस्तै बर्दिया जिल्लाको आख्यानको अध्ययन आवश्यक भएकाले यस जिल्लाको आख्यानको पृष्ठभूमि, प्रारम्भ र परम्परा सम्बन्धी अध्ययन पनि यहाँ  गरिएको छ ।

## ३.१ नेपाली आख्यानको पृष्ठभूमि र विकास

नेपाली आख्यान विधाको आरम्भ शक्तिवल्लभ अर्ज्यालले गरेका हुन् भन्ने विषयमा सबैको एकमत छ । नेपाली आख्यान लेखनको प्रभावबारे जानकारी प्राप्त गर्न नेपाली आख्यानको विकास प्रक्रिया र नेपाली आख्यानको पृष्ठभूमि केलाउनु पर्ने हुन्छ । पश्चिमले आख्यानको पहिलो स्वाद पुर्वेली आख्यानमा पाएको हो तर पूर्वले विधागत रूपमा आख्यान पश्चिमबाट पाएको छ ।[१]

आख्यान भन्ने चलन जतिसुकै पुरानो भए पनि र आख्यान उपाख्यानहरू जति लेखिए पनि यसको साहित्यिक र विधागत जन्म उन्नाइसौं शताब्दीमा भएको हो र त्यतिखेर जुन ढाँचामा यो देखा परेको छ त्यही रूपमा संसारभरि फिँजिन पुगेको छ ।[२] नेपाली आख्यानको पृष्ठभूमिसँग पनि यसको सरोकार रहेको छ ।

---

१. मोहन राज शर्मा, (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. २३६ ।

२. ऐजन, पृ. २३६ ।

### ३.१.१ पृष्ठभूमि

नेपाली आख्यानको विकास क्रमलाई पूर्वीय पृष्ठभूमि पाश्चात्य पृष्ठभूमि र नेपाली पृष्ठभूमिमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

#### ३.१.१.१ **पूर्वीय पृष्ठभूमि**

प्राचीन संस्कृत वाङ्मयको इतिहासमा आजसम्म सुरक्षित आख्यानको बीजतत्त्व बोकेको भाषा वैदिक संस्कृत भाषा हो । यसै भाषामा सुरक्षित छ- आर्यहरूको आदिग्रन्थ ऋग्वेद । विक्रमको लगभग पच्चीस सय वर्षपूर्व ऋग्वेदमा पाइने **यमयमी** को कथा, **पुरुरवा उर्वशी** को कथा र **रंभापणिगण** कथा**, माधवी** र **गालव** को कथा विकीर्ण आख्यान प्रसङ्गमा निहित भए पनि पूर्वीय आख्यान साहित्यका निम्ति यिनी सामग्रीहरू प्रारम्भिक उदाहरण हुन् । वैदिक ग्रन्थका आख्यानतन्तुको व्याख्या गर्ने क्रममा जन्मेको ब्रह्मव्याख्याको कथा, वैदिक देव र असुरहरूका सङ्ग्रामको कथा, वाक् र मनको कथा, यक्ष र धर्ममुष्टिको कथा ब्राह्मण ग्रन्थका आख्यान शृङ्खला छन् ।[३]

पूर्वीय साहित्यमा आख्यान साहित्यको सबल शृङ्खला वाल्मीकि र व्यासको सक्रियताबाट मात्र आरम्भ भयो । इसाको दुई तिन सय वर्ष पूर्वतिर लेखिएका **रामायण** र **महाभारत** आख्यानका उपजीव्य ग्रन्थ भएर स्थापित भए । बुद्धको बौद्धत्व स्थापना भएपछि सिर्जना भएको बौद्ध साहित्य अवदान तथा जातक कथाहरू, जैनसाहित्यका कथाहरू पनि **रामायण** र **महाभारत**बाट प्रभावित परम्पराका उत्तरवर्ती उपलब्धिहरू हुन् । विक्रमको पाँचौं शताब्दीमा विकसित भइसकेको आख्यान छैटौं शताब्दीमा पिशाच प्राकृत भाषामा लेखिएको **बृहद्कथा** (बड्दकहा), सातौं शताब्दीमा लेखिएका दण्डीका **हर्षचरित** र **दशकुमारचरित** अनि **अवन्ती सुन्दरी** र वाणभट्टको **कादम्बरी** समेत आख्यानात्मक तत्त्वलाई गद्यकाव्यको स्तरमा स्थापित गर्ने काव्यिक मूल्य हुन् । दसौं शताब्दीको अन्ततिर लेखिएको सोमदत्त सूरिको **यशस्तिलक** र **धनपालको वेताल पञ्चनिंशतिका, शालिवाहनकथा, अर्यार्णव** र **सिंहासन हात्रिंशतिका** जस्ता आख्यानग्रन्थहरू देखा परे । एघारौं शताब्दीमा **बृहत्कथा** समेत देखा पर्न आए । पन्धौं शताब्दीतिर आएर जिनकीर्तिको **चम्पक श्रेष्ठी कथानक**, बल्लाल सेनको **भोज**

३. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली कथा,** (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ४ ।

**प्रबन्ध** पनि महत्त्वपूर्ण कृति मानिन्छन् ।[४] यस समयमा उपलब्धिपूर्ण सामग्रीहरू संस्कृत भाषामा उपलब्ध हुने चलन थियो । यसपछिको समयमा आधुनिक आर्यभाषामा साहित्य निर्माण आरम्भ भएकाले नेपाली कथाको उद्‌भव र विकाससँग पनि यो शृङ्खला जोडिन आउने हुँदा मूल प्रसङ्गलाई यहाँबाट अवतरण गर्नु अपेक्षित ठहर्दछ ।

३.१.१.२ **पाश्चात्य पृष्ठभूमि**

पाश्चात्य वाङ्मय क्राइस्टको पच्चिस सय वर्षभन्दा पनि पूर्व विकसित मिश्रको सभ्यतालाई अस्तित्ववान् तुल्याउने **जादुगरको कथा** यहुदीहरूको आचार ग्रन्थ **ओल्ड टेस्टामेन्ट** र क्रिस्तानहरूको धार्मिक ग्रन्थ **न्यु टेस्टामेन्ट** (बाइबल) आख्यानका दृष्टिले प्रारम्भिक चरणका कृतिहरू हुन् । इसाको हजार वर्ष पूर्वतिर आएका होमरका **इलियड** र **ओडेसी** जस्ता ग्रन्थ आख्यानका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । इसापूर्व तेस्रो र चौथो शताब्दीतिर सुकरात, प्लेटो र अरस्तुका संवाद, सूक्ति र उपदेशहरू विचार र टिप्पणीका आख्यान तन्तुहरू पनि यस दिशाका प्रारम्भिक उदाहरणहरू हुन् । इसाको आरम्भपछिका शतकका सामग्रीहरूमा भर्जिलको **एनिड** आख्यान प्रबन्ध, दाँतेको **डिभाइन कमेडिया**, बोकासियोको **डेकामेराँ** जस्ता आख्यानहरू उल्लेखनीय ग्रन्थहरू हुन् । एसियाका पश्चिमी मुलुकहरूमा प्रचलित इस्लाम मतका अनुयायीहरूमाझ प्रचलित धर्मग्रन्थ र आख्यान ग्रन्थहरूमा प्रचलित आख्यानहरू पनि पश्चिमी कथा धरातलमा अडेका छन् । त्यस्ता आख्यानमा **युसुफ र जुलेला, एकाधिक सहकारजनी, सिरी फरहाद, लैलामजू', गुलसनओवर, गुलबकावली, 'हातिमताई, चहारदश्वेद, गुलिस्ताँ बोस्ता र आलिफलैला** जस्ता कथा आख्यान साहित्यका पूर्वग्रन्थहरू हुन् र आधुनिक कथाका पृष्ठभागमा निहित प्रेरक सामग्री हुन् ।[५]

युरोपीय मुलुकहरूमा पनि आख्यानको भण्डार प्रशस्त मौलाएको छ । जर्मनीमा प्रचलित पुराकथा **ल्यो उल्फ** बेलायतको आख्यानग्रन्थ चौसरको **क्यान्टरबरी टेल्स** आदि आख्यान प्रसिद्ध छन् । युरोपमा आधुनिक युगसँगै सामाजिक विचार र आचरणमा परिवर्तन आयो । यसै बेला युरोपमा डेफो, फिल्डिङ, अस्टिन, व्रेतो, डिकेन्स, बाल्जाक, वाल्टर स्कट, फ्लुवेर, जोला, ह्युगो,

४. ऐजन, पृ. ६ ।
५. ऐजन, पृ. ७ ।

तुर्गनेभ, टाल्सटाय जस्ता आख्यानकार देखा परे ।[६] यसै समयमा एकातिर डी.एच. लरेन्स, जेम्स ज्वायस, भर्जिनिया उल्फ, टाल्सटाय जस्ता यथार्थवादी र प्रगतिवादी आख्यानकारले कलम चलाए भने अर्कोतिर म्याक्सिम गोर्की, हेनरी वखुज, आवर्ड फास्ट, अस्टन विसोलयर, ज्याक लन्डन, निकोलाई अस्त्रोवस्की, लुइ आराङ्गो, माओ तुन, वा चीन, याङ्मो जस्ता समाजवादी आख्यानकारले आफ्ना आख्यानद्वारा मार्क्सवादको प्रचार–प्रसार गर्न तल्लीन भए । यसरी यथार्थवादलाई अङ्गीकार गर्दै फ्रान्स, रुस, चीन सबैतिर आख्यान विधाका रूपमा लोकप्रिय बन्न पुग्यो । नेपाली साहित्यमा आख्यान विधा भने बेलायतबाट सिधै भारतीय साहित्य हुँदै नेपालीमा प्रवेश गरेको हो भन्ने स्वतः स्पष्ट नै छ ।[७]

### ३.१.१.३ **नेपाली पृष्ठभूमि**

नेपाली आख्यानको पृष्ठभूमिको अध्ययन गर्नुपूर्व नेपाली भाषापट्टि नजर दिनु पर्ने हुन्छ । नेपाली भाषाको लेख्य रूप विक्रम वि.सं.को एघारौं-बाह्रौं शताब्दीतिरबाट सुरु भएको हो ।[८] नेपाली आख्यान साहित्यको पूर्वाधारका रूपमा नेपाली लोक जीवनमा पुस्तौंपुस्तादेखि प्रचलित **लोककथा, लोकगाथा, दन्त्यकथा, गाउँखाने कथा, कर्खा, भारत, चैत, चाँचरी, सोरठी, घाटु, नचरी, बालुन** जस्ता आख्यानयुक्त विभिन्न लोक साहित्यका विधा-उपविधाहरूमा कथात्मक तत्त्व रहि आएको पाइन्छ ।[९] नेपाली आख्यानलाई विधाको स्वरूपसम्म पुऱ्याउनुमा नेपाली भाषाका प्राचीनतम लेख-रचनाले पनि विशेष भूमिका खेलेको पाइन्छ । भास्वतीको नेपाली अनुवाद (१४००), **बाजपरीक्षा** (१७००) वाणीविलास, ज्योतिर्विदको **ज्वरोत्पति चिकित्सा** (१७७३), प्रेमनिधि पन्तको **प्रायश्चित प्रदीप** (१७००), दखादल शाहदेवको **औषधरसायन** (१८००) र विभिन्न अजीर्ण मञ्जरीहरू (गङ्गाविष्णु द्विजको (१८०९), **लीलाम्बर** को (१८२१) छन् ।[१०] यसै गरी **ताम्रपत्र, कनक पत्र, लाल मोहर र दानपत्र**, शिलालेख र अभिलेखहरूले पनि नेपाली

---

६. कृष्ण प्रसाद आचार्य र कृष्ण बहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास र कथा** (सैद्धान्तिक विश्लेषण), कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार, २०६२, पृ. ५ ।

७. ऐजन, पृ. ३ ।

८. ऐजन, पृ. ३८ ।

९. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, **नेपाली कथा र उपन्यासकार** (एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स), पृ. १३ ।

१०. कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. १९ ।

भाषालाई आधुनिकतातर्फ डोऱ्याएको पाइन्छ ।[११] लिखित रूपलाई हेर्दा नेपाली भाषाको पहिलो आख्यान कृति शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** (१८२७) देखिन आउँछ ।[१२]

अङ्ग्रेजीमा आजको कथा र उपन्यासलाई बुझाउने शब्द आख्यान (Fiction) ले चौधौँ शताब्दीभन्दा अगाडि सम्पूर्ण गद्यविधालाई बुझाउँथ्यो ।[१३] अङ्ग्रेजीमा पहिलेदेखि नै आख्यानहरू चर्चित थिए भने यहुदीहरूको धर्मग्रन्थ old testament का अनेक आख्यान पनि पढिन्थे । Fiction का आदिरूप यस्ता कथाहरू भए तापनि हिजोआज यसको अर्थ भने **बनाएको कथा** (A fiction is a made-up story) भएको छ ।[१४]

नेपाली साहित्यको प्राचीन काललाई नेपाली आख्यानको प्रारम्भ काल मानिएको छ । १८०१-१९३९ सम्म आइपुग्दा शक्तिवल्लभ अर्ज्याल, भानुदत्त, रामभद्र उपाध्याय, मुन्सी, हीनव्याकरणी विद्यापति, ललितत्रिपुर सुन्दरी, भवानीदत्त पाण्डे, सुन्दरानन्द बाँडा, पद्म शर्मा, शशिधर स्वामी आदिले नेपाली आख्यानलाई मलजल प्रदान गरे ।[१५] तत्कालीन राजनैतिक, सामाजिक र सांस्कृतिक प्रभाव एवम् अन्य साहित्यसँगको सम्पर्कका कारण नेपाली साहित्यमा वि.सं. १८२७ देखि सुरु भएको नेपाली आख्यान माध्यमिक र आधुनिक काल हुँदै परिष्कृत रूप लिएर अगाडि बढेको पाइन्छ । केही मात्रामा पूर्वीय र पाश्चात्य साहित्यको प्रभावलाई ग्रहण गर्दै मौलिकता भित्र्याएको कारण नेपाली आख्यानमा आदर्शवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, आलोचनात्मक यथार्थवादी र समाजवादी र प्रयोगवादी जस्ता विविध विषयवस्तु समेटिएका छन् ।

### ३.१.२ नेपाली आख्यानको विकास

नेपाली साहित्यमा आख्यान लेखनको आरम्भ हुनुमा शक्तिवल्लभ अर्ज्यालको महत्त्वपूर्ण योगदा पाइन्छ । अभिलेख युगमा रहेको नेपाली आख्यानलाई अनुवाद तथा लिपिबद्ध गरी लेखनको युगका साथै मुद्रणको युगसम्म पुऱ्याई मौलिक रचना छपाउने जस्ता अत्यन्त अतुलनीय काम गरी आधुनिकतातिर लैजाने जमर्को गरिएको पाइन्छ । यसरी प्राचीन कालमा

---

११. ऐजन, पृ. २० ।

१२. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यका संक्षिप्त इतिहास** (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. ७१ ।

१३. कृष्णहरि बराल र नेत्र एटम **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ४ ।

१४. ऐजन, पृ. ४ ।

१५. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ३१-३२ ।

अनुवादमा रहेको नेपाली आख्यानले समयको गतिसँगै माध्यमिक कालमा आइपुग्दा मौलिकतातिर र आधुनिक कालमा आइपुग्दा आफ्नै छुट्टै प्रवृत्तिहरूलाई अंगाल्दै अगाडि बढेको पाइन्छ । प्रारम्भिक कालमा आख्यान-उपाख्यान नाममा लिखित गद्यहरूबाटै उपविधाका रूपमा कथा र उपन्यासको विकास भएको पाइन्छ ।

### ३.१.२.१ नेपाली उपन्यासको विकास

'उपन्यास' तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ ।[१६] (उप+नि+अस्+अज्) 'उप' भनेको नजिक र न्यास भनेको राख्नु हो ।[१७] संस्कृतमा उपन्यासलाई 'आख्यान' भनिन्छ भने नेपालीमा 'उपन्यास' शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी (Novel) सँग साइनो गाँसेको छ ।[१८] संस्कृत साहित्यका प्रसिद्ध गद्य लेखक वाणभट्टको आख्यायिका ग्रन्थ **कादम्बरी** उपन्यासको नजिक रहेको कुरा मराठी भाषामा उपन्यास बुझाउने शब्दका रूपमा **कादम्बरी** प्रयोगबाट छर्लङ्गिन्छ । उपन्यास अङ्ग्रेजी शब्द (Nove) को नेपाली रूपान्तरण हो । 'Novel' शब्द इटालेली भाषाको 'novella' बाट बनेको हो जसको अर्थ 'अलिकति नयाँ वस्तु' अर्थात् (a little new thing) भन्ने हुन्छ । यस्तै 'novella' शब्द चाहिँ ग्रिसेली भाषाको नयाँ अर्थ दिने 'novus' शब्दबाट निर्माण भएको हो । यस्तै प्रभाव स्वरूप फ्रान्सेली भाषामा यस्तै प्रकारका रचनाहरूलाई 'novella' भनिन्थ्यो ।[१९]

नेपाली उपन्यासको विकासमा छिमेकी हिन्दी र बङ्गाली साहित्यमा आएको लहरले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।[२०] चन्द्रकान्ता सन्ततिलाई हिन्दीमै मात्र पढ्न पाइन्थ्यो तर त्यसको अनुवाद भयो ।[२१] भारतको खास गरिकन बनारस र नेपालको काठमाडौँ बीच त्यस बेला मुद्रण र प्रकाशनको जुन सेतु थियो, त्यसले नेपाली उपन्यासको इतिहास निर्माणमा

---

१६. बराल र एटम पूर्ववत्, पृ. ३ ।
१७. मोहन हिमांशु थापा, **साहित्य परिचय**, (ललितपुर : साझा प्रकाशन, २०६६) पृ. ११९ ।
१८. बराल र एटम, पूर्ववत्, पृ. ३ ।
१९. कृष्णप्रसाद आचार्य र कृष्ण बहादुर बस्नेत, पूर्ववत्, पृ. २ ।
२०. दयाराम श्रेष्ठ र  मोहनराज शर्मा पूर्ववत्, पृ. ९७ ।
२१. ऐजन, पृ. ९७ ।

महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।[२२] नेपाली पत्र पत्रिका **उदय**सँग पनि नेपाली उपन्यासको इतिहास जोडिएको छ । **गोरखापत्र**, **सुन्दरी**, **उपन्यास तरङ्गिणी, शारदा** हुँदै नेपाली उपन्यासले आधुनिक कालको प्रारम्भ गऱ्यो ।[२३]

साहित्य शास्त्र अनुसार कथा र उपन्यास दुई अलग अलग विधा भए तापनि दुबै विधाको मूल वंश एउटै थियो । त्यसैले नेपाली साहित्यको इतिहासमा पनि जहाँबाट कथाको इतिहास सुरु भयो, त्यहीँबाट उपन्यासको इतिहास पनि सुरु भयो ।[२४] यस अनुसार लिखित सामग्रीको आधारमा वि.सं. १८२७ को शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** बाटै नेपाली उपन्यासको इतिहास सुरु हुन्छ । नेपाली उपन्यासको अहिलेसम्मको करिब दुई शताब्दीको इतिहास हेर्दा समय विशेषमा विभिन्न मोड लिँदै अगाडि बढेको स्पष्ट देखिन्छ । तसर्थ नेपाली उपन्यासको काल विभाजन यसरी गर्नु उपयुक्त हुन्छ :

(क) प्राथमिक काल (वि.सं. १८२७-१९४५)

(ख) माध्यमिक काल (वि.सं. १९४६-१९९०)

(ग) आधुनिक काल (वि.सं. १९९१-यता)

**(क) प्राथमिक काल (वि.स. १८२७-१९४५)**

नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले काठमाडौँ विजय (वि.सं. १८२५) गरेको दुई वर्षपछि शक्तिवल्लभ अर्ज्यालले **विराटपर्व** (वि.सं.१८२७) अनुवाद गरेको देखिन्छ ।[२५] नेपाली उपन्यासको प्रारम्भिक काल वि.सं. १८२७ देखि १९४५ सम्मको ११८ बर्से समयावधिमा हालको परिभाषासँग मिल्ने औपन्यासिक कृति पाइँदैन ।[२६] यसले नेपाली साहित्यलाई उपन्यासका क्षेत्रमा पदार्पण गरायो । संस्कृत भाषामा आफैले लेखेको **हास्यकदम्ब** नाटकलाई पनि उनले वि.सं. १८५५ मा आख्यानात्मक रूप दिएर नेपालीमा अनुवाद गरे ।[२७] त्यसपछि

---

२२. ऐजन, पृ. ९८ ।
२३. ऐजन, पृ. ९४ ।
२४. ऐजन, पृ. ९९ ।
२५. बराल र एटम, पूर्ववत् पृ. ७१ ।
२६ .भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. १८५ ।
२७. बराल र एटम पूर्ववत् पृ. ७१ ।

भानुदत्तले वि.सं. १८३३ मा संस्कृतको **हितोपदेश मित्रलाभ** नेपालीमा अनुवाद गरे ।[२८] महाभारतकै विविध प्रसङ्गबाट विषयवस्तु लिएर रामभद्र पाध्याले **लक्ष्मी-धर्म संवाद** (वि.सं. १८५१) लेखे, जसमा संवादात्मक शैली प्रयोग गरिएको छ ।[२९] यसै क्रममा बेनामे **पिनासको कथा** (वि.सं. १८७२), **दशकुमार चरित्** ( वि.सं.१८७५), **स्वस्थानी व्रतकथा** (वि.सं. १९७८) प्रकाशित भए भने भवानीदत्तले अनुवाद गरेको **मुद्राराक्षस** (वि.सं. १८८२), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्यगाथा** (वि.सं. १८९०) र **अध्यात्म रामायण** (वि.सं. १८९६) जस्ता कृतिहरू पनि देखा परे ।[३०]

कथात्मक रचनाका रूपमा देखा परेका अन्य कृतिहरूमा **बहत्तर सुगाको कथा** (वि.सं. १८९३), **बेताल पञ्चविंशतिका** (वि.सं. १८९३) देवराज शर्माको **स्वस्थानी व्रतकथा** (वि.सं. १९४२), हरिहर शर्माको **भगवत् भक्ति** विलासिनी (वि.सं. १९४५) पनि देखिए ।[३१] यस कालमा प्रकाशित कृतिहरू संस्कृतबाट अनूदित भए तापनि काल्पनिक घटना संयोजन, घटनाको सङ्गति, संवादमा वैचित्र्य जस्ता औपन्यासिक सिपद्वारा सिंगारिएकाले यसले नेपाली साहित्यमा उपन्यास विधाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्न सकिन्छ ।[३२]यस कालमा प्रकाशित कृतिहरूमा निम्न लिखित विशेषताहरू पाइन्छन् :

- धार्मिक ग्रन्थ (पुराण, रामायण एवम् महाभारतको अनुवाद, रूपान्तरण गरिनु,
- अधिकांश रूपमा अमुद्रित वा अप्रकाशित हुनु,
- संस्कृत तथा केही अन्य भाषाबाट अनूदित आख्यानको प्रारम्भ हुनु,
- धर्म र नीति सम्बन्धी कुराको वर्णन गरिनु,
- कथा र उपन्यासको विभाजनमा अस्पष्टता देखिनु,
- औपदेशिक चरित्रको खोजी हुनु ।

२८. ऐजन, पृ. ७१ ।
२९. कृष्ण प्रसाद आचार्य र कृष्ण बहादुर बस्नेत, पूर्ववत्,पृ. ३९ ।
३०. ऐजन, पृ. ३९ ।
३१. बराल र एटम, पूर्ववत्, पृ. ७१ ।
३२. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल पूर्ववत्, पृ. १८६ ।

**(ख) माध्यमिक काल (वि.सं. १९४६–१९९०)**

नेपाली उपन्यासको वि.सं. १९४६ देखि १९९० को अवधिलाई माध्यमिक काल भनिन्छ । त्यसैले शिवदत्त शर्माको **वीरसिक्का** (वि.सं. १९४६) लाई अधिकांश समालोचक र साहित्यिक इतिहासकारहरूले माध्यमिक कालीन उपन्यासको प्रारम्भ विन्दु मानेका छन् । यस कालमा **वीरसिक्का**देखि सुरु भएर **वीरचरित्र** (वि.सं. १९६०) हुँदै **राजपूतरमणी** (वि.सं. १९७९) सम्मको इतिहासलाई मनोरञ्जनात्मक धारा, धार्मिक पौराणिक धारा, नैतिक औपदेशिक धारा र सामाजिक सुधारवादी धारा भनी नामकरण गरि देखाउन सकिन्छ ।[३३]

**अ) मनोरञ्जनात्मक धारा**

माध्यमिक कालको सुरुवात गर्ने **वीरसिक्का** (वि.सं. १९४६) बाट नेपाली उपन्यासको मनोरञ्जनात्मक रूपमा जासुसी, तिलस्मी, ऐयारी उपन्यासको थालनी भएको पाइन्छ ।[३४] यस धाराका उपन्यासहरूमा हरिहर शर्माको **शुकबहत्तरी** (वि.सं. १९५०), नरदेव पाण्डेको **वीरवल चातुरी** (वि.सं. १९५६), शम्भु प्रसाद ढुङ्ग्यालको **अबोलामैयाको कथा** (वि.सं. १९७२), सदाशिव शर्माको **वीरवल कौतुक** (वि.सं. १९७२), प्रसादको **अचम्मको बच्चाको कथा** (वि.सं १९८५), देवकीनन्दन खत्रीको **चन्द्रकान्ता** (वि.सं. १९५६), देवकीनन्दन खत्री (एस.एस. शर्मा) ले वि.सं. १९५९ मा **उपन्यास तरङ्गिणी** पत्रिकामा प्रकाशन गरेको आफ्नो मौलिक उपन्यास **महेन्द्रप्रभा**, गिरीशवल्लभ जोशीको मौलिक उपन्यास **वीरचरित्र** (वि.सं. १९६०) आदि रहेको पाइन्छ ।

यस कालमा **गोरखापत्र** को प्रकाशनले पनि उपन्यासको प्रतिष्ठामा सहयोग पुऱ्याएको छ । त्यस समयमा **गोरखापत्र** मा **जादुगर** ( वि.सं. १९६४-६५), **नौलाखाहार** (वि.सं.१९६७-६८) जस्ता जासुसी उपन्यास प्रकाशित भए भने सुन्दरी पत्रिकामा 'मधुबाला' (वि.सं.१९६३), **सुन्दरीभवन** ( वि.सं.१९६३) जस्ता उपन्यास प्रकाशित भए ।[३५] विज्ञान विलासको **डा. सूर्यप्रसाद** (वि.सं. १९७२ अपूर्ण), पहलमानसिंह स्वाँरको **एक लाख रुपैयाँको चोरी** ( वि.सं. १९७४) पनि प्रकाशित भए ।[३६]

---

३३. बराल र एटम पूर्ववत् पृ. ७३ ।

३४. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, पूर्ववत्, पृ. १०७ ।

३५. बराल र एटम, पूर्ववत्, पृ. ७६ ।

३६. ऐजन, पृ. ७६ ।

### आ) धार्मिक पौराणिक धारा

नेपाली समाजमा पूर्वीय पौराणिक साहित्यको आख्यान भण्डारबाट धर्मकर्म, अध्यात्म र परलोकको मार्गको अन्वेषणमा लागेका रचनाहरू अनेक स्रोतबाट आएर प्रचलित रहेका थिए ।[३७] यस धाराका आख्यानात्मक रचनाहरूमा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (वि.सं.१९४७), हरिहर शर्माको **दुर्गासप्तशती** (वि.सं.१९४८), कपिलदेव शर्माको **अलोपाख्यान** (वि.सं.१९५९), चक्रपाणि चालिसेको **गोरखा संक्षिप्त रामायण** (वि.सं.१९७२), पद्मप्रसाद उपाध्यायको **शुकसागर** (वि.सं. १९७२), ऋद्धि बहादुर मल्लको **शर्मिष्ठा** (वि.सं.१९८५) आदि प्रमुख छन् ।[३८]

### इ) नैतिक-औपदेशिक धारा

धर्मसँग सम्बद्ध रहेर मानवलाई सत्मार्गमा डोऱ्याई परमार्थ लाभ गराउने उद्देश्यले नैतिक- औपदेशिक आख्यानहरू लेखिएका हुन्छन् । यस धारामा लेखिएका कृतिहरूमा नरदेव पाण्डेको **मेरिना चरित्र** (वि.सं. १९२९) तीर्थप्रसाद आचार्यको **वेदान्तसार** (वि.सं. १९६०), हरिहर आ.दी.को **विदुलापुत्र संवाद** (वि.सं.१९६५), भोजराज पाण्डेको **उपदेश मञ्जरी** (वि.सं.१९७३), सदाशिव शर्माको **कर्मविपाक संहिता** (वि.सं.१९७३) आदि पर्दछन् ।

### ई) सामाजिक सुधारात्मक धारा

यस समयमा समाजमा रहेका कुरीति हटाएर सुधारको बाटोमा लैजाने कुरालाई उद्देश्य बनाएर पनि उपन्यास लेखिएको पाइन्छ ।[३९] पुस्तकाकार कृतिका रूपमा सामाजिक सुधारमा चासो लिएर देखा परेका कृतिहरूमा वैजनाथ सेढाईंको **चक्रपरिक्रम** (वि.सं.१९७३), विज्ञानविलासको **महारानी प्रियम्वदा** (वि.सं.१९७३), पहलमानसिंह स्वाँरको **पद्मकुमारी** (वि.सं.१९७४), वेदनाथ आचार्यको **दयाकी भावी** (वि.सं.१९७९), महानन्द सापकोटाको **त्रिवेणी** (वि.सं.१९८५), अम्बालिकादेवीको **राजपूत रमणी** (वि.सं.१९७९) आदि छन् ।[४०] माध्यमिककालीन उपन्यासको समष्टिगत प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

---

३७. कृष्णप्रसाद आचार्य र कृष्णबहादुर बस्नेत, पूर्ववत्, पृ. ४० ।

३८. बराल र एटम, पूर्ववत्, पृ. ७७ ।

३९. ऐजन, पृ. ७८ ।

४०. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. १८८ ।

- अनुवादको प्रधानता कायम हुनु,
- सचेत उपन्यास लेखनको अभाव र अनुकरणको अधिकतम प्रयोग पाइनु,
- युग चेतनाको न्यूनता झल्किनु,
- नीतिवादी र सुधारवादी स्वर स्पष्ट देखिनु,
- नारीलाई भोग विलास र मनोरञ्जनको साधन बनाउने प्रवृत्ति देखिनु,
- नैतिक सामाजिक यथार्थको चित्रण सङ्क्रमित अवस्थामा रहनु,
- स्थानीय परिवेशको चित्रणमा केही प्रयास हुनु,
- लेखकीय भूमिका प्रवल भएका आख्यानका रचना हुनु,
- अलङ्कृत एवम् साहित्यिक भाषाको खोजीमा सचेतता अपनाउनु,
- उपन्यासको मौलिक शिल्पमा अस्पष्टता रहनु, धार्मिक पौराणिक, नैतिक, औपदेशिक, मनोरञ्जनात्मक र सामाजिक सुधारको मूल स्वर देखिनु ।

**(ग) आधुनिक काल (१९९१ देखि हालसम्म)**

आधुनिक कालको मिर्मिरे रुद्रराज पाण्डेको **रूपमती** (वि.सं. १९९१) बाट सुरु भई आजसम्म आइपुग्दा नेपाली उपन्यास विभिन्न चरणहरूमा विभिन्न नयाँ प्रवृत्ति र धाराहरू समावेश गर्दै अगाडि बढेको छ । वि.सं. २०१६ सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ । यस प्रभावले वि.सं. २०३५ सम्म निरन्तरता पाएपछि सामाजिक विकृति र विसङ्गतिको सूक्ष्म आलोचना गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यिनी मुख्य भिन्नताका आधारमा आधुनिक नेपाली उपनयासको समग्रतालाई तिन चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त ठहर्दछ ।[४१]

४१. बराल र एटम, पूर्ववत्, पृ. ८३ ।

**अ) प्रथम चरण (वि.सं. १९९१-२०१५)**

यस चरणका उपन्यासमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी धारा, मनोवैज्ञानिक धाराको पनि विकास भएको पाइन्छ ।[४२] यस अनुसार आदर्शोन्मुख यथार्थवादी धारामा रुद्रराज पाण्डेका **रूपमती** (वि.सं.१९९१), **चप्पाकाजी** (वि.सं.१९९३), **प्रायश्चित** (वि.सं.१९९५) र **प्रेम** (वि.सं. २००५), काशी बहादुर श्रेष्ठको **उषा** (वि.सं.१९९५) जस्ता उपन्यास यसै बेला आएका हुन् ।[४३] स्वच्छन्दतावादी धाराका रूपनारायण सिंहको **भ्रमर** (वि.सं.१९९३), अच्छा राई 'रसिक' को **लगन** (वि.सं.२०११), शिवकुमार राईको **डाकवङ्गला** (वि.सं.२०१३) उपन्यास पनि यसै बिच देखिए भने सामाजिक यथार्थवादी धारामा लैनसिंह वाङ्देलका **मुलुकबाहिर** (वि.सं.२००४), **माइतघर** (वि.सं.२००७), लील बहादुर क्षेत्रीको **बसाइँ** (वि.सं.२०१४), मोहन बहादुर मल्लको **समयको हुरी** (वि.सं.२०१५), लीलाध्वज थापाको **शान्ति** (वि.सं.२०१५) आदि उपन्यासहरू महत्त्वपूर्ण रहे । ऐतिहासिक यथार्थवादी धाराको **वसन्ती** (वि.सं.२००९) बाट भयो भने वाङ्देलको **लङ्गडाको साथी**ले अतियथार्थवादी धारालाई भियाएर केही भिन्नताको परिचय दियो । आलोचनात्मक यथार्थवादी धाराको प्रवेश हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (वि.सं.२०११) र **एक चिहान** (वि.सं.२०१७), मुक्तिनाथको **को अछुत** ? (वि.सं.२०११) तथा खड्ग बहादुर सिंहको **विद्रोह** (वि.सं. २०११) र **हुरीको चरा** (वि.सं.२०१३) बाट भयो ।[४४]

यस चरणका केही साझा विशेषताहरू निम्न लिखित छन् :

- कथानक प्रधान उपन्यासको प्रचलन हुनु,
- आदर्शवाद, स्वच्छन्दतावाद र यथार्थवादको मिश्रणमा उपन्यास रचिनु,
- जीवन र जगत्का सामाजिक र ऐतिहासिक यथार्थको उद्घाटनको बाहुल्य हुनु,
- तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिनु,
- समाज र परिवेशको प्रस्तुतिमा भावुकताको प्रयोग गरिनु,
- स्थुल यथार्थको वर्णन र व्याख्याको प्रधानता हुनु,

४२. यादवप्रकाश लामिछाने र गीता लामिछाने, **नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा** (भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार , २०६७), पृ. २६७ ।
४३. दयाराम श्रेष्ठ र मोहन राज शर्मा पूर्ववत्, पृ. १०५ ।
४४. बराल र एटम, पूर्ववत्, पृ. ८४ ।

### आ) द्वितीय चरण (वि.सं. २०१६-२०३५)

आधुनिक नेपाली उपन्यासको यस चरणमा व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न अग्रसर छन् । यसै समयका उपन्यासमा पाश्चात्य साहित्यका अनेकौँ वाद र विचारहरूले हुर्किने र फैलिने मौका पनि पाएको पाइन्छ । यस समयमा मनोविश्लेषणवादी धाराका गोविन्द गोठालेको **पल्लो घरको झ्याल** (वि.सं.२०१६), विजय मल्लको **अनुराधा** (वि.सं.२०१८), विश्वेश्व प्रसाद कोइरालाको **नरेन्द्र दाइ** (वि.सं.२०२७) र **सुम्निमा** (वि.सं.२०२७) सूक्ष्म यथार्थको अङ्कनमा सफल उपन्यास हुन् । विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा इन्द्र बहादुर राईको **आज रमिता छ** (वि.सं.२०२१), पारिजातको **शिरीषको फूल** (वि.सं.२०२२), ध्रुवचन्द्र गौतमको अ**न्त्यपछि** (वि.सं.२०२४), **बालुवामाथि** (वि.सं.२०२८) र **डापी** (वि.सं.२०३३) महत्त्वपूर्ण रहेका छन् । प्रकृतवादका आंशिक प्रयोगका रूपमा गोविन्द गोठालेको पल्लो **घरको झ्याल**, शङ्कर कोइरालाको **खैरिनीघाट** (वि.सं.२०१८), भवानी भिक्षुको **पाइप नं २** (वि.सं.२०३४) यसै समयमा देखा परे ।[४५]

प्रयोगवादी जटिलतालाई मञ्जुलको **छेकुडोल्मा** (वि.सं.२०२६), जगदीश घिमिरेको **सावित्री** (वि.सं.२०३२) ओकिएयामा ग्वाइनको **सुनखरी** (वि.सं.२०३३) जस्ता उपन्यासले अगाडि बढाए । यसै कालमा राल्फा आन्दोलन एवम् अस्वीकृत जमात आन्दोलनले प्रश्रय पाए भने विश्वेश्वर प्रसाद कोइरालाको **सुम्निमा** (वि.सं.२०२७) बाट मिथकीय धाराको आरम्भसमेत भयो । प्रगतिवादी उपन्यासको समाजमुखी सचेत लेखनको धारा यस चरणको उत्तरार्द्धमा निकै प्रेरक सिद्ध भएको छ । यस धाराका डी.पी. अधिकारीको **आशमाया** (वि.सं.२०२५) र **धरती अझै बोल्दैछ** (वि.सं.२०२७), खगेन्द्र सङ्ग्रौलाको चेतनाको **पहिलो डाक** (वि.सं.२०२७) र **आमाको छटपटी** (वि.सं.२०३४), पारिजातको **तोरीबारी, बाटा र सपनाहरू** (वि.सं.२०३३), **पर्खालभित्र र बाहिर** (वि.सं.२०३५), तीर्थ न्यौपानेको **खद्माको गाउँ** (वि.सं.२०२५) जस्ता उपन्यासहरू छन् ।[४६] यस चरणमा देखिएका मुख्य विशेषताहरू निम्न लिखित छन् :

- प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग बढ्दै जानु,

४५. ऐजन, पृ. ८४ ।
४६. ऐजन, पृ. ८५ ।

- पाश्चात्य साहित्यप्रति अति मोह राख्नु तथा त्यसका विभिन्न सिद्धान्तहरू जस्तै : अस्तित्ववाद, प्रकृतवाद, दादावाद, अतियथार्थवाद, घनत्ववाद, भविष्यवाद आदिको अनुशरण गरिनु,
- यौनका जटिलतालाई बढी महत्त्व दिएर विविध कोणबाट प्रक्षेपण गर्नु,
- प्रगतिवादी साहित्यको आरम्भले गर्दा समाजसचेत लेखनप्रति चासो हुनु,
- मिथकीय पुनर्सिजनको प्रयास थालिनु ।

**इ) तृतीय चरण (वि.सं. २०३६ देखि हालसम्म)**

आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरणका रूपमा देखिएको यस अवधिमा विसङ्गति र यौनवृत्तिलाई छाडी सामाजिक विकृतिको चिरफारतिर केन्द्रित रही जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन् । यस समयमा आलोचनात्मक यथार्थवादी धारामा ध.च. गोतामेका **घामका पाइलाहरू** (वि.सं.२०३५), **यहाँदेखि त्यहाँसम्म** (वि.सं.२०४२), ध्रुवचन्द्र गौतमका **कट्टेल सरको चोटपटक** (वि.सं.२०३७), **अलिखित** (वि.सं.२०४०), **उपसंहार अर्थात् चौथो अन्त्य** (वि.सं.२०४८) र **दुविधा** (वि.सं.२०५२), भरत जङ्गमको **कालो सूर्य** (वि.सं.२०३६), दौलतविक्रम विष्टका **भोक र भित्ताहरू** (वि.सं.२०३८) र **ज्योति ज्योति महाज्योति** (वि.सं.२०४५), तारानाथ शर्माको **नेपालदेखि अमेरिकासम्म** (वि.सं.२०४९), गीताकेशरीको **सौगात** (वि.सं.२०४६), **आवाज** (वि.सं.२०४७), सुस्मिता नेपालको **मेरा छातीका कोलाजहरू** (वि.सं.२०५५), राजेन्द्र प्रसाद निरौलाको **खुल्ला आकाश** (वि.सं.२०६५) आदि महत्त्वपूर्ण रहेका छन् ।[४७]

यस अवधिमा मिथकीय धाराको उर्वरता देखिँदै गरेका सन्दर्भमा विश्वेश्वर प्रसाद कोइरालाका **मोदि आइन** (वि.सं.२०३९) र **हिटलर र यहुदी** (वि.सं.२०४०), मदनमणि दीक्षितका **माधवी** (वि.सं.२०३९) र **त्रिदेवी** (वि.सं.२०५१), नयनराज पाण्डेको **विक्रमादित्य एउटा कथा सुन !** (वि.सं.२०४५), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (वि.सं.२०४१), इन्दिरा प्रसाईंको

४७. दयाराम श्रेष्ठ र मोहन राज शर्मा पूर्ववत्, पृ ११७ ।

**विश्वमित्र** (वि.सं.२०५५), जगदीश शमशेर राणाको **सेतो बाघ** (वि.सं.२०६०), कृष्ण धरावासीको **राधा** (वि.सं.२०६२) आदि उपन्यासहरू महत्त्वपूर्ण रहेका छन् ।[४८]

प्रगतिवादी धाराभित्र पर्ने यस समयका उपन्यासहरूमा पारिजातको **अनिदो पहाडसँगै** (वि.सं.२०३९), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (वि.सं.२०३९), भक्तबहादुर नेपालीका **जेलभित्र** (वि.सं.२०३८) र **भूतको ओखती** (वि.सं.२०५१), मोदनाथ प्रश्रितको **चोर** (वि.सं.२०४४), ऋषिराज बरालको **कामरेड हुतराजको राजधानी प्रस्थान** (वि.सं.२०४८), आहुतीको **नयाँ घर** (वि.सं.२०५०) र **स्खलन** (वि.सं.२०५९), नारायण ढकालको **दुर्भिक्ष** (वि.सं.२०६०), हरिहर खनालको **समयको रेखाचित्र** (वि.सं.२०६५) आदि महत्त्वपूर्ण मानिन्छन् ।[४९]

यस समयका उपन्यासमा नारीवादी चेतनाको विस्तार पनि पाइन्छ । यस्ता उपन्यासमा पारिजातका **परिभाषित आँखाहरू** (वि.सं.२०४६) र **वेनी** (वि.सं.२०४४), शवनम श्रेष्ठको **मनीषा** (वि.सं.२०५०), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (वि.सं.२०४६), शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** (वि.सं.२०५८), पद्मालती सिंहको **समानान्तर आकाश** (वि.सं.२०६२) आदि उपन्यासहरू छन् ।[५०] यस चरणका केही साझा औपन्यासिक विशेषताहरू निम्न लिखित छन् :

- सासामयिक सामाजिक भ्रष्टाचार, पाखण्डीपन, विकृति एवम् विसङ्गतिको आलोचनात्मक चित्रण गरिनु,
- साइबर संस्कृतिको चित्रण गरी त्यसबाट एक्लिएको मान्छेको विवशता देखाउनु,
- उपन्यास लेखनमा डायास्पोराको अभिव्यक्ति पाइनु,
- प्रगतिवादी साहित्यको उत्कृष्टताले समाजको आमूल परिवर्तनप्रति जिम्मेवारी देखिनु,
- माओवादी दश बर्से जनयुद्ध (२०५२-२०६२) को पक्ष र विपक्षमा उपन्यास लेखिनु,
- नारीवादी चिन्तनको विस्तार हुनु,
- द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गर्नु,

४८. बराल र एटम पूर्ववत्, पृ. ८६ ।
४९. ऐजन, ।
५०. ऐजन, ।

- कलात्मक व्यङ्ग्यलाई प्रधानता दिइनु ।

यसरी रुद्रराज पाण्डेको **रूपमती** (वि.सं.१९९१) देखि आजसम्मको अवधिमा आधुनिक नेपाली उपन्यास विभिन्न धारा र वादहरूमा आरूढ भएर हुर्किंदैछ । यसैकारण यहाँ धारागत आधारमा उपन्यास र उपन्यासकारलाई देखाउने प्रयास गरिएको छ । आधुनिक नेपाली उपन्यासका क्षेत्रमा देखिएका महत्त्वपूर्ण धाराहरू र तिनका आरम्भविन्दु यसप्रकार छन् :

| धारा | आरम्भविन्दु | उपन्यासकार |
|---|---|---|
| आदर्शोन्मुख यथार्थवादी धारा | रूपमती (१९९१) | रुद्रराज पाण्डे |
| स्वच्छन्दतावादी धारा | भ्रमर (१९९३) | रूपनारायण सिंह |
| सामाजिक यथार्थवादी धारा | मुलुकबाहिर (२००४) | लैनसिंह वाङ्देल |
| ऐतिहासिक यथार्थवादी धारा | वसन्ती (२००६) | डायमन शमशेर |
| अतियथार्थवादी धारा | लङ्गडाको साथी (२००८) | लैनसिंह वाङ्देल |
| आलोचनात्मक यथार्थवादी धारा | स्वास्नीमान्छे (२०११) | हृदयचन्द्रसिंह प्रधान |
| नारीवादी धारा | स्वास्नीमान्छे (२०११) | हृदयचन्द्रसिंह प्रधान |
| प्रकृतवादी धारा | पल्लो घरको झ्याल (२०१६) | गोविन्द गोठाले |
| मनोविश्लेषणवादी धारा | पल्लो घरको झ्याल (२०१६) | गोविन्द गोठाले |
| विसङ्गतिवादी धारा | आज रमिता छ (२०२१) | इन्द्रबहादुर राई |
| अस्तित्ववादी धारा | शिरीषको फूल (२०२२) | पारिजात |
| प्रयोगवादी धारा | अन्त्यपछि (२०२४) | ध्रुवचन्द्र गौतम |
| प्रगतिवादी धारा | आशमाया (२०२५) | डी.पी. अधिकारी |
| मिथकीय धारा | सुम्निमा (२०२७) | विश्वेश्वर प्रसाद कोइराला |

यी प्रमुख धाराबाहेक नेपाली उपन्यासमा आत्मजीवनीपरक र डायास्पोरा लेखन पनि देखिएक छन् । भविष्यमा तिनको विस्तृत चर्चा अपेक्षित छ ।

### ३.१.२.२ नेपाली कथाको विकास

निश्चित प्रकारको संरचनामा निबद्ध र सीमित आयतनभरिको समय र स्थानभित्र विस्तारित विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्यहरूलाई 'कथा' भनिन्छ ।[५१] कथा शब्दको निर्माण संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागेर 'कथ' बनेपछि त्यसमा 'अ' प्रत्यय जोडिएर कथा भएको हो ।[५२] कथन अर्थात् अभिशंसन अर्थ वहन गर्ने 'कथ्' धातुमा 'अच्' प्रत्यय लागेर 'कथ' बनेपछि 'चिति, पूजि, कुम्बि, चर्चि, चेति, टाप', सूत्रबाट प्रत्यय लागेर 'टाप'को 'आ' भएपछि कथ्+अ+आ = कथा शब्द तयार हुन्छ ।[५३] संस्कृतको कथ् धातुमा अ प्रत्यय लागी कथ बनेपछि आ प्रत्यय लागी कथा बन्दछ ।

कथाको अर्थलाई पहिल्याउने क्रममा अलिखित रूपमा विद्यमान लोककथासम्म पुग्नुपर्ने हुन्छ । मानव सभ्यताको सुरुवातसँगै मान्छेले पीडा र खुसीहरूलाई आफन्तहरूमाझ प्रकट गर्दै गयो । सभ्यताको विकास सँगसँगै संसारमा लोककथा, वैदिक कथा, ब्राह्मण ग्रन्थ, औपनिषदिक कथा, उत्तर बैदिक कथा, पौराणिक कथा, नीतिकथा, मनोरञ्जनात्मक र रोमान्सेली कथा, अतिकल्पनात्मक कथा र आधुनिक कथाहरूको प्रादुर्भाव हुँदै गरेको हो ।[५४] नेपाली कथाको करिब दुई शताब्दीको इतिहासले नेपाली गद्यलाई महत्त्पूर्ण मूल्य प्रदान गरेको छ ।[५५] नेपाली पत्र पत्रिकाको उदयसँग पनि नेपाली कथाको इतिहास जोडिएको छ । **गोरखापत्र**, **गोर्खा संसार** (भारतको देहरादुनबाट प्रकाशित), **शारदा** हुँदै नेपाली कथाले आधुनिक कालको प्रारम्भ गऱ्यो ।[५६]

साहित्यशास्त्र अनुसार कथा र उपन्यास दुई अलग अलगत विधा भए तापनि इतिहास शास्त्र अनुसार यी दुबै विधाको मूल वंश एउटै थियो ।[५७] त्यसैले नेपाली साहित्यको इतिहासमा पनि जहाँबाट उपन्यासको इतिहास सुरु भयो त्यहीँबाट कथाको इतिहास पनि सुरु भयो । यस अनुसार लिखित सामग्रीको आधारमा सं. १८२७ को शक्तिवल्लभ अर्ज्यालको **महाभारत**

---

५१. दयाराम श्रेष्ठ र मोहन राज शर्मा पर्स्ववत्, पृ. ६७ ।
५२. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत्, पृ. २ ।
५३. राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १ ।
५४. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. १ ।
५५. दयाराम श्रेष्ठ र मोहन राज शर्मा, पूर्ववत् ,पृ. ७४ ।
५६. ऐजन, पृ. ७१-७२ ।
५७. ऐजन, पृ. ९९ ।

**विराटपर्व** बाट नेपाली कथाको इतिहास सुरु हुन्छ ।[५८] नेपाली कथाको अहिलेसम्मको करिब दुई शताब्दीको इतिहास हेर्दा समय विशेषमा विभिन्न मोड लिँदै अगाडि बढेको स्पष्ट देखिन्छ । तसर्थ नेपाली कथाको काल विभाजन यसरी गर्न उपयुक्त हुन्छ :

क) प्राथमिक काल (वि.सं. १८२७-१९५७)

ख) माध्यमिक काल (वि.सं. १९५८-१९९१)

ग) आधुनिक काल (वि.सं. १९९२-हालसम्म)

**क) प्राथमिक काल (वि.सं. १८२७-१९५७)**

नेपाली कथाको समयावधि वि.सं. १९२७ सम्मको एकसय तिस वर्षको अवधि भरिमा विभिन्न किसिमका कृतिहरू लेखिए र प्रकाशनमा आए तर ती सम्पूर्ण कृतिहरू मौलिक नभएर अनुवाद गरिएका हुन् ।[५९] यस कालमा अनुवाद गरिएका कथाहरू स्रोत पत्ता लाउँदै जाँदा कुनै संस्कृतका ग्रन्थहरू, कुनै अङ्ग्रेजी साहित्यका, त्यस्तै कुनै भारतीय भाषाहरू, हिन्दी, उर्दू र बङ्गाली भाषाबाट पनि प्रशस्त मात्रामा कथा अनुवाद गरिएको पाइन्छ । यस समयका कृतिहरूमा शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** (वि.सं.१८२७), भानुदत्त शर्माको **हितोपदेश मित्रलाभ** (वि.सं.१८३३), **हास्यकदम्ब** (वि.सं.१८५५), अज्ञात **पिनासको कथा** (वि.सं.१८७२), अज्ञात **बृहत् कथाटीका** (वि.सं.१८०७), **मुन्सीका तीन आहान** (वि.सं.१८७६), अज्ञात **सेरामपुरको बाइवल** (वि.सं.१८८४), माहरी गङ्गाप्रसाद प्रधान **बाइवल** (वि.सं.१९००) अज्ञात **वीरवल चातुरी** (वि.सं.१९५७), अज्ञात **दशकुमारचरित** (वि.सं.१८७२), अज्ञात **बहत्र सुगाको कथा** (वि.सं.१८९० तिर) आदि महत्त्वपूर्ण मानिन्छन् ।[६०] प्राथमिक कालका कथागत मूल प्रवृत्तिहरू यस प्रकार छन् :

- खास गरी संस्कृतका मूल ग्रन्थबाट आख्यानका सामग्री ग्रहण गर्नु,
- कथालाई चरित, कथाहा, उपाख्यान आदि भनिएको,
- आंशिक रूपमा फारसी, अरबी र अङ्ग्रेजी स्रोतबाट सामग्री लिइएको,

५८. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत्, पृ. २५ ।
५९. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत् पृ. २५ ।
६०. दयाराम श्रेष्ठ र मोहन राज शर्मा, पूर्ववत्, ७४-७६ ।

- रोमाञ्च र मनोरञ्जनको वृत्तान्तप्रति चासो, वर्णनमा केन्द्रित रहेको,

- हिन्दू धर्मप्रतिको चाहना, वीरताको वर्णनमा केन्द्रित रहेको ।

**ख) माध्यमिक काल (वि.सं. १९५८-१९९१)**

नेपाली कथा साहित्यको माध्यमिक कालको सुरुवात **गोरखापत्र** (वि.सं.१९५८) को प्रकाशनसँगै भएको पाइन्छ । माध्यमिक काल खास गरेर **गोरखापत्र** को प्रकाशन (वि.सं.१९५८) देखि **शारदा** प्रकाशन (वि.सं.१९९१) को समयावधिलाई मानिन्छ ।[६१]

माध्यमिक कालीन नेपाली कथालाई पूर्व माध्यमिक (वि.सं.१९५८-१९८२) र उत्तर माध्यमिक (वि.सं. १९८३-१९९१) गरी दुई चरणमा विभाजित गरी हेर्न सकिन्छ ।[६२]

**क) पूर्वमाध्यमिक काल (वि.सं. १९५८-१९८२)**

पूर्वमाध्यमिक काल **गोरखापत्र** प्रकाशन (वि.सं.१९५८) देखि **गोर्खासंसार** (वि.सं.१९८३) सम्मको अवधिलाई मानिन्छ । यस कालमा **सुन्दरी** (वि.सं.१९६३), **माधवी** (वि.सं.१९६५), **गोर्खाली** (वि.सं.१९७२), **चन्द्रिका** (वि.सं.१९७३) जस्ता पत्रिकाको योगदान पनि अविस्मरणीय रहेको पाइन्छ ।[६३] यस कालमा प्रकाशन भएका कथालाई विषयगत आधारमा यसरी देखाउन सकिन्छ :

**अ. सामाजिक कथा**

गोरखापत्रमा प्रकाशित सामाजिक कथाका कथाहरू **प्राचीन प्रपञ्च** (वि.सं.१९७२), **गला** (वि.सं.१९६५), **प्रत्यागमन** (वि.सं.१९६७), **सुकुलगुण्डाको कहानी** (वि.सं.१९६९), **हिराको औंठी हृदय परीक्षा** (वि.सं.१९७२), **बुढाको विवाह** (वि.सं.१९७४) आदि रहेका छन् ।[६४]

---

६१. भोजराज ढुङ्गेल र दर्गा प्रसाद दाहाल, पूर्ववत् पृ. १५ ।
६२. ऐजन पृ. १६ ।
६३. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत्, पृ. ३१ ।
६४. ऐजन, पृ. ३१ ।

**आ. धार्मिक पौराणिक**

**गोरखापत्र** मा प्रकाशित सामाजिक धार्मिक पौराणिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा **प्राप्तन्यमर्थ लभते मनुष्य** (वि.सं.१९५९), **धर्मात्मा** (वि.सं.१९६८), **सच्चा वैराग्य** (वि.सं.१९६८) आदि रहेका छन् ।[६५]

**इ. नैतिक-औपदेशिक**

नैतिक औपदेशिक कथाहरूमा **गोरखापत्र** मा प्रकाशित **पतिव्रता चरित्र** (वि.सं.१९५९), **नीचता र उदारता** (वि.सं.१९७२) आदि रहेका छन् ।[६६]

**ई. जासुसी**

**गोरखापत्र** मा प्रकाशित तत्कालीन प्रमुख जासुसी कथाहरूमा **एक विचित्रको जासुसी** (वि.सं.१९७१) र **भूतलीला** (वि.सं.१९७३) पर्दछन् ।[६७]

**उ. मनोरञ्जनात्मक**

मनोरञ्जनात्मक कथामा **गोरखापत्र** मा प्रकाशित **उटपटयाङ** (वि.सं.१९५९), **हस्सी** (वि.सं.१९६२), **ठट्टाबाज** (वि.सं.१९६८) आदि रहेका छन् ।[६८]

**ख) उत्तरमाध्यमिक काल** (वि.सं.**१९८३-१९९१)**

देहरादुनबाट प्रकाशित हुने **गोर्खासंसार** (वि.सं.१९८३) बाट नेपाली कथाको उत्तर माध्यमिक कालको आरम्भ हुन्छ ।[६९] यस समयमा प्रकाशित कथाहरूमा सूर्यविक्रम ज्ञवालीको 'लाहुरे' को **देवीको बलि** (वि.सं.१९८३), रुपनारायण सिंह प्रधानका **परिवर्तन** (वि.सं.१९८४) र **अन्नपूर्णा** (वि.सं.१९८४), ठाकुरचन्द्र सिंहका **पुन संयोग** (वि.सं.१९८३) र **छलिया** (वि.सं.१९८५) र राममानसिंह 'गोर्खाको' **एउटा गरिब सार्कीकी छोरी** (वि.सं.१९८६), प्रेमसिंह

६५. भोजराज ढुङ्गेल र दर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. १६ ।
६६. ऐजन ।
६७. ऐजन ।
६८. ऐजन ।
६९. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत्,,पृ. ३२ ।

आलेको **करनीको फल** (वि.सं.१९८६) आदि पर्दछन् ।[७०] यस कालका कथामा पाइने प्रमुख कथागत प्रवृत्तिहरू :

- विभिन्न भाषामा लेखिएका रचनाको अनुवादप्रति रुचि,
- मौलिक कथा लेखनतर्फ रुचि,
- सामाजिक परिवेशमा कथा लेखनको आरम्भ,
- धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, साहस, वीरता, ऐतिहासिक एवम् जासुसी आदि जस्ता विषयवस्तुको प्रयोग,
- विभिन्न स्रोतका कथाहरूको प्रयोग,
- आधुनिक कथा रचनाका लागि पृष्ठभूमि निर्माणप्रति चासो ।

**(ग) आधुनिक काल** (१९९२-**हालसम्म**)

नेपाली कथा क्षेत्रमा मध्ययुगीन भावुक आदर्शवादी प्रवृत्तिको पूर्ण परित्याग गरी नेपाली समाज, जीवन र परिवेशलाई आत्मसात् गर्ने, नयाँ मूल्य र मान्यता प्रदान गर्ने प्रवृत्तिका सामाजिक यथार्थवादी कथाको प्रस्तुतिसँगै आधुनिक कालको सुरुवात भएको पाइन्छ । नेपाली कथामा आधुनिकता भित्र्याउने कामको सम्पूर्ण श्रेय वि.सं. १९९१ देखि काठमाडौँबाट प्रकाशित **शारदा** (मासिक) लाई दिन सकिन्छ । वि.सं. १९९२ जेठको **शारदा** मा प्रकाशित गुरुप्रसाद मैनालीको **नासो** कथाबाट नेपाली कथाको आधुनिक काल प्रारम्भ भएको हो । आधुनिक नेपाली कथाको कालक्रमका बारेमा विद्वान्हरूको एउटै मत देखिँदैन तर पनि विकासक्रमलाई सबलताका लागि यसरी देखाउन सकिन्छ :

क) यथार्थवादी युग (वि.सं.१९९२-२०१९)

ख) नवचेतनावादी युग (वि.सं.२०२०-२०३९)

ग) समकालीन युग (वि.सं.२०४०-यता)

**क) यथार्थवादी युग** (वि.सं.**१९९२-२०१९**)

आधुनिक नेपाली कथा **शारदा** पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको **नासो** (वि.सं.१९९२) बाट यथार्थवादी युगको प्रारम्भ गर्दै अगाडि बढेको पाइन्छ । यस समयमा **उदय**

---

७०. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, पूर्ववत पृ. १७ ।

(वि.सं.१९९३), **साहित्यस्रोत** (वि.सं.२००४), **हाम्रो कथा** (वि.सं.२००६), **प्रभात** (वि.सं.२००८), **उद्योग** (वि.सं.१९९२), **प्रगति** (वि.सं.२०१०), **धरती** (वि.सं.२०१३) जस्ता पत्रिकाहरू निस्के ।[७१] यस समयमा सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, आदर्शोन्मुख यथार्थवादी धारा, प्रगतिवादी धाराको सूत्रपात पनि भएको पाइन्छ ।[७२] यस समयका कथाहरूमा गुरुप्रसाद मैनालीको **नासो** (वि.सं.१९९२), बालकृष्ण समको **पराइघर** (वि.सं.१९९२), विश्वेश्वरप्रसाद कोइरालाको **चन्द्रवदन** (वि.सं.१९९२), **विवाह, शत्रु र सिपाही** (वि.सं.१९९५), **दोषी चश्मा** (कथा सङ्ग्रह, वि.सं.२००६), हृदयचन्द्रसिंह प्रधानको **विदुषी माधवी** (वि.सं.१९९५), **पुष्कर शम्शेर जबराको स्वार्थत्याग** (वि.सं.१९९५), **लोग्ने** (वि.सं.१९९७), कृष्ण प्रसाद चापागाईंको **हमाम दाइ** (कथा सङ्ग्रह, वि.सं.१९९८) **खँदाल बाजे** (वि.सं.२०००), रूपनारायण सिंहको **नवरत्न** (वि.सं.२००७), गोविन्द बहादुर मल्ल गोठालेको **कथा सङ्ग्रह** (कथा सङ्ग्रह, वि.सं.२००३), **कथैकथा** (वि.सं.२०१६), **त्यसको भाले** (वि.सं.१९९७), भवानी भिक्षुको **मानव** (वि.सं.१९९५), **त्यो फेरि फर्कला**, **गुनकेशरी** (वि.सं.२०१०), **मैयासाहेब** (कथा सङ्ग्रह, वि.सं.२०१७), पोषण पाण्डेको **चोट** (वि.सं.२०११), प्रेमा शाहको **प्रतिक्रिया** (वि.सं.२०१८), रमेश विकलको **विरानो देशमा** (कथा सङ्ग्रह, वि.सं.२०१६), **नयाँ सडकको गीत** (कथा सङ्ग्रह, वि.सं.२०१९) आदि महत्त्वपूर्ण मानिन्छन् ।[७३] यी बाहेक झपट बहादुर राना, विष्णुचरण, गजेन्द्र बहादुर शाह, पूर्णदास श्रेष्ठ, जितेन्द्र बहादुर शाही, तारिणी प्रसाद कोइराला, लक्ष्मी प्रसाद देवकोटा, भेषराज शर्मा, राम प्रसाद जोशी, विजय मल्ल, शिवकुमार राई, देवकुमारी थापा, लील बहादुर क्षेत्री, परशु प्रधान, मदनमणि दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, प्रेम थापा, माया ठकुरी, डी.पी. अधिकारी, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कृष्ण प्रसाद सर्वहारा, वल्लभमणि दाहाल, माधव भण्डारी, ईश्वरवल्लभ लगायतका कथाकारहरू यस युगमा सक्रिय रूपमा लागिपरेको पाइन्छ ।[७४] यस कालका मूलभूत प्रवृत्तिहरू यस प्रकार छन् :

- नेपाली समाजको यथार्थपरक चित्रणमा रुचि,

७१. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् पृ. ८४ ।
७२. दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४** (ललितपुर : साझा प्रकाशन, २०६७), पृ. ४ ।
७३. भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. १८-२० ।
७४. दयाराम श्रेष्ठ र मोहन राज शर्मा, पूर्ववत्, पृ. ८५ ।

- ग्रामीण र सहरिया जीवनको निम्न वर्गका कष्टकर जीवनको अभिव्यक्ति,
- मानसिक द्वन्द्वको प्रस्तुति (चेतन र अवचेतन भनका बीच),
- मनोविज्ञानका विभिन्न पक्षमा (यौनमनोविज्ञान, बालमनोविज्ञान तथा अपराध मनोविज्ञान)
- केन्द्रित रही अभिव्यक्तिमा रुचि,
- मार्क्सवादी दर्शनबाट प्रेरित र प्रभावित,
- समतामूलक समाज स्थापनाको आग्रह,
- विद्रोही तथा क्रान्तिकारी चेतनाको अभिव्यक्ति ।

**(ख) नवचेतनावादी युग (२०२०-२०३९)**

नेपाली साहित्यको इतिहासमै पहिलो ऐतिहासिक आन्दोलनको श्रेय लिने आयामेली आन्दोलनदेखि नेपाली कथामा नवचेतनावादी युगको थालनी भएको मानिन्छ । यस समयमा परम्परागत मूल्य र दृष्टिकोणको विरोधमा **राल्फा आन्दोलन** ( वि.सं.२०२३), **अस्वीकृत जमात** (वि.सं.२०२५ तिर), **अमलेख** (वि.सं.२०२६), **बुट पालिस** (वि.सं.२०३१), **यङ राइटर्स फ्रन्ट, सडक कविता क्रान्ति, सर्वनाम, तरलवाद, लीलालेखन**, **प्रभाववाद** जस्ता थुप्रै आन्दोलनको प्रभाव कथा विधामा परेको छ ।[७५] **आयामेली** कथाकारहरूले भाषा, व्याकरण र कथाको परम्पराको नियन्त्रणमा नयाँ ध्येय, नवीन शैली र संरचनाको प्रवर्तन गरे । यस युगका कथाकारहरू परशु प्रधानको **वक्ररेखा, फेरि आक्रमण** (वि.सं.२०२५), पारिजातको **आदिम देश** (वि.सं.२०२५), **सडक र प्रतिभा** (वि.सं.२०३२), भाउपन्थीको एउटा **आकारको बारेमा** (वि.सं.२०३२), **सम्बन्ध** (वि.सं.२०३५), ध्रुव सापकोटा र भाउपन्थीको **प्रति चक्रव्यूह** (वि.सं.२०३०), माया ठकुरी **गमलाको फूल** (वि.सं.२०३३), अनिता तुलाधरको **रित्तो शहर** (वि.सं.२०३५), ध्रुवचन्द्र गौतमको **अँध्यारो द्विमा** (वि.सं.२०३५), शैलेन्द्र साकारको **कोलाज** (वि.सं.२०३६), कवितारामको **कलोकथा** (वि.सं.२०३८), मनु ब्राजाकी **अवमूल्यन** (वि.सं.२०३६), प्रेमा शाहको **पहेँलो गुलाब** (वि.सं.२०३६), गोविन्द गिरी र प्रेरणाको सुतेको **समुन्द्र**

---

७५. कृष्ण प्रसाद आचार्य र कृष्ण प्रसाद बस्नेत,पूर्ववत् पृ. ३५० ।

(वि.सं.२०३९) आदि महत्त्वपूर्ण मानिन्छन् ।[७६] यी बाहेक यस अवधिमा इन्द्रबहादुर राई, मोहनराज शर्मा, शङ्कर लामिछाने, गोपाल पराजुली, ध्रुव सापकोटा र अशेष मल्लको पनि अतुलनीय भूमिका रहेको पाइन्छ ।[७७] यस कालका प्रमुख प्रवृत्तिहरू यस प्रकार छन् :

- विसङ्गति एवम् निःसारतापूर्ण समाजप्रति व्यङ्ग्य,
- विषयवस्तु र कथा संरचनामा नवीनता,
- अन्तर्मुखी जीवन दृष्टि,
- अमूर्त विषयलाई सूत्र र सङ्केतमा प्रयोग,
- निरीह, विवश र यन्त्रवत् आधुनिक मान्छेको प्रभावकारी चित्रण,
- भावुकताभन्दा बौद्धिक सचेतता तथा युगबोधको अभिव्यक्ति
- विचारोत्तेजक भाषा, प्रवाहमय भाषिक प्रयोग र तर्कपूर्ण शैली प्रस्तुति ।

**(ग) समकालीन युग (२०४० देखि यता)**

जीवनका समसामयिक मूल्यलाई स्थापना गर्ने, सामाजिक संरचनामा प्रचलित विकृति र विसङ्गतिलाई विरोध गर्ने, मानवीय चरित्रमाथि जोडिन आएका अमानवीय चरित्रको निराकरण गर्ने प्रवृत्ति नै समसामयिक धाराका मूलभूत विशेषता हुन् । आञ्चलिक प्रवृत्तिप्रति उन्मुखता, प्रगतिशील चेतनाको तीव्रता, विश्वजनीन सन्दर्भहरू प्रतिको सचेतता र बौद्धिक चेतनाको अभिव्यक्ति यस धाराका मौलिक प्रवृत्तिहरू हुन् ।[७८] यस कालमा पनि मार्क्सवादी र गैर मार्क्सवादी गरी दुई धारामा रहेर कथा सृजना गरेको पाइन्छ । यस कालका कथाकारहरू गोविन्द गिरी प्रेरणाको **सुतेको समुन्द्र** (वि.सं.२०४०, तेजप्रकाश श्रेष्ठको **हाटबजार** (वि.सं.२०४२), सीता पाण्डको **असजिला खुसीहरू** (वि.सं.२०४३), सनत रेग्मीको **बन्दकोठाको सहर** (वि.सं.२०४८), **लक्ष्मनीयाको गौना** (वि.सं.२०५१), मोहनराज शमाको **महाशून्य** (वि.सं.२०५०), इन्द्रकुमार श्रेष्ठको **दिदीको देवर** (वि.सं.२०५०, नारायण ढकालको **आत्महन्ता** (वि.सं.२०६२), **सहरयन्त्र** (वि.सं.२०५०), प्रदीप नेपालको **परोपकार यात्रा** (वि.सं.२०५०), कृष्ण

---

७६. ऐजन पृ. ३५४ ।
७७. भोजराज ढुङ्गेल र दर्गा प्रसाद दाहाल, पूर्ववत्, पृ. २२ ।
७८. ऐजन पृ. २२ ।

धरावासीको **झोला** (वि.सं.२०६०), भागीरथी श्रेष्ठको **भूमिगत** (वि.सं.२०६२), महेशविक्रम शाहको **छापामारको छोरो** (वि.सं.२०६३), **काठमाडौंमा कामरेड** (वि.सं.२०६५), पद्मावती सिंहको **मौन स्वीकृति** (वि.सं.२०६५), सरु पोखेलको **मुना टुसाएपछि** (वि.सं.२०६४), घनश्याम ढकालको **सहिदको सालिक** (वि.सं.२०६६), जगदीश घिमिरेको **वर्दो** (वि.सं.२०६६) आदिले यस चरणको विकासमा योगदान रहेको पाइन्छ ।[७९] यस चरणका अन्य कथाकारहरूमा मोहनराज शर्मा, मधुवन पौडेल, इन्द्रकुमार श्रेष्ठ 'सरित', तेजप्रकाश श्रेष्ठ, कविताराम, मञ्जु काँचुली, राजव, ऋषिराज बराल, राजेन्द्र पराजुली, गोविन्द गिरी, विजय चालिसे आदिको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यस समयका प्रमुख प्रवृत्तिहरू यस प्रकार छन् :

- निराशाको अभिव्यक्ति
- सामाजिक सांस्कृतिक मूल्य कमजोर हुनु,
- जीवन भोगाइ कष्टपूर्ण हुनु,
- राष्ट्रिय परिवेश सङ्कटमा पर्नु,
- स्वैरकल्पनात्मक अभिव्यक्ति,
- विसंरचनावादी मूल्यमान्यतामा आस्था
- रुग्ण सामाजिक व्यवस्थाप्रति तीब्र व्यङ्ग्य
- जीवनको प्रतीकात्मक प्रस्तुति ।

## ३.२ बर्दिया जिल्लाको आख्यान सिर्जनाको पृष्ठभूमि र परम्परा

नेपाली आख्यानलाई विकसित पार्न बर्दिया जिल्लाका आख्यानकारहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । बर्दिया जिल्लामा आख्यान लेखनको सुरुवात केही ढिलो गरी भए पनि पछिल्लो समयमा यो तीब्रताका साथ बढिरहेको छ । यस जिल्लामा आख्यान लेखन सुरु हुनुभन्दा पहिले अन्य विधाको लेखन सुरु भएको हो । यस जिल्लामा आख्यान लेखन आरम्भ हुनुभन्दा अघिको पृष्ठभूमि र आख्यानको परम्पराबारे चर्चा गरिएको छ ।

---

७९. यादवप्रकाश लामिछाने र गीता लामिछाने, पूर्ववत्, पृ. ५२ ।

### ३.२.१ बर्दिया जिल्लाको आख्यानको पृष्ठभूमि

बर्दिया जिल्लाको आख्यानको पृष्ठ भूमिलाई केलाउँदा यहाँका नेपाली, थारु र अवधि भाषाका लोक साहित्यिक परम्परासम्म पुग्नु पर्ने हुन्छ । आदिवासी जनजाति थारुका सांस्कृति चाडपर्वहरूमा गाइने, नाचिने, लोकगीत, लोकनाट्य, लोकनृत्य परम्परा यहाँको जीवन्त संस्कृतिकै रूपमा रहेको छ । पछिल्लो समयमा दैलेख, सुर्खेत, अछाम, दाङ, स्याङ्जा, अर्घाखाची, वाग्लुङ आदि पहाडी र भित्री मधेशका जिल्लाबाट बसाइँ सरी आएका मानिसहरूले गाउने लोकगीतहरूको परम्परा समेत थपिएको छ । प्रचलित लोक गीतहरू पानीका बाह्रमासे मूल र साउने मूल जस्ता दुई प्रवाहका छन् । एउटा प्रवाह जनश्रुति परम्पराबाट आएका गीत धारामा छ भने अर्कोमा समसामायिक घटनामा भावुक हृदयबाट उम्रेका भावहरूको बाहुल्य छ । लोककथा, लोकनाटक, उखान, टुक्का र लोकगाथाको परम्परा पनि यहाँ रहेको छ । लोक साहित्यबाट फड्को मार्दै अन्य साहित्यिक विधाले स्वरूप ग्रहण गरेको हुन् ।[८०] लोककथा, लोकनाटक, उखान, टुक्का, लोकगाथाको परम्परा पनि यहाँ रहेको छ । लोक साहित्यबाट फड्को मार्दै अन्य साहित्यिक विधाले स्वरूप ग्रहण गरेका हुन् ।

श्री महाकवि देवकोटा मा.वि. गुलरिया यस जिल्लाको साहित्यिक गतिविधि सञ्चालन गर्ने पहिलो संस्था हो । यस विद्यालयबाट वि.सं.२०२९ मा नन्दराज सुवेदीको सम्पादकत्वमा **वाणी** १.१ अङ्क प्रकाशित भएको छ । यस पत्रिकामा कथा, कविता र निबन्ध प्रकाशित छन् । श्री अमर सहिद दशरथ चन्द मा.वि. राजापुरले **कर्णाली** (वि.सं.२०३३), कर्मचारी मिलन केन्द्र गुलरियाले अभिव्यक्ति  (वि.सं.२०४४), **कृष्णसार स्मारिका** (वि.सं.२०५२) प्रकाशन गरेका छन् । कृष्णसार स्मारिका प्रदीपराज कँडेलको सम्पादकत्व र गणेश लोहनी, कृष्णराज अधिकारी, खगेन्द्रराज शार्मा, वसन्तकुमार कनौजिया र गोपाल दहितको सक्रियतामा प्रकाशित भएको थियो । यस प्रकाशनमा स्तरीय लेख रचना प्रकाशित भएका छन् । कर्मचारी मिलन केन्द्रले बर्दियाको साहित्यको विकासमा पुऱ्याएको योगदान महत्वपूर्ण छ ।[८१]

---

८०. पूर्ण प्रकाश नेपाल 'यात्री' विषय प्रवेश : **भेरी लोक साहित्य** (काठमाडौं : ने.रा.प्र.प्र., कमलादी २०४१), पृ. १८ ।

८१. गोपाल दहित, **बर्दिया जिल्लाको परिचय**, कृष्णसार स्मारिका (गुलरिया : कर्मचारी मिलन केन्द्र, बर्दिया, २०५२), पृ.३ ।

नेपाल रेडक्रम सोसाइटी बर्दिया जिल्ला शाखा, महेन्द्र प्रकृति संरक्षण कोष बर्दिया संरक्षण आयोजना, राजापुर स्पोर्टस क्लब, बर्दिया राष्ट्रिय निकुञ्ज बर्दिया एकीकृत संरक्षण आयोजना, विद्यार्थी वातावरण समूह, श्री जगदम्बा मा.वि. मडेला जस्ता संस्थाहरूले विभिन्न जन चेतनामूलक कार्यक्रमहरू, विद्यालयस्तरीय निबन्ध र कविता प्रतियोगिता आयोजना गरी साहित्यिक प्रतिभालाई प्रष्फुटित हुने अवसर प्रदान गरेका छन् ।[८२]

यस क्रममा बुद्धिनाथ ज्ञवाली, गोप बहादुर शाह, दिनेश प्रसाद श्रेष्ठ, विष्णु प्रसाद मरासिनी, गोपाल प्रसाद शर्मा अधिकारी, पुरमल बस्नेत सिम्ताली, प्रकाश राजापुरी, चक्रपाणि आचार्य, मनऋषि धिताल, अग्र बहादुर शाही, रेशम बहादुर चौधरी, रमेश ज्ञवाली, सन्तराम धरकटुवा, किशोर गौतम, सरला रेग्मी आदि बर्दिया जिल्लाको साहित्यिक गतिविधिमा सक्रियतापूर्वक लागेको पाइन्छ ।

वि.सं. २०२९ सालदेखि नै बर्दिया जिल्लामा विभिन्न विधाहरू (कविता, कथा, निबन्ध, गीत) लेख्न थालिएको पाइन्छ । यसै पृष्ठ भूमिमा वि.सं.२०३३ सालदेखि मात्र नेपाली भाषामा आख्यान लेखन भएको पाइन्छ । वि.सं.२०३३ सालमा **कर्णाली** पत्रिकामा केदार पोखरेलको असामान्यजस्य कथा प्रकाशन भएपछि बर्दियामा आख्यान साहित्यको यात्रा आरम्भ भयो । त्यसपछि हालसम्ममा गोप बहादुर शाह, बुद्धिनाथ ज्ञवाली, सरला रेग्मी, अयोध्या प्रसाद श्रीवास्तव आदिका आख्यानकृति यस जिल्लामा प्रकाशित भइसकेका छन् ।

### ३.२.२ बर्दिया जिल्लाको आख्यान परम्परा

शक्तिबल्लभ अर्ज्यालदेखि सुरु भएको नेपाली आख्यान वि.सं.२०३० को दशकदेखि बर्दिया जिल्लामा पनि सुरु भएको पाइन्छ । यस जिल्लामा वि.सं.२०३३ देखि आख्यान लेखनसँगै पत्र, पत्रिकामा प्रकाशन भएको पाइन्छ । बर्दिया जिल्लाको आख्यानको विकासलाई सहज तरिकाले अध्ययन गर्नको लागि कथा र उपन्यासलाई अलग अलग राखेर अध्ययन गरिएको छ ।

---

८२. दीपक गौतम, **नेपाली साहित्यमा भेरी अन्चलको योगदान**, (काठमाडौं : त्रि.वि. केन्द्रीय नेपाली विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र २०५६), पृ.९१ ।

### ३.२.२.१ बर्दिया जिल्लाको कथाको विकास

वि.सं. १८२७ देखि शक्ति बल्लभ अर्ज्यालले आरम्भ गरेको नेपाली कथा वि.सं.२०३० को दशकमा आएर मात्र बर्दिया जिल्लामा पनि प्रारम्भ भएको पाइन्छ । लिखित रूपमा वि.सं.२०३३ सालमा **कर्णाली** पत्रिकामा असमाज्स्य शीर्षकको कथा प्रकाशन भएको पाइन्छ । वि.सं.२०३३ देखि पत्र पत्रिकामा प्रकाशन भए पनि कृतिका रूपमा वि.सं.२०६३ सालमा आएर मात्र प्रकाशित भएको पाइन्छ । वि.सं.२०३३-२०६९ उपर्युक्त लगभग चार दशक सम्मको लेखन प्रकाशन र योगदानलाई ख्याल गर्दै बर्दिया जिल्लाको कथाको विकासलाई कृति प्रकाशन पूर्व र कृति प्रकाशन पश्चात् गरी दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) पहिलो चरण (वि.सं. २०३३-२०६२)

(ख) दोस्रो चरण (वि.सं. २०६३-२०६९)

**(क) पहिलो चरण (वि.सं. २०३३-२०६२)**

शक्तिवल्लभ अर्ज्यालदेखि सुरु भएको नेपाली कथा वि.सं.२०३३ को दशकदेखि बर्दिया जिल्लामा फुट्कर रूपमा प्रकाशन भएको पाइन्छ । गुलरियाबाट प्रकाशित **कर्णाली** पत्रिकामा वि.सं.२०३३ मा छापिएको केदार पोखरेलको कथा नै यस जिल्लाको प्रथम प्रकाशित कथा हो । यस अनुसार वि.सं.२०३३ देखि २०६२ सम्म बर्दिया जिल्लाका साहित्यकारद्वारा विभिन्न पत्रिकामा प्रकाशित गरिएका फुटकर कथाहरूलाई यसरी देखाउन सकिन्छ :

| **क्र.सं.** | **कथाकारको नाम** | **कथाको शीर्षक** | **पत्रिका, वर्ष, अङ्क, प्रकाशन वर्ष** |
|---|---|---|---|
| १ | केदार पोखरेल | असामञ्जस्य | कर्णाली, १:१, २०३३ |
| २ | भुपेन्द्र कार्की | सानु | " " " |
| ३ | निसम छाङ्ग | अधुरो आकांक्षा | " " " |
| ४ | सनत रेग्मी | एउटा मनस्थिति | " " " |
| ५ | अशेष मल्ल | बन्द ढोकाभित्र | सिर्जना, २:८, २०३३ |
| ६ | केदार पोखरेल | सहत मुनि | " " " |
| ७ | विश्वम्भर प्याकुरेल | तिन घाउ | " " " |
| ८ | भोलानाथ बी.सी. | पर्खदा पर्खंदै | वाणी, ८:४, २०३६ |
| ९ | गीताराम भण्डारी | डाक्टर | " " " |

| | | | |
|---|---|---|---|
| १० | पी.सी. | मूल्याङ्कन | " " " |
| ११ | लोकनाथ खरेल | आज पनि पाँच बज्न लाग्यो | सिर्जना, २०५१-२०५३ |
| १२ | प्रवीणा भट्टराई | अठोट | वाणी, १:१, २०५४ |
| १३ | सुदीपकुमार उपाध्याय | डर | " " " |
| १४ | नारायण रिमाल | अँध्यारोले घेरिएको घर | " " " |
| १५ | राधा चौलागाइँ | चोरीको परिणाम | " " " |
| १६ | पीताम्बर सुवेदी | लोभले विलाप | " " " |
| १७ | अमृत अधिकारी | लघु कथा | " " " |
| १८ | चक्रपाणि आचार्य 'अकेला' | पण्डितजी | प्यारो नयाँ मुलुक, १:४, २०५५ |
| १९ | चक्रपाणि आचार्य 'अकेला' | चक्र | नयाँ मुलुक, १:४, २०५५ |
| २० | चक्रपाणि आचार्य 'अकेला' | आधुनिक प्रेम | नयाँ मुलुक, २:१५, २०५६ |
| २१ | पुरमल बस्नेत 'सिम्ताली' | सुकुमबासी | साहित्य कोसेली, ९, २०५६ |
| २२ | अनारा राजवंशी | प्रेम र पर्खाल | नयाँ मुलुक, १:४, २०५६ |
| २३ | जेल श्रेष्ठ | भोक | बर्दिया मञ्च, १:४, २०५६ |
| २४ | बुद्धिनाथ ज्ञवाली | शिक्षा | हाम्रो नयाँ मुलुक २:२०, २०५९ |
| २५ | नासो टाम्सिस सिग्देल | भोक | कृष्णसार स्मारिका २०५७ |
| २६ | बुद्धिनाथ ज्ञवाली | पशुसम्म | " " " |
| २७ | ज्ञानुदीप शाह | त्रसित मान्छे | नयाँ मुलुक, १:१९, २०५७ |
| २८ | विजय ज्ञवाली | मेरो साथी सिमल | काइल पहुँरा, ४.१, २०५७ |
| २९ | साधना प्रतीज्ञा | शहनाइको धुन | कृष्णसार स्मारिका २०५७ |
| ३० | अज्ञात | आँखा | बर्दियाली आवाज, १:१३, २०५७ |
| ३१ | पुरमल बस्नेत 'सिम्ताली' | विधुवा महिला | साहित्य कोसेली, -१०, २०५७ |
| ३२ | " " " | परदेशको कमाइ | सुनसरी संगम, - २०५७ |
| ३३ | " " " | बिदाइ | नेपालगञ्ज एक्सप्रेस, - २०५७ |
| ३४ | " " " | सिपाहीकी पत्नी | सिपाही, - २०५७ |

| | | | |
|---|---|---|---|
| ३५ | राधा ज्ञवाली | बिहेको निम्ता | बर्दियाली आवाज १:१९, २०५७ |
| ३६ | प्रेमराज गिरी | उपायको खोजी | लहर बर्दिया साहित्य समाज २०५८ |
| ३७ | बुद्धिनाथ ज्ञवाली | स्वाङ | " " " |

बर्दिया जिल्लाका केही फुट्कर कथाकारहरुमा गोविन्द ज्ञवाली, मणि शार्मा, निलम कार्की (निहारीका), रमेश ज्ञवाली, कविन्द्र राज भट्टराई, दिपक गौतम आदि रहेका छन् ।

**(ख) दोस्रो चरण (वि.सं. २०६३-२०६९)**

बर्दिया जिल्लाको कथा यात्राको दोस्रो चरणको सुरुबाट वि.सं.२०६३ सालमा प्रकाशित (२०६६ साल असार २९ गते भानु जयन्तीका दिन विमोचन) बुद्धिनाथ ज्ञवालीको **जल्दै गरेको आकाश** (वि.सं.२०६३) कथा सङ्ग्रहबाट भएको पाइन्छ । २१ वटा कथाहरू रहेको यस कथा सङ्ग्रहमा सामाजिकता प्रगतिवाद र मानवतावादको स्वर पाइन्छ । नेपाली समाजमा हुने गरेका विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विकृति विसङ्गतिहरूलाई विषयवस्तुका रूपमा कथ्य बनाइएको पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक, विसङ्गति, विकृति, अन्याय, भ्रष्टाचार, शोषण दमन, अनैतिकता जस्ता कुप्रवृत्तिलाई समाजबाट हटाएर आदर्श समाजको निर्णमासमा जोड दिनु यस कथा सङ्ग्रहमा रहेका कथाहरूको उद्देश्य रहेको छ ।

यसै गरी यस चरणको अर्को कथासङ्ग्रह सरला रेग्मीको **चुँडाल्दै बन्धनहरू** (वि.सं.२०६३) हो । १३ वटा कथाहरूलाई समेटिएको यस कथा सङ्ग्रहमा नवीनता, प्रगतिवाद र बहुपक्षीय आयामहरू बोकेको पाइन्छ । वर्गीय द्वन्द्व जनता विरुद्धमा फासीवादी हरकतहरू, अप्रेसनहरू र जनताका महान् त्याग, तपस्या साहस, साथै, बलिदान र प्रतिशोधको सेरोफेरोमा यी कथाहरू निर्माण भएका छन् । उत्पीडन र उत्पीडक वर्गप्रति घृणा, श्रम, श्रमिक जनताप्रतिको उत्कट प्रेम, मुक्तिको प्रखर चाहना, क्रान्ति र निरन्तर परिवर्तनको पक्षपोषण महान् र उदात्त मूल्यवोध जस्ता विषयहरू नै यस सङ्ग्रहमा रहेका कथाहरूको विशेषता रहेको पाइन्छ ।

यसै समयमा वुद्धिनाथ ज्ञवालीको अर्को कथा सङ्ग्रह **बगिरहेको जीवन** (वि.सं.२०६४) प्रकाशित पाएको पाइन्छ । जम्मा १५ वटा कथाहरू रहेको यस कथा सङ्ग्रहमा सामाजिकता, मनोवैज्ञानिकता र यौन मनोवैज्ञानिकता पाइन्छ । सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र धार्मिक समस्याहरूलाई यथार्थहरूमा प्रस्तुतीकरण गर्दै ग्रामीण जन जीवनका मानवीय शोषण दमन अन्याय अत्याचार जस्ता असङ्गत पक्षहरूको तस्बिर यस कथा सङ्ग्रहका कथामा खिचिएको पाइन्छ ।

यसै चरणमा प्रकाशित भएको अर्को कथा सङ्ग्रह सरला रेग्मीको **लाल विधवा** (वि.सं.२०६८) हो । सबै गरेर १९ वटा कथाहरू रहेको यस कथा सङ्ग्रहमा प्रगतिवाद, नारीवाद र नवीन वैचारिक एवम् जीवन मूल्यको सम्प्रेषण भएको पाइन्छ । यसमा सङ्कलित कथामा एकातिर जनयुद्धको सघन प्रक्रियामा झिल्काझिल्की देख्न सकिन्छ भने अर्कातिर जनयुद्धको परिणाम स्वरूप निर्माण भएमा पछिल्ला घटनाक्रम तथा परिस्थितिको चित्रण भएको छ । वस्तुतः यस सङ्ग्रहका कथामा विषयगत विविधता पाइनुका साथै समसामयिक घटना प्रसङ्गलाई कथात्मक बान्की दिने चेष्टा गरिएको पाइन्छ । यस चरणका कथाकारका प्रमुख प्रवृत्तिहरू यस प्रकार छन् :

- सामाजिक एवम् सांस्कृतिक मूल्य कमजोर हुनु,
- प्रगतिवादी कथा लेखनतर्फ रुचि जाग्नु,
- व्यक्तिमा जीवन भोगाइका असमाञ्जस्यता देखिनु,
- वर्गीय द्वन्द्व सम्बन्धी अभिव्यक्ति
- रुग्ण सामाजिक मान्यताप्रति व्यङ्ग्य
- जीवनको विसङ्गत पक्षको प्रस्तुति
- जनयुद्धको सफल र असफल पक्षको प्रस्तुति

### ३.२.२.२ बर्दिया जिल्लाको उपन्यासको विकास

बर्दिया जिल्लाको नेपाली साहित्यको लिखित परम्पराको इतिहासलाई नेपाली साहित्यको इतिहासँग जोडेर हेर्दा धेरैपछि मात्र यहाँ साहित्यिक यात्राको थालनी भएको पाइन्छ । पूर्वमध्यकाल (वि.सं. ९३६-१४४६) उत्तरमध्यकाल र इस्ट इन्डिया कम्पनीको अधीनमा रहेको

वेलासम्म यस जिल्लाको भाषिक तथा साहित्यक परम्परा अज्ञात नै रहेको पाइन्छ । वि.सं. १८७३ को सुगौली सन्धिमा नेपालले गुमाउनु परेका जिल्लाहरू मध्येको एक बर्दिया जिल्लापनि इस्ट इन्डिया कम्पनीले नेपाललाई नयाँ मुलक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) फिर्ता गरेपछि यो स्वतन्त्र भई यहाँ मिश्रित संस्कृति विकसित भएको पाइन्छ । बद्रिया जिल्लामा शिक्षाको प्रारम्भ वि.सं. २०१७ मा महाकवि देवकोटा मा.वि. को स्थापना पश्चात् प्रारम्भ भएको देखिन्छ । त्यसै गरी वि.सं. २०२९ मा **वाणी**, वि.सं. २०३३ मा **कर्णाली** जस्ता पत्रिका प्रकाशनले जन चेतना र साहित्यिक गतिविधि सामान्य रूपमा वृद्धि गर्न थालेको पाइन्छ । यस बिचमा विभिन्न पत्र पत्रिकाहरूले पनि बर्दिया जिल्लाको साहित्यिक विकासमा सहयोग पुऱ्याएको पाइन्छ । त्यस्तै वि.सं. २०५७ सालमा बर्दिया साहित्य समाजद्वारा प्रकाशित वार्षिक पत्रिका 'लहर' ले पनि बर्दिया जिल्लाको साहित्यिक विकासमा कोसेढुङ्गो साबित भएको छ ।

आधुनिक नेपाली आख्यानको परम्परा वि.सं.१९९१ मा रुद्रराज पाण्डेको **रूपमति** बाट भएको देखिन्छ । बर्दियाका सन्दर्भमा आख्यानात्मक लेखन कथाविधा हुँदै वि.सं. २०३३ मा अमर सहिद दशरथ चन्द मा.वि. राजापुरबाट प्रकाशित कर्णाली पत्रिकामा केदार पोखरेलको **असामाञ्जस्य** शीर्षक कथाबाट सुरु भएको पाइन्छ । सोही अवसरमा भूपेन्द्र कार्की, सनत रेग्मी, अशोक मल्लका कथाहरू देखिन्छन् ।

उपन्यास विधाका तहमा जाँदा यस जिल्लामा वि.सं.२०४९ सालमा गोप बहादुर शाहको **क्षितिजलाई नियाल्दा** औपन्यासिक कृति पहिलो उपन्यासका रूपमा देखिएको छ नेपाली उपन्यास परम्परामा आधुनिक कालको चालिसको दशकको उत्तरार्धपछि मात्र आरम्भ भएको बर्दिया जिल्लाको उपयन्यास लेखन परम्परामा गोप बहादुर शाह प्रथम उपन्यासकार र उनको **क्षितिजलाई नियाल्दा** (वि.सं.२०४९) प्रथम प्रकाशित औपन्यासिक कृति हुन पुगेको छ ।

बर्दिया जिल्लाको नेपाली साहित्यको लिखित परम्परा र विकासलाई हेर्दा कविता विधाबाट सुरु भई कथा, निबन्ध, उपन्यास, गजल, गीत र समालोचना आदि विधामा विभिन्न स्रष्टाहरूले कलम चलाएको पाइन्छ । वि.सं.२०२९-२०६९ सम्म आइपुग्दा बर्दियाको नेपाली भाषा साहित्यले ४० वर्ष पूरा गरेको देखिन्छ । यस ४० बर्से अवधिमा बर्दियाको नेपाली भाषा साहित्यलाई माथि उकास्न विभिन्न सङ्घसंस्था, स्रष्टाद्रष्टा, राजनैतिक व्यक्तित्व तथा पत्र

पत्रिका आदिको महत्त्वपूर्ण योगदान रहेको छ । यस अवधिमा आख्यान कारहरूले आख्यानको सूक्ष्म रूप लघुकथा, मध्यम रूप कथा र बृहद्‌रूप उपन्यास परिवेशलाई व्यक्त गर्न कलम चलाएको देखिन्छ । यस जिल्लामा आधा दर्जन जति उपन्यास प्रकाशित छन् भने त्यसभन्दा बढी लेखन भए पनि अप्रकाशित अवस्थामा रहेका छन् । वि.सं.२०५९-२०६९ सम्मको उपर्युक्त २० वर्षको अवधिमा बर्दिया जिल्लाको उपन्यास लेखन, प्रकाशन र योगदान, उपन्यास विधाको सिर्जन परम्परा तथा उपन्यासहरूले अवलम्बन गरेका विषयवस्तु र प्रवृत्तिलाई मध्य नजर गर्दा यस जिल्लाको उपन्यास लेखनको चरण विभाजन गर्न आवश्यक छैन ।

बर्दिया जिल्लाको औपन्यसिक यात्राको आरम्भ गर्ने प्रथम औपन्यासिक कृति गोप बहादुर शाहको **क्षितिजलाई नियान्दा** (वि.सं.२०४९) हो । नेपाली समाजमा व्याप्त अन्याय अत्याचार, अमानवीयता र वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको यस व्यथाहरूमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । परिवेशको चित्रणसँग समतामूलक आदर्श समाजको स्थापनामा जोड दिइएको यो उपन्यास यथार्थवादी धरातलमा उभिएको सामाजिक उपन्यास हो । औपन्यासिक शिल्प र भाषिक परिष्कारको कमी भएकाले यो उपन्यासले साहित्यक उचाइ प्राप्त गर्न सकेको छैन ।

दोस्रो औपन्यासिक कृतिका रूपमा सरला रेग्मीको **प्रवाह** (वि.सं.२०६६) उपन्यास देखिन्छ । १२ बर्से जनयुद्धको विषयवस्तुलाई मूल कथ्य बनाइएको यो उपन्यास यथार्थवादी धरातलमा उभिएको प्रगतिशील चिन्तनमा आधारित उपन्यास हो । क्रान्तिकारी विचार धारालाई अवलम्बन गरेको यस उपन्यासले गाउँबस्तीमा भएका शोषण, दमन र अन्याय अत्याचारका घटनालाई समेटेको छ । प्रगतिवादी वा समाजवादी यथार्थवादका माध्यमबाट मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई सौन्दर्यशास्त्र अनुकूल प्रयोग गरिएको छ ।

तेस्रो औपन्यासिक कृतिका रूपमा बुद्धिनाथ ज्ञवालीको **अन्तरङ्ग जीवन** (वि.सं.२०६९) देखिन्छ । यस औपन्यासिक कृतिमा वि.सं.२०६२/६३ को तेस्रो जन आन्दोलनपछि व्यवस्था परिवर्तन भई राज्य लोकतान्त्रिक शासन प्रणालीमा प्रवेश गरे पनि समाजमा विकृति, विसङ्गति, छल, कपट, व्यभिभार, नैतिक पतन जस्ता कुरामा परिवर्तन नभए तितो यथार्थतालाई प्रस्तुत गरिएको छ । भाषा प्रयोगका दृष्टिले पनि यो उपन्यास सफल देखिन्छ ।

चौथो औपन्यासिक कृतिका रूपमा अयोध्या प्रसाद श्रीवास्तवको **शीलवती** (वि.सं.२०६९) मा प्रकाशित भएको पाइन्छ । बर्दिया जिल्लाको औपन्यासिक परम्परामा विशिष्ट पहिचान राख्न सफल यस उपन्यासले पात्र, परिवेशको छनोट, पात्र चयन, आलङ्कारिक भाषाको प्रस्तुतिमा सशक्त भूमिका प्रदान गरेको छ । यस उपन्यासमा नागर सभ्यतातर्फ उन्मुख युवा युवतीको प्रेम प्रणय नेपालको तत्कालीन समयमा प्रचलित जमिनदारी प्रथा र प्रेम वियोगको बिलौना जस्ता पक्षलाई अत्यन्त मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

# परिच्छेद - चार

# बर्दिया जिल्लाका आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन

यस परिच्छेदमा बर्दिया जिल्लामा रहेर स्थायी बसोबास गर्दै आएका तथा बर्दिया जिल्लालाई कर्मभूमि मानेर यस जिल्लाको साहित्यिक गतिविधिमा सङ्लग्न भई सहयोग पुऱ्याउने साहित्य साधक आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन गरिएको छ । बर्दिया जिल्लामा वि.सं.२०६९ सालसम्ममा देखा परेका नेपाली भाषाका आख्यानकारहरू हुन् : गोप बहादुर शाह, सरला रेग्मी, बुद्धिनाथ ज्ञवाली, अयोध्या प्रसाद श्रीवास्तव । बर्दिया जिल्लाका उपर्युक्त आख्यानकार र तिनका आख्यान कृतिको कालक्रमलाई आधार मानी यस परिच्छेदमा अध्ययन गरिएको छ ।

## ४.१ गोप बहादुर शाह र उनका औपन्यासिक कृतिको अध्ययन

### ४.१.१ गोप बहादुर शाहको सङ्क्षिप्त परिचय

गोप बहादुर शाहको जन्म वि.सं. २०२३ असोज २२ गते सल्यान जिल्लाको घाँजरी पिपल वडा नं. ६ डुँडाखोलामा भएको हो । बसाइ सराई गरी १४ वर्षको उमेर हुँदा वि.सं.२०३७ सालमा बर्दिया जिल्लाको खैरी चन्दनपुर गाविस वडा नं. ९ कमोहनीमा बसेका र हाल स्थायी रूपमा भिमापुर गाविस वडा नं. ८ सडकपुरमा बसोबास छ ।[1] माता भीमा शाह । पिता लाल बहादुर शाहका सुपुत्र गोप बहादुर शाहको साहित्यिक नाम 'क्षितिज' हो । कक्षा पाँचमा पढ्दा कविता लेखनबाट आफ्नो साहित्य लेखन प्रारम्भ गर्ने शाहले आफ्नो सार्वजनिक साहियित्यक यात्राको थालनी **क्षितिजलाई नियाल्दा** उपन्यास **बहराइच** बाट प्रकाशित गरेको पाइन्छ । अङ्ग्रेजी शिक्षण पेसामा आबद्ध शाहले जनता मा.वि. गोलाबाट प्रवेशिका, वीरेन्द्र विद्या मन्दिर टीकापुरबाट प्रवीणता प्रमाणपत्र र अमर सहिद क्याम्पस राजापुरबाट स्नातक तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका छन् ।[2] साहित्यिक प्रेरणा हजुर आमाबाट पाएका शाह सरल,

१. गोप बहादुर शाहले राजापुर स्थित आफ्नै निवासमा दिएको विवरण अनुसार ।
२. ऐजन, ।

मिलनसार र मृदुभाषी स्वभावका धनी मानिन्छन् । शाहले कविता, नाटक र उपन्यास विधामा कलम प्रवाहित गरेका पाइन्छ । उनका लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित रहेका छन् भने पुस्तकका कृतिहरूमा उपन्यास नै रहेको छन् । शाहका कृतिहरू यस प्रकार छन् :

(१) **अवज्ञ** (२०५४-५६ सम्म लेखन) अप्रकाशित

(२) **परीक्षण** (२०५३ मा लेखन) अप्रकाशित

(३) **क्षितिजलाई नियाल्दा** (२०४९) प्रकाशित

(४) **ड्युटी** (२०५०) प्रकाशित

(५) **रोजगार** (२०५५) अप्रकाशित नाटक (मञ्चित)

शाहले बर्दिया जिल्लाको साहित्यिक क्षेत्रको विकासका लागि आख्यान क्षेत्रमा चलाएको कदम अतुलनीय छ । शाहले उपन्यास लेखन र प्रकाशन गरेको दुई दशक बित्दा नबित्दै उनका प्रकाशित कृति कुनै पनि पुस्तकालयमा नभेटिनुले यस क्षेत्रको पहिचान संरक्षण गर्ने कुनै संस्था नभएको महसुस गर्न सकिन्छ । उपर्युक्त प्रकाशित कृतिहरूमध्ये हाल **क्षितिजलाई नियाल्दा** उपन्यासको पाण्डुलिपि मात्र उपलब्ध भएको र ड्युटी उपन्यासको पाण्डुलिपि पनि नभएको कुरा शाहले व्यक्त गरेको पाइन्छ ।[३]

विश्वेश्वर प्रसाद कोइराला र बालकृष्ण समबाट प्रभावित शाह लक्ष्मी प्रसाद देवकोटाको **मुनामदन** बाट विशेष प्रभावित रहेको बताउँछन् । साहित्य लेखनको प्रेरणा स्रोत हजुर आमालाई लिने शाह नेपाली समाजको उपन्यास लेख्न मन लागेको विचार व्यक्त गर्दछन् । शाहको साहित्य लेखनको रुचि क्षेत्र भनेको उपन्यास नै हो । कुनै साहित्यिक सङ्घ संस्थासँग आबद्ध नभए पनि धार्मिक र सामाजिक कार्यमा आफ्नो महत्त्वपूर्ण भूमिका रहेको उनी बताउँछन् ।

गोप बहादुर शाहको प्राप्त एक उपन्यासमा वर्गीय शोषणलाई विषयगत बनाएर समाजको वर्गीय द्वन्द्व जस्ता कुरालाई सामाजिक यथार्थवादी तरिकाले अभिव्यक्त गरिएको छ । उनका औपन्यासिक कृतिमा नेपाली समाजमा व्याप्त शोषण, दमन, उत्पीडन, वर्गीय, द्वन्द्व जस्ता खराब पक्षको उद्घाटन गर्दै गरिब, दुःखी र असहाय पात्रको पक्षमा आफ्नो समर्थन

३.ऐजन, ।

देखाउँदै समाजमा आदर्श समाजको स्थापना गर्नुपर्ने अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ । भाषिक परिष्कार तथा औपन्यासिक शिल्पको अभावले उनका उपन्यासलाई साहित्यिक कोटिमा पुग्न गाह्रो परेको छ । उनमा उपन्यासमा हिन्दी भाषाको पनि बिच बिचमा प्रयोग भएको पाइन्छ ।

शाहले नेपाली भाषा र व्याकरणको निकासमा केही नयाँ कार्य गर्न नसके पनि नेपाली साहित्यको भण्डारलाई भरिपूर्ण तुल्याउने काम गरेको देखिन्छ । बर्दिया जिल्लाको उपन्यास लेखनको प्रारम्भ गर्ने तथा प्रथम पुस्तकाकार औपन्यासिक कृति प्रकाशन गर्ने श्रेय गोप बहादुर शाहलाई जान्छ । मूलतः उनका उपन्यासमा मानवीय भावना, जीवनको आशा एवम् निराशा, स्वर्णिम एवम् वितृष्णायुक्त क्षण, मस्तिष्कको पलायित अवस्था, सामाजिक यथार्थमूलक अभिव्यक्ति, मानवतावाद, गरिब जनजीवनको उदासी चित्रण र ईश्वरको भरोसामा रहेर पलायित हुने् प्रवृत्ति एवम् विशेषता रहेकाले उनमा उपन्यासलाई सामाजिक यथार्थवादी प्रवृत्ति भएको उपन्यास र उनलाई सामाजिक यथार्थवादी उपन्यासकारको रूपमा चिनाउन सकिन्छ । शाहका दुई प्रकाशित उपन्यासहरूमध्ये एउटा प्राप्य अवस्थामा नरहेकोले उनको उपलब्ध एउटा मात्र (पाण्डुलिपि) उपन्यासको अध्ययन गर्ने काम यस शोध पत्रमा गरिएको छ ।

### ४.१.२ 'क्षितिजलाई नियाल्दा' उपन्यासको अध्ययन

बर्दिया जिल्लाको उपन्यास लेखन परम्परामा नै प्रथम प्रभावित उपन्यास बन्न पुगेको गोप बहादुर शाहको **क्षितिजलाई नियाल्दा** उपन्यासकारका प्रकाशित औपन्यासिक कृतिहरूमध्ये पनि प्रथम हो । यसको प्रकाशन (वि.सं..२०४९) मा भारतको बहराइचबाट भएको हो । सामाजिक वर्गीय द्वन्द्व नै मूल कथ्यमा रहेको यो उपन्यास सामाजिक यथार्थवादी शैलीमा रचित मौलिक उपन्यास हो । पाण्डुलिपिमा कुल ६० पृष्ठमा लिखित प्रस्तुत उपन्यासले प्रजातन्त्र प्राप्ति भइसके पनि सामाीजक व्यवस्थामा खास सुधार हुन् नसकेको र सामाजिक विभेद अन्याय अत्याचार एवम् वर्गीय विभेद कायमै रहेको यथार्थलाई देखाउन खोजेको छ । औपन्यासिक तत्त्वका आधारमा **क्षितिजलाई नियाल्दा** उपन्यासको अध्ययन यस प्रकार गरिएको छ :

### ४.१.२.१ कथानक

**क्षितिजलाई नियाल्दा** उपन्यासको कथानक मौलिक तथा सामाजिक विषयवस्तुका आधारित छ । यसमा २०४६ सालको प्रजातन्त्र प्राप्ति पश्चात् देशमा प्रजातान्त्रिक व्यवस्था कायम होला भनी सोचेर बसेका नेपाली जनताले पुरानै शैलीको वर्गीय असमान व्यवहार र उच्च सामन्त वर्गको अमानवीय व्यवहारलाई सहन परेको यथार्थ प्रस्तुत गरिएको छ । जम्मा १२ परिच्छेदमा विभाजित यस उपन्यासको कथानकको सुरुवात म पात्रले मधेसको कुनै दश फाँटमा पहाडबाट झरेका निला नदीसँगै रातो दृश्य बगेको देखिने कुनै वस्तुलाई टाढाबाट देख्छ । त्यो वस्तु के होला भन्ने विषयमा उसका मनमा विभिन्न प्रश्नहरू उठ्छन् र त्यसलाई अमृतका रूपमा राखेर कथानकको उठान भएको छ । दोस्रो परिच्छेदमा पुग्दा ३० वर्षदेखि निर्दलीय व्यवस्था लाद्दै आएको पञ्चायती सत्ता ढलेपछि प्रतिनिधि पुराना पार्टीहरू खुल्लामञ्चमा नारा जुलुस गर्दै आउँछन् । जुलुसमा म पात्र पनि सहभागी हुन् पुग्छ । पञ्चायती शासकहरूलाई गालीगलौज गर्दै नाराबाजीका साथ अगाडि बढेको विशाल जुलुसको बिचमा १० वर्षकी कोही बालीका भिडमा कुल्चिन्छे र ऊ ऐया आम्मै भन्दै कराइ राखेकी हुन्छे । जुलुसमा सहभागीहरूले उस तर्फ ध्यान नै नदिई त्यसलाई झनै कुल्चिरहेका हुन्छन् । म पात्रले त्यस बालिकाको अवस्था देखेर भिडलाई पन्छाउँदै बालिकालाई उठाउँछ साथै जुलुसका सहभागीहरूलाई बाटामा हिड्ने नाबालकमाथि यस्तो अमानवीय व्यवहार गरेकोमा झोक व्यक्त गर्छ । विवाद बढ्दै जाँदा जुलुसको नेतृत्व गर्ने नेता र म पात्रका बिच हात हालहालसम्म हुन्छ । नेताको आदेश अनुसार जुलुसमा सहभागीहरूले उसलाई घेरेर हिर्काउँछन् । एकछिन्पछि पुलिसहरू आएर उसलाई आफ्नो नियन्त्रणमा लिएको केही समयपछि पुलिस प्रशासनबाट म पात्रले सफाइ पाउँछ । एकछिन्पछि सानी बच्चीलाई लगेर म पात्र बालिकाको घरसम्म पुग्छ । बालिकाले आफ्ना बुवासँग जुलुसमा आफूमाथि भएको दुर्व्यवहार बताउँछे र म पात्रकै कारण आफू बाँचेको भन्छे । केही बेर बालिका रीजाका बुवा कोजा र म पात्रका बिच देशको भ्रष्ट व्यवस्था र अगुवाइ गर्ने व्यक्तिहरूको लापर्वाहीबारे चर्चा चल्छ । आफ्नी छोरीलाई बचाएकोमा कोजाले म पात्रलाई धन्यवाद दिन्छ । बाबुको आज्ञा खनुसार रोजाले म पात्रलाई नास्ताका रूपमा चिया र अन्डा ल्याएर खुवाउँछे । चियाको गफसँगै म पात्रले कोजाको मुखबाट उसकी श्रीमती रीजा सानै हुँदा गुन्डाहरूबाट अपहरित भई अहिलेसम्म बेपत्ता रहेको जानकारी पाउँछ

र उनीहरूको दुःखमा धैर्यको सान्त्वना दिदै समय आएपछि न्याय पाइने वचन दिएर म पात्र विदा हुन्छ ।

उपन्यासको तेस्रो परिच्छेदमा मैया र धनसिङ्का बिचको प्रेम प्रसङ्गलाई कथानकको रूप दिइएको छ । लामो समयदेखि प्रेम सम्बन्धमा जोडिएको धनसिङ्ले मैयाद्वारा राखिएको विवाहको प्रस्तावलाई ट्याक्सी दिए मात्र विवाह हुन् सक्ने नत्र नसक्ने बताइ दिन्छ । धनसिङ्को यस्तो कुरा सुनेर निराश मैयालाई म पात्रले सान्त्वना दिँदै पढेलेखेका योग्य केटाहरू अरू पनि छन्, त्यसैले धनसिङ्प्रतिको मोह छोडेर जीवनमा आफू सुहाउँदो योग्य साथी रोजी अगाडि बढ्न सल्लाह दिन्छ । व्यवस्था परिवर्तन भए पनि नारीहरूमाथि उचित न्याय हुन् नसकेको कुरा म पात्रले राख्दछ र दुबै बिदा हुन्छन् । चौथो परिच्छेदमा रोजा लिभरको क्यान्सरले ग्रस्त भएको र सहारा विहीन आफ्नी छोरीलाई जीवनको अन्तिम क्षणमा ढाडस दिइरहेको पाइन्छ । आफ्नो मृत्यपछि छोरीलाई सङ्घर्ष गरेर जीवन बाँच्न सिक्नू, जीवन अस्तित्वका लागि हर प्रयत्न गर्नू तर आफ्नो अस्मिता बेच्ने नगर्नू भन्दै रोजाले प्राण त्याग गर्दछे । बाबुको मृत्युपछि रोजा भक्कानु छाड्दै रुन थाल्छे । पाँचौ परिच्छेदमा म पात्र बर्दियाको राजापुरबाट दक्षिपट्टीको सडक पछ्याउँदै अगाडि बढ्छ । समथर फाँटमा बनेका ससाना घरहरू र वरपरको सुन्दर दृश्यलाई स्वर्गीय थलोको उपमा दिँदै म पात्र अगाडि बढिरहेको हुन्छ । एकछिन्पछि उसले एउटी महिला र अर्को पुरुषका बिचमा भइरहेको विवाद र असभ्य संवाद सुनेर झस्किन्छ र आफूले सोचेको भन्दा विपरीत ठाउँमा आफू आएको महसुस गर्दा गर्दै म पात्रको भेट उसकै साथी भुवनसँग हुन्छ र भुवनकै माध्यमबाट उसले त्यो ठाउँ देह व्यापार गर्ने फायरी (रन्डी) हरूको बस्ती भएको जानकारी पाउँछ । आर्थिक अवस्था कमजोर भई आफ्नो देशका निम्न वर्गीय एवम् निम्न जातका बादी महिलाहरूले देह व्यापार गर्न परेको तितो यथार्थ थाहा पाएपछि २०४६ सालको व्यवस्था परिवर्तनले पनि यस्ता घृणित धन्दा हटाई महिलाहरूलाई उच्च सम्मानित जीवन स्तर दिन नसकेकोमा खिन्नता व्यक्त गर्छ । दुई वर्षपछि माघको चिसो मौसममा बिहानै म पात्र गाउँतिर निस्केको हुन्छ, टाढा टाढाबाट कसैले आफूलाई दाइ भनेको सुन्छ र यसो फर्केर हेर्दा १२ वर्षकी केटी रोजा नै हुन्छे । बाबुको मृत्युपछि जीवन धान्नका लागि ऊ बडाबाबु (राजासाहेब) का घरमा काम गर्न बसेको र त्यहाँ आफूलाई धेरै दुः ख भइरहेको म पात्रसँग बताउँछे । म पात्रले पनि रीजालाई धैर्य गरेर बस्न भन्दै आफू यस्तै असहाय बालबालिकाहरूको

सहयोगको लागि योजना बनाउन थालेको बताउँछ र बिदा हुन्छ । सातौँ परिच्छेदमा मैयाले म पात्रलाई टाढा पिपलको रुखमा कोही केटी झुन्डिएको देखाउँछे र दुवै त्यसतर्फ लाग्छन् । नजिक पुगेपछि झुन्डिएकी केटी मैयाकी साथी निशा भएको र धनसिङ्सँगको प्रेम सम्बन्धबाट उसका गर्भमा शिशुले बास पाइसकेको र निशाले विवाहको प्रस्ताव राख्दा धनसिङ्ले लत्याएपछि उसले मृत्युको बाटो रोजेको यथार्थ खुल्न आउँछ । एकदिनपछि निशाको दाइ आएर धनसिङ्को छातीमाथि मुक्का प्रहार गरी मारि दिन्छ र प्रहरीले उसलाई नजर बन्द गरिदिन्छन् । आठौँ परिच्छेदमा बडाबाबु र उसकी पत्नी ठुली दुलहीका बिच भएको संवाद प्रस्तुत गरिएको छ । ठुली दुलहीले रीजालाई घरमा नराख्न भन्छिन्, उनको भनाइ अनुसार आफ्ना ठुला छोराले रीजामाथि यौन दुर्व्यवहार गरेको र कुनै दिन त्यो कुरा प्रकाशमा आउँदा आफ्नो खानदानी इज्जत समाप्त हुने डरले रीजालाई घरमा नराख्ने भन्छिन् । त्यसपछि उनीहरूले रीजालाई २०/२५ हजारमा हेर्न आउने इन्डियन मान्छेको हात पार्ने निधो गर्छन । नवौँ परिच्छेदमा बडाबाबुका घरमा मोटे इन्डियन आएको, बडाबाबु र उसका बिचमा रीजाको सौदाबाजी भएको प्रसङ्गलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । दसौँ परिच्छेदमा म पात्र घुम्नका लागि कानपुर जान्छन् र कानपुर जस्तो आधुनिक सहरमा सजिएर हिँडेका युवतीहरू देखेर उसका मनमा यौनको उन्माद चढ्छ । यौन प्यास मेटाउनका लागि यस्ता सहरहरूमा वेश्यालयहरू हुन्छन् भन्ने कुरा सुनेका आधारमा जाँदा ऊ वेश्यालयमा पुग्छ र संयोगले वेश्यालयमा बेचिएकी रीजासँग उसको भेटघाट हुन्छ । दुवैले एक अर्कालाई चिन्छन् । रीजाले गाउँकै सामन्त ठुलाबाबुका हातबाट आफू बेचिएर यहाँ आइपुगेको बताउँछे । साथै आफूलाई मुक्त गरिदिन आग्रह गर्दै र फिलिम हेर्न भनी जाने निहुँमा उनीहरू मुक्त हुन्छन् ।

एघारौँ परिच्छेदमा रीजाले कानपुर वेश्यालयबाट छुटकारा पाएर घर फर्किंदै गर्दा बाटामा आइपुगेपछि म पात्र दिसा गर्न खोल्सातिर जान्छ । राजासाहेब र इन्डियनले भागेर आएकी रीजालाई भेटाएर हातपात गरी आफ्नो नियन्त्रणमा लिन खोज्छन् । रीजा दाइ दाइ भन्दै चिच्याउँछे उसको चीत्कार सुनेर म पात्र आइ पुग्छ । राजासहेब र इन्डियन व्यक्तिसँग म पात्रको झम्टाझम्टी हुन्छ । यही बिचमा रीजाले बन्चराले राजासाहेबको टाउकामा हिर्काएर मारिदिन्छे । म पात्रले इन्डियनलाई बक्सिङ प्रहार गरी मारिदिन्छ । उपन्यासको अन्तिम अध्याय बाह्रौ परिच्छेदमा म पात्र र रीजा घरतिर फर्किंदै गरेको अवस्थामा जङ्गलको बिचको क्षितिजमा

रातो देखिने अनौठो चिजतर्फ अघि बढ्छन् र नजिकै पुग्दा त्यो रगताम्य चिजबाट दर्दनाक चीत्कार सुनिन थाल्छ । उक्त दृश्य अरू केही नभई रीजाकी आमा नै हुन्छिन् । गुन्डाहरूको दुर्व्यवहारबाट पीडित उनले आफ्नै छोरीको मुख हेर्ने इच्छा व्यक्त गरेकी हुन्छिन् । नजिक पुगेपछि रीजाले आफ्नी आमालाई चिनेर अँगालो मार्छिन् र आमाले पनि आफ्नी छोरीलाई बाहुमा बाँध्न खोज्दा हात गुन्डाको प्रहारबाट धुजा धुजा भएको हुनाले बाँध्न सक्तिनन् । आमाछोरीको सुखद मिलनमा यस उपन्यासको कथानक टुङ्गिएको छ ।

### ४.१.२.२ चरित्र चित्रण

'क्षितिजलाई नियाल्दा' उपन्यासमा विभिन्न पात्रहरू रहेका छन् । कार्य भूमिकाका आधारमा पात्रहरूको अध्ययन गर्दा प्रमुख, सहायक र गौण भूमिका निर्वाह गर्ने पात्रहरू प्रयोग भएका छन् । विभिन्न आधारमा यी पात्रहरूको चरित्र चित्रणलाई तालिका मार्फत निम्नानुसार देखाउन सकिन्छ :

| क्र.सं. | पात्र | लिङ्ग | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आबद्धता | आसन्नता |
|---|---|---|---|---|---|---|---|---|
| १ | रीजा | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २ | म पात्र | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ३ | राजासाहेब | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ४ | कोजा | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ५ | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ६ | मैया | स्त्री | गौण | अनुकूल | गतिशील | वर्गीय | बद्ध | मञ्चीय |
| ७ | धनसिङ् | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ८ | निशा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ९ | ठुली दुलही | स्त्री | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |
| १० | भुवन | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |
| ११ | नेता | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १२ | इन्डियन | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १३ | गुन्डाहरू | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मुक्त | निपथ्य |

'रीजा' यस उपन्यासकी प्रमुख नारी पात्र वा नायिका हो । गरिब परिवारमा जन्मेकी दुई वर्षकै उमेरमा गुन्डाहरूले आमालाई अपहरण गरेका कारण मातृस्नेहबाट बञ्चित र १२ वर्षको हुँदा एक मात्र सहाराका रूपमा रहेका बाबुको समेत मृत्यु भएपछि बेसहारा भएकी दीनहीन

टिठ लाग्दी अनुहारकी पात्रका रूपमा उपन्यासमा वर्णित छे । सानैमा सडकमा खेल्न जाँदा नारा जुलुस गर्दै आइरहेको भिडमा ऊ कुल्चिइन पुग्छे र म पात्रको सहयोग पाएर अन्तिम सम्म उसको जीवन अस्तित्व रहन सकेको छ । बाबुको मृत्युपछि जीवन धान्न रीजाले राजासाहेब भन्ने सामन्तका घरमा नोकर्नीका रूपमा काम गर्नु परेको छ । कोजाकी छोरीको रूपमा देखिएकी रीजा लिङ्गका आधारमा स्त्री पात्र हो भने स्वभावका आधारमा सरल, निश्चल र निष्कपट स्वभावकी स्थिर पात्र हो । निम्न वर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय र च्याप्टी पात्रका रूपमा उसलाई हेर्न सकिन्छ । जीवनमा आइपर्ने अनेकौं हन्डर र ठक्करहरूलाई सहँदै आवश्यक पर्दा म पात्रको सहयोग लिएर आफ्नो अस्तित्व सुरक्षित गर्ने रीजा सङ्यमित र निम्न वर्गका नारीहरूको जीवन भोगाइलाई प्रतिनिधित्व गर्ने यथार्थ पात्र हो । बाबुको मृत्युपछि राजासाहेबकहाँ उसले कष्टपूर्ण जीवन भोल्नु परेको छ । बाबु साहेबको कुकृत्यद्वारा कानपुरको वेश्यालयमा बेचिएकी रीजाको जीवन आँधिबेहरीले युक्त छ । कैयौ अपमान, अत्याचार र तिरस्कारलाई छेल्दै ऊ बाँचेकी छ । उपन्यासमा यसको भूमिकालाई अलग गर्न नसकिने हुँदा आवश्यकताका हिसाबले औपन्यासिक कथानकभित्र प्रत्यक्ष रूपले संलग्न भएको हुँदा आसन्नताका हिसाबले ऊ मञ्चीय पात्र हो । निम्न वर्गीय विपन्न घरमा हुर्केका बालबालिकाहरूको भोगाइलाई प्रतिनिधित्व गर्ने हुँदा जीवन चेतनाका आधारमा ऊ वर्गीय पात्र हो । आफै दुःख भोग्न विवश र अरू कसैलाई दुःख नदिने तर अन्तिममा राजासाहेबलाई बन्चरो प्रहार गरी मारेर आफ्नो अस्तित्व समाप्त गरिदिन खोज्नेप्रति, उसले देखाएको यस्तो व्यवहारलाई प्रतिकूल भन्न सकिदैन तसर्थ ऊ प्रवृतिका आधारमा अनुकूल पात्र हो ।

'म' यस उपन्यासको प्रमुख पुरुष पात्र हो । पढेलेखेको शिक्षित तर निमुखा विपन्न व्यक्तिहरूको सहयोगी पात्रका रूपमा देखा परेका हुनाले म पात्र वर्गीय चरित्र हो । बर्दियाको राजापुर क्षेत्रमा बसोाबास गर्ने म पात्र त्यस क्षेत्रका गरिब बेसहाराहरूको दुःख वेदनाहरूलाई बुझ्ने उपकारी र सहयोगी चरित्रका रूपमा देखा पर्दछ । उपन्यासको सुरुवातमै जुलुसको भिडले कुल्चिएकी रीजालाई बचाएर सहयोगी भूमिका खेलेको म पात्रले अन्त्यसम्म रीजालाई अप्ठेरोमा सहयोग गरेको छ । मैयालाई उचित सल्लाह र प्रेरणा दिने कोजालाई आश्वासन दिने म पात्र देशको बिग्रँदो राजनीति तथा सामाजिक अवस्थाबाट खिन्न देखिन्छ । सहयोगी भूमिका खेल्ने भएकाले प्रवृत्तिका आधारमा अनुकूल, सुरुदेखि अन्तिम सम्म एउटै स्वभावमा अडिग

भएकाले स्थिर र निम्न वर्गको पक्ष पोषण गर्ने भएकाले वर्गीय चरित्रका रूपमा म पात्रको उपस्थिति देखिन्छ । औपन्यासिक कथानकभित्र छुट्याउनै नसकिने गरी बाँधिएको हुनाले आबद्धताका आधारमा आबद्ध र प्रत्यक्ष रूपमा भूमिका निर्वाह गरेका हुनाले म पात्र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

'राजासाहेब' यस उपन्यासको सहायक पुरुष चरित्र हो । गाउँको सम्भ्रान्त वर्गीय सामन्तका रूपमा देखा परेको ऊ हैकमवादी, व्यभिचारी, अमानवीय र अपराधी चरित्रका देखिन्छ । आमाबाबु विहीन भएकी १२ वर्षीय नाबालिका रीजालाई घरमा काममा दल्ने आफ्ना छोराले उसमाथि यौन दुर्व्यवहार गर्दा त्यसलाई प्रकृतिको नियम हो भनी सामान्य ठानेका हुनाले र अन्त्यमा इन्डियन दलालसँग मिली रीजालाई कानपुरको वेश्यालयमा बेच्ने जस्ता घृणित कार्यहरू गरेका हुनाले राजाबाबुसाहेब प्रवत्तिका आधारमा प्रतिकूल र जीवन चेतनाका आधारमा उच्च वर्गको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । सुरुदेखि अन्तिमसम्म सामन्ती प्रवृत्तिलाई नछोडेका हुनाले ऊ स्थिर पात्र हो । यसको भूमिकाविना कथाले पूर्णता नपाउने हुँदा आबद्धताका आधारमा बद्ध र उपन्यासमा प्रत्यक्ष उपस्थित देखिएकाले हुनाले आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

आमा, बुबा (कोजा), मैया, निशा र भुवन यस उपन्यासका गौण पात्र हुन् । प्रवृत्तिका आधारमा यी अनुकूल, जीवन चेतनाका आधारमा वर्गीय र स्वभावका आधारमा स्थिर चरित्रका रूपमा देखा पर्दछन् । ठुली दुलही, धनसिङ, नेता, इन्डियन मोटे र गुन्डाहरू जस्ता पात्रले गौण रूपमा आआफ्ना भूमिका निर्वाह गरेका छन् । कथानकको विकासमा नायक नायिका विपरित भूमिका खेलेको हुनाले यी पात्रहरुलाई प्रवृत्तिका आधारमा प्रतिकूल, जीवन चेतनाका आधारमा उच्च वर्गको प्रतिनिधित्व गर्ने वर्गीय चेतनाका रूपमा हेर्न सकिन्छ । कथानकको सुरुदेखि अन्तिम सम्म एकैनासको भूमिकामा रहेका हुनाले स्वभावका आधारमा यी स्थिर चरित्रका रूपमा देखा पर्दछन् ।

### ४.१.२.३ परिवेश

पश्चिम नेपालको तराईमा पर्ने बर्दिया जिल्लाको छुट्टै भूखण्ड राजापुर क्षेत्र र वरिवरिका ठाउँलाई उपन्यासका परिवेशको रूपमा समेटिएको छ । कानपुरको सहरी क्षेत्र, साँगुरा गल्ली र वेश्यालय उपन्यासको परिवेश बनेर आएका छन् । तराईको समथर फाँट, हरियो जङ्गल र नीला नदीलाई भौगालिक परिवेशका रूपमा समेटिएको छ । उपन्यासको प्रकाशन वि.स. २०४९ मा भएकाले र यसमा आएका पञ्चायत विरोधी नारा जुलुस जस्ता प्रसङ्ग आदिलाई ध्यानमा राख्दा उपन्यासमा वर्णित घटना र स्थिति २०४६ सालको जनआन्दोलनपछिका देखिन्छन् । निम्न वर्गीय नेपाली जीवनको कष्टप्रद करुण जिन्दगी, उच्च वर्गीय हैकम, अन्याय अत्याचार र मिचाहा प्रवृत्तिलाई हेर्दा तथा तराईमा प्रचलित जमिनदारी तथा राजा रजौटामा पाइने अहम् प्रवृत्तिलाई कलात्मक रूपले प्रस्तुत गर्दा उपन्यासमा उच्च सामाजिक तथा सांस्कृतिक परिवेश झल्किएको पाइन्छ । उपन्यासमा मानव जीवनलाई भाग्यको खेल ठान्ने स्वच्छन्दतावादी प्रवृत्ति यसरी व्यक्त भएको छ : “धैर्य रहू रीजा धैर्य रहू हरेक रङ्गशालामा गुडाउने फुटबल हो । सबैको लात्तीको चोट फुटबलले सहे जस्तै जीवनका प्रत्येक खेललाई सहन गर्नु पर्छ ।”

यसै गरी रीजाको करूण जिन्दगी, कोजाको दुःखद निधन र आमाको पीडादायक अवस्थाको चित्रणले उपन्यासमा मार्मिक तथा त्रासदीमय स्थिति सिर्जना गरेको छ । उपन्यास दुःखपूर्ण त्रासद घटनाले मार्मिक बनेको छ । बर्दियाको आन्चलिक परिवेशले केही स्थानीय रङ्ग पनि भरिएको छ ।

### ४.१.२.४ संवाद

यस उपन्यासमा सरल, सहज र आकर्षक संवाद प्रयोग भएका छन् । पात्रको स्तर अनुसार बौद्धिकतालाई पनि ध्यानमा राखिएको छ । आवश्यकता अनुसार संवादको प्रयोग गरिएको छ । सबैभन्दा बढी संवादमा भाग लिने पात्र म पात्र हो ऊ नेता, रीजा, रीजाको बाबु कोजा, मैया र भुवन जस्ता प्रायः सबै पात्रहरूसँग संवादमा भाग लिन पुग्दछ । म पात्र र नेताका बिचमा भएको संवाद :

"तेरा आँखा फुटेका थिए कि क्या हो ?"
"तपाईंले कुन गतिलो काम गर्नु भएको छ र तपाईंलाई नेताको रूपमा चिन्ने ?"
"साला हराम ! तँ पाखेलाई के थाहा ? यो परिवर्तन कसले गर्दा भएको हो ?"
"जनताको चीत्कार र सहिदको रूपमा भएको हो ।"
"के तँ मलाई नेता मान्दैनस्"
"म मान्दिनँ ।"[४]

निम्न वर्गीय अशिक्षित पात्रहरूमा पाइने असभ्य बोली व्यवहारलाई झल्काउने रन्डी र ग्राहकका बिचको संवाद :

"माउराकी रन्डी ! मेरो हप्पै हुप्या हिइदिइ हुनै, झट्ट ल्या मगन ! "
" टोग्याले त खोज्यल नाइ ! अब चप्पलै खालाइ ।"[५]

नेपाली चेलीको बेचविखनका लागि राजासाहेब र इन्डियनबिच मोलमोलाइका लागि भएको संवाद :

"आपका बेटी हुन् ?"
"नही काम करनेवाली ।"
"लडकी तो बहुतै राम्रो छ ।"
"आपका पसन्द लाग्यो ?"
"हजुर बहुतै लाग्यो ।"
"लड्कीका कोइ जरुरत छ ।"[६]

यस उपन्यासका संवादहरू प्रसङ्ग अनुसार प्राय : छोटा र केही लामा छन् । संवादको प्रयोगले उपन्यासलाई रोचक बनाएको छ ।

४. गोप बहादुर शाह **क्षितिजलाई नियाल्दा**, (बहराइच, २०४९, पाण्डुलिपी), पृ.४ ।
५. ऐजन, पृ.३० ।
६. ऐजन, पृ.४५ ।

### ४.१.२.५ उद्देश्य

यस उपन्यासले राजनीतिक व्यवस्था परिवर्तन भए पनि नेतृत्वका सोच, प्रवृत्ति र संस्कार परिवर्तन हुन् नसक्दा सामाजिक समस्याहरू समस्याकै रूपमा रहेको यथार्थलाई प्रस्तुत गरेको छ । उपन्यासकारले यस उपन्यासमा समाजको शोषण र उत्पीडनको चित्र प्रस्तुत गर्दै दुःखी गरिब र निमुखा व्यक्तिको पक्ष लिएका छन् । गरिब र असहाय बालिका रीजाप्रति अगाध प्रेम, सद्भाव र सहयोग गर्ने पाका माध्यमबाट समाजमा राम्रा गुण भएका व्यक्तिहरू पनि हुन्छन् भन्ने सङ्केत मिल्छ । देह व्यापार गर्न बाध्य, बलात्कृत हुन बाध्य र वेश्यालयहरूमा बेचिन विवश नेपाली नारीहरूको कारूणिक अवस्था दर्साउनु एवम् सामन्त वर्गको मिचाहा प्रवृत्तिप्रति रोष व्यक्त गर्नु यस उपन्यासको उद्देश्य हो ।

### ४.१.२.६ द्वन्द्व

यस उपन्यासमा सहज किसिमको द्वन्द्व प्रयोग भएको छ । सिङ्गो समाजलाई नै शोषक र शोषित वर्गको रूपमा उभ्याइ वर्गीय द्वन्द्व प्रस्तुत गरिएको छ । निम्न वर्गको प्रतिनिधि पात्र रीजा, आमा, मैया र निशा लगायतको उच्च वर्गीय सामन्त राजासाहेब, इन्डियन व्यक्ति र नेताहरूका बिचमा वर्गीय द्वन्द्व देखाइएको छ । यस उपन्यासमा सत्को पक्षधर म पात्रको असत् पात्र गुन्डा, नेता, राजासाहेबका बिचमा द्वन्द्वभन्दा बाह्य पक्ष नै बढी पाइन्छ । वर्गीय द्वन्द्व देखाई निम्न वर्गको विजयका माध्यमबाट आदर्श समाजको पक्षपोषणमा जोड दिइएको छ ।

### ४.१.२.७ दृष्टिविन्दु

प्रस्तुत उपन्यासमा भएका सम्पूर्ण घटना क्रिया र द्वन्द्वलाई उपन्यासकार आफैले समेत भोगेको ढाँचामा वर्णन गरेका छन् । रीजाको जीवनमा बढी केन्द्रित भए पनि सबै घटना, क्रियाकलाप र संवाद पात्रका मानसिक उथलपुथल समेत उपन्यासभित्र बसी, प्रथम पुरुष शैलीमा वर्णन गरिएको हुनाले यसमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु रहेको छ ।

### ४.१.२.८ भाषाशैली

'क्षितिजलाई नियाल्दा' उपन्यास भाषा प्रयोगका हिसावले फितलो रहेको छ । शुद्ध र स्तरीय भाषा प्रयोगतर्फ केही त्रुटिहरू रहेकै छन् । पात्र अनुकूलको सरल सहज भाषा प्रयोग भएको छ । प्रसङ्ग अनुसार हिन्दी भाषाको मिश्रित प्रयोग पाइन्छ । जस्तै :

"आपका टिकट यहीका है"

"जी हाँ वैठीए ।"

"लेट नहि होगा श्रीप पाँच मिनेट इन्तेजार करिय ।"[७]

पात्रको स्तर अनुसार शिष्ट तथा अशिष्ट भाषाको प्रयोग पनि पाइन्छ । विम्ब, प्रतिकको प्रयोग उपन्यासमा प्रयोग भएको पाइँदैन । रूपक, उपमा, उत्प्रेक्षा जस्ता अलङ्कारको आंशिक प्रयोग पाइन्छ ।

समग्रमा वि.सं.२०४९ सालमा प्रकाशित भई बर्दिया जिल्लाको औपन्यासिक यात्राको आरम्भ गर्ने, **क्षितिजलाई नियाल्दा** उपन्यास यथार्थवादी धरातलमा अल्झिएको सामाजिक उपन्यास हो । नेपाली समाजमा व्याप्त अन्याय, अत्याचार, अमानवीयता र वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको यो उपन्यास वर्णनात्मक शैलीको लघु आयाम भएको घटना प्रधान उपन्यास हो । भाषाको सामान्य प्रयोगका कारण त्यति कलात्मक उचाइ छुन सकेको छैन । ग्रामीण परिवेशको चित्रणसँग समतामूलक आदर्श समाजको स्थापनामा जोड दिएको यस उपन्यासले उच्चवर्गीय मिचाहा प्रवृत्तिको विरोध गर्दै असहाय गरिब वर्गप्रति सहानुभूति राख्ने काम गरेको छ ।

## ४.२ सरला रेग्मी र उनका औपन्यासिक कृतिको अध्ययन

### ४.२.१ सरला रेग्मीको सङ्क्षिप्त परिचय

सरला रेग्मीको जन्म वि.सं.२०२६ भदौ ३० गते दाङ जिल्लाको घोराही नगरपालिका वडा नं. ३ बर्गदीमा भएको हो । बसाइ सराइ गरी आमाबाबु वि.सं.२०४४ तिर बर्दिया

---

७. ऐजन, पृ.४९ ।

जिल्लाको मगरागडी-७ हर्नवामा आए पनि उनी आफू चाहिँ २०४८ मा मात्र बर्दिया आएकी थिइन् ।[८] आमा शिला रेग्मी र बाबु शक्तिराज रेग्मीकी सुपुत्री रेग्मीको साहित्यिक नाम 'अनु' हो भने वास्तविक नाम सरला रेग्मी हो । कक्षा ५/६ पढ्दा कविता गीत लेख्ने आरम्भ गर्ने रेग्मीले आफ्नो सार्वजनिक साहित्य यात्राको थालनी 'कमल' पत्रिकामा प्रकाशित **चुँडाल्दै बन्धनहरू** कथाबाट गरेको पाइन्छ । राजनीतिक कर्ममा आबद्ध र साहित्यमा सक्रिय रेग्मीले पद्मोदय पब्लिक माध्यमिक विद्यालय भरतपुर, दाङबाट प्रवेशिका र महेन्द्र बहुमुखी क्याम्पस दाङबाट प्रवीणता प्रमाणपत्र (आई.कम)) र तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेकी छन् ।[९] साहित्यिक प्रेरणा आमाबाट पाएकी रेग्मी सरल, मिलनसार, मृदुभाषी र त्यागी स्वभावकी धनी मानिन्छिन् । रेग्मीले कथा, कविता, गीत, नाटक, उपन्यास, निष्पक्ष, सङ्स्मरण जस्ता विधामा कलम चलाएको पाइन्छ । उनका लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित रहेका छन् भने पुस्तकाकार कृतिहरू कथा र उपन्यास रहेका हुन् । रेग्मीका कृतिहरू यस प्रकार छन् :

१. **चुँडाल्दै बन्धनहरू** (२०६३) कथा सङ्ग्रह

२. **प्रवाह** (२०६३) उपन्यास

३. **कम्युनिस्ट आन्दोलनका बहसहरू** (२०६६)

४. **लाल विधवा** (२०६९) कथा सङ्ग्रह

५. **जनयुद्धका आयामहरू,** संस्मरण सङ्ग्रह (प्रकाशोन्मुख)

६. **निबन्ध सङ्ग्रह** (प्रकाशोन्मुख)

लक्ष्मी प्रसाद देवकोटाको **मुना मदन,** लील बहादुर क्षेत्रीको **बसाइँ** म्याक्सिम गोर्कीको **आमा**बाट विशेष प्रभावित रहेको बताउँछिन् । साहित्य लेखनको प्रेरणाको स्रोत स्व. पति ज्ञान प्रसाद चालिसेलाई मान्ने रेग्मी नेपाली क्रान्तिको उपन्यास लेख्न मन लागेको विचार व्यक्त गर्दछिन् ।[१०] नेकपा-माओवादी केन्द्रीय सदस्य रहेकी रेग्मीको साहित्य लेखनको रुचिको क्षेत्र आख्यान हो । कुनै साहित्यिक संस्थामा आबद्धता नभए पनि साहित्य साधनामा भने उनको कलम सक्रिय देखिन्छ ।

---

८. सरला रेग्मीले बुद्धनगर स्थित नेकपा-माओवादी पार्टी कार्यालयमा २०७०/०३/०९ गते दिएको जानकारी अनुसार ।

९. ऐजन ।

१०. ऐजन ।

सरला रेग्मीको उपर्युक्त एउटा प्रकाशित उपन्यासमा नेपालको बाह्र बर्से जनयुद्धलाई विषयवस्तु बनाई जनयुद्धमा सामन्ती वर्ग र निम्न वर्गको द्वन्द्व जस्ता कुरालाई प्रगतिवादी तरिकाले अभिव्यक्त गरिएको छ । उनको उपन्यासमा नेपाली समाजमा व्याप्त शोषण, दमन, उत्पीडन, वर्गीय द्वन्द्व, सामन्ती जस्ता खराब पक्षको उद्‌घाटन गर्दै गरिब, दुःखी र असहाय पात्रको पक्षमा आफ्नो समथर्कन देखाउँदै समाजमा समानता र स्वतन्त्रता हुनु पर्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ ।

बर्दिया जिल्लाको उपन्यास लेखनमा दोस्रो उपन्यासकार बन्ने र दोस्रो पुस्तकाकार औपन्यासिक कृति प्रकाशन गर्ने श्रेय सरला रेग्मीलाई जान्छ । मूलतः उनका उपन्यासमा मानवीय भावना, जीवनका आशा एवम् निराशा, वर्गीय सङ्घर्ष, सर्वहारा वर्गको मुक्तिलाई प्रगतिवादी अभिव्यक्ति, मार्क्सवादी सौन्दर्य चित्रण र आदर्श समाजमा जोड, मानवतावाद, परिवर्तन र क्रान्तिमा जोड, गरिब जनजीवनको उदासीनता जस्ता प्रवृत्ति एवम् विशेषता रहेकाले उनको आख्यानलाई प्रगतिवादी प्रकृति भएको आख्यान र उनलाई प्रगतिवादी उपन्यासकारका रूपमा चिनाउन सकिन्छ । रेग्मीको हालसम्म प्रकाशित भएको एउटा मात्र उपन्यासको अध्ययन गर्ने काम यस शोधपत्रमा गरिएको छ ।

### ४.२.२ 'प्रवाह' उपन्यासको अध्ययन

कथा लेखनबाट आफ्नो साहित्यिक यात्रा थालनी गरेकी उपन्यासकार सरला रेग्मीको **प्रवाह** प्रथम औपन्यासिक कृति हो । यसको लेखन र प्रकाशनपूर्व रेग्मीले दुई वटा कथा सङ्ग्रह प्रकाशित गरिसकेकी छन् । **प्रवाह** (वि.सं.२०६६) उपन्यासको प्रकाशन पुसमा विवेक सिर्जनशील प्रकाशनद्वारा भएको हो । कुल १४० पृष्ठमा लिखित प्रस्तुत उपन्यास नेपालको राजनीतिक इतिहासमा वि.सं.२०५२ सालदेखि सुरु भई १२ वर्षसम्म सञ्चालनमा रहेको जनयुद्धको विषयवस्तुलाई मूल कथ्य बनाइएको यो उपन्यास यथार्थवादी धरातलमा उभिएको प्रगतिशील चिन्तनमा आधारित उपन्यास हो । यसले क्रान्तिकारी विचार धारालाई अवलम्बन गरेको पाइन्छ । गाउँबस्तीमा भएका शोषण दमन र अन्याय अत्याचारका घटनाहरूलाई समेटिएको. यो उपन्यास युद्धकालीन घटनाहरूको कथा हो । औपन्यासक तत्त्वका आधारमा **प्रवाह** उपन्यासको अध्ययन यस प्रकार गरिएको छ :

### ४.२.२.१ कथानक

**प्रवाह** उपन्यासको कथानक सामाजिक विषयवस्तुमा आधारित छ । विद्यार्थी जीवनबाटै राजनीतिक क्रियाकलापमा सरिक भएका प्रवाह, तोते, प्रशान्त र चिन्तन जस्ता पात्रहरूको आपसी भेटघाट र सङ्गठन विस्तारका विषयमा भएको विमर्शबाट कथानक आरम्भ हुन्छ । जाडो दिनको अवसरमा प्रवाह र तोते दाङको राप्ती नदीका किनारको बस्ती (तोतेको गाउँ) तर्फ लाग्छन् । त्यहाँ उनीहरूले ग्रामीण गरिब जनताहरूले भोग्नु परेका समस्याबाट परिचित हुने् मौका पाउँछन् । उनीहरू गाउँलेहरूसँग घुलमिल हुँदै जाँदा निम्न वर्गका कमैया, लोहार, माझी र थारू महिला पुरुषले भोग्नु परेको सामाजिक विभेद, आर्थिक असमानता र गाउँका जमिनदार अनिल र भरतका कुकर्मको बारेमा थाहा पाउँछन् । यस क्रममा प्रवाहको योजना अनुसार गाउँलेहरूका सहयोगले अनिललाई घेराबन्दीमा पारेर उसकै घरमा मारिन्छ । सामान्तहरूका गुप्तचरले दिएको सुराकी अनुसार अनिलले प्रहार गरेको गोली लागेर प्रवाह घाइते हुन्छे । उपन्यासको दोस्रो परिच्छेदमा प्रवाह दाङको भरतपुरमा घाइते अवस्थामा अस्पतालमा हुन्छे । क्रान्तिकारी नेता विदुर (प्रवाहको मामा नाता पर्ने) सँग उसको भेट हुन्छ । चौथो परिच्छेदमा प्रवाहको घर परिवारको परिचय दिइएको छ । उसको परिवार नेपाली कांग्रेसको राजनीतिक सिद्धान्तप्रति आस्थावान् हुन्छ । त्यसको विपरीत प्रवाह राष्ट्रिय जनमोर्चा पार्टीमा लागेकी हुन्छे । घर परिवारबाट विरोध भइ रहन्छ तर प्रवाह क्याम्पस अध्ययनकै क्रममा राजनीतिक गतिविधिलाई गोप्य रूपमा अगाडि बढाउन लागि पर्छे । एक दिन एक्कासी प्रवाह घर छोडेर गायब हुन्छे । विदुरसँग रातारात ऊ वर्दिया आइपुग्छे । बर्दियामा उसको भेटघाट अर्की क्रान्तिकारी नेतृ दिदीसँग हुन्छ । उसका खोजीमा घरका मान्छेहरू लागि पर्छन् । यसै बिच गाउँकै प्रमोद ओलीले उसलाई नेपालगन्ज महेन्द्र बहुमुखी क्याम्पसमा देखेको बताउँछ ।

प्रवाहलाई घर फर्काउनका लागि गाउँकै गुन्डाहरू लिएर उसको अङ्कल नामुदन नेपालगन्ज पुग्छ । कार्यक्रममा सहभागी भएकी प्रवाहमाथि उनीहरूले आक्रमण गर्छन् । त्यसै क्रममा प्रवाह लगायत उसका साथीहरू भाग्न सफल हुन्छन् । त्यसको केही दिनपछि प्रभावको नेतृत्वमा सय जना आर्थिक सङ्कलन गर्ने हेतुले एक जना सहयोगीले जमिनवालाको खेतबारीमा काम गर्छन् र अर्थ सङ्कलन गर्छन् । नवौं परिच्छेदमा बर्दियाको कुख्यात सामन्त

जमिनदार प्रताप चन्दको पारिवारिक विवरण र हैकमी प्रवृत्तिको बारेमा उल्लेख गरिएको छ । सिज अभियानका बारेमा प्रवाह र दिदीका बारेमा कुराकानी हुन्छ । दिदीले प्रवाह र सागरलाई रूकुम रोल्पाका विभिन्न भौगोलिक  स्थान, त्यहाँको सामाजिक, आर्थिक अवस्था र सङ्गठनको विस्तारका क्रममा आफूले भोगेका अनुभवबारे बताउँछे । अघिल्लो क्रममा वीर बहादुर र प्रवाहका बिचमा प्रताप चन्दको ज्यादतीका बारेमा कुरा चल्छ । त्यसपछि प्रताप चन्दकै कमैया किसान पालेहरूको सहयोग लिएर प्रंताप चन्दको खलियानको धान जलाइन्छ । त्यसपछि दिदीको नेतृत्वमा क्रान्तिकारीहरू प्रताप चन्दको घर घेर्न जान्छन् । दोहोरो गोली हानाहान हुन्छ । अग्रपङ्क्तिमा रहेका क्रान्तिकारी योद्धा कमरेड जुनाले सहादत प्राप्त गर्छिन् । यस आक्रमणमा प्रताप चन्द पक्राउ पर्छ र उसलाई गाउँपरिक्रमा गराई कालो मोसो र जुत्ताको माला लगाई अन्तिममा रूखमा झुन्डाएर मारिन्छ ।

तेस्रो अनुच्छेदमा दिदीले कमरेड विदुरलाई आफ्नो अगुवाइमा भएका जनकारबाईको बारेमा बेलिबिस्तार लगाउँछिन् । चौथौ परिच्छेदमा पाटीभित्रकै गदार जगत्ले आफ्नो व्यक्तिगत स्वार्थका लागि आफै पाटीको गतिविधिको सुराकी सेना समक्ष गरेको प्रमाण पाउँछन् र पार्टीबाट उसलाई जनकारबाही हुन्छ । पन्ध्रौं परिच्छेदमा प्रवाहले आफ्नो पूर्वप्रेमी सेते सार्कीको छोरा मङ्गललाई सम्झाउँछे । घर परिवारले गाउँकै ने.वि. सङ्घ समर्थक प्रमोद ओलीसँग विवाह गर्न लाग्दा जातीय समनाताको सन्देश दिन त्यसलाई असमर्थन जनाई सेते सार्कीको छोरा मङ्गललाई प्रेम गरेको सम्झिन्छे । सोह्रौ परिच्छेदमा (मामा) विदुरसँग प्रवाहको भेट हुन्छ र मामाकै सल्लाह अनुसार प्रवाहको क्रान्तिकारी नेता वीर वहादुरसँग विवाह हुन्छ । उसको एउटा बच्चा पनि जन्मिन्छ । यसै बिच एक दिन कोहलपुरबाट वीर बहादुर सेनाले समातेर आफ्नो नियन्त्रणमा राख्छ । त्यसैको तिन महिनापछि सेनाद्वारा उसलाई मारिएको समाचार सुनिन्छ । यसै बिच रवि र प्रवाहका बिच वीर बहादुर मारिएको विषयमा कुराकानी हुन्छ । रविले प्रवाहको धैर्य बढाउँछ । प्रवाहको चाहना र सेनाको अवश्यकताका कारण प्रवाह जनमुक्ति सेनाको कम्पनी कमिसारमा प्रवेश गर्छिन् ।

सत्रौं परिच्छेदमा ठाउँ ठाउँबाट पुलिसको कब्जामा रहेका क्रान्तिकारी नेता कार्यकर्ताहरूले ठुलो साहस देखाई सुरुङ खनेर पुलिसको घेराबन्दी तोडेर प्रभातको अगुवाइमा

भाग्न सफल भएको प्रसङ्ग उल्लेख गरिएको छ । यस उपन्यासको अन्तिम परिच्छेदमा प्रवाहकै नेतृत्वमा जनमुक्ति सेनाको टिम सुर्खेतबाट जाजरकोट हुँदै रोल्पा पुग्छ र त्यहाँ पाटीका नेताहरूको उपस्थितिमा दैलेखको सदर मुकाम आक्रमणको लागि बृहत् छलफल सहित योजना बन्छ । तर उनीहरूको त्यो योजनाबारे सरकार पक्षलाई थाहा भइसकेको हुन्छ । त्यसपछि जनमुक्ति सेनाले आफ्नो योजना परिवर्तन गरी कर्णाली तरेर कालिकोट हुँदै अछामतिर लाग्छन् । यसै क्रममा जनमुक्ति सेना र शाहीसेनाका बिच दोहोरो भिडन्त हुन्छ । भिडन्तमा प्रवाह दाहिने खुट्टा र छातीमा गोली लागी घाइते हुन्छे । आक्रमण सफल भएको खुसियालीमा नारा जुलुस भइरहेको र जनमुक्ति सेनाले विजयको ध्वजा फहराउँदै विजय उत्सव मनाइरहेको प्रसङ्ग उल्लेख गर्दै कथानक अन्त्य गरिएको छ ।

वर्गीय द्वन्द्व, सङ्घर्ष र जनयुद्धको कठिन परिस्थितिका साथ अघि बढेको साहसपूर्ण मुक्तियात्राका घटना परिघटनासँग यस उपन्यासको कथानक गाँसिएको छ । रैखिक ढाँचामा अघि बढेको छ । यस उपन्यासको कथानक संवृत किसिमको छ । कथानकमा कुतूहलताको प्रवाह देखिन्छ । घटना प्रधान यो उपन्यास वर्णनात्मक तथा व्याख्यात्मक शैलीमा संरचित छ ।

### ४.२.२.२ चरित्र चित्रण

प्रवाह उपन्यासमा विभिन्न पात्रहरू रहेका छन् । यो बहुप्रयोग भएको उपन्यास हो । कार्यशैलीका आधारमा यी पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तिन किसिमको भूमिकामा हेर्न सकिन्छ । यसरी प्रयोग भएका पात्रहरूको चरित्र चित्रण यस प्रकार गरिएको छ :

| क्र. सं. | पात्र | लिङ्ग | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आबद्धता | आसन्नता |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवाह | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २ | कमरेड दिदी | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ३ | प्रताप चन्द | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ४ | अनिल शर्मा | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ५ | विदुर | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ६ | चिन्तन | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ७ | प्रशान्त | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | तोते | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ९ | प्रभात | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १० | वीरबहादुर | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ११ | रवि | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १२ | सञ्जीव | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १३ | जुना | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १४ | सागर | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १५ | नवीन | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १६ | मङ्गल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १७ | प्रभुराम | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १८ | भरत | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मुक्त | नेपथ्य |
| १९ | विद्रोही | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २० | सुदीप | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २१ | उषा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २२ | नमुना | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २३ | ज्ञानप्रसाद | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मुक्त | नेपथ्य |
| २४ | लोहारदाइ | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २५ | विन्तीराम | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |

'प्रवाह' यस उपन्यासकी प्रमुख नारी पात्र हो । मध्यम वर्गीय परिवारमा जन्मे पनि विद्यार्थी जीवन देखि नै क्रान्तिकारी विचारधारालाई आत्मसात् गरेकी सङ्घर्षशील पात्र हुन् । ने.क.पा. माओवादीद्वारा सञ्चालित जनयुद्धको अभियानमा प्रवाह घर परिवारसँग असहमति जनाउँदै राजनीतिक गतिविधिमा संलग्न हुन्छे । उसमा नेतृत्व गर्ने क्षमता पनि प्रवल देखिन्छ । गाउँका गरिब निमुखा निम्न वर्गीय, दलित, जनजाति र सोझा ग्रामीण नर नारीहरूसँग नजिक हुने, उनीकहरूको सुख दुःखमा साथ दिने एवम् आफ्नो व्यक्तित्वको प्रभावले निमुखा वर्गहरूमा चेतनाको लहर ल्याउने काममा सफल प्रवाह भूमिका आधारमा प्रमुख पात्र हो । उपन्यासको सुरुदेखि क्रान्तिकारी चिन्तन र मुक्तिको बाटो रोजेकी प्रवाह जस्तोसुकै अप्ठेरोमा पनि आफ्नो सिद्धान्तमा अडिग रहेकी छ । तसर्थ स्वभावका आधारमा ऊ स्थिर पात्र हो । देशको सिङ्गो राजनीतिक, सामाजिक र आर्थिक अवस्था सुधार्नका लागि सिङ्गो व्यवस्थासँग असहमत, असङ्ख्य दुःखी, गरिब, उत्पीडित, शोषित, दलित, निम्न वर्ग, निम्न वर्गप्रतिको हक अधिकार प्राप्ति लागि सङ्घर्ष गर्ने व्यक्तिगत स्वार्थलाई त्यागेर सामूहिक राष्ट्रिय हितको निम्ति लड्ने भूमिका वहन गरेको हुँदा प्रवृत्तिका आधारमा प्रवाह अनुकूल चरित्रकी पात्र हो । सिङ्गो शोषित

वर्गको पक्षमा उभिएर वर्गीय हितको अभियान चलाउने पार्टीकी इमानदार, आस्थावान्, अटल कर्तव्यनिष्ठ चरित्र वहन गर्दै जनयुद्धको मुक्ति यात्राका संलग्न सेनाको भूमिकामा निर्वाह गर्ने प्रवाह जीवन चेतनका आधारमा वर्गीय पात्र हो । उपन्यासको कथानकमा आरम्भदेखि अन्त्यसम्म प्रमुख भूमिकामा रहेकी प्रवाह आबद्धताका आधारमा बद्ध र प्रत्यक्ष रूपमा उपन्यासमा उपस्थित भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

'कमरेड दिदी' यस उपन्यासकी सहायक नारी पात्र हुन् । रोल्पामा जन्मेकी, हुर्केकी दिदी निम्न वर्गीय पात्र हुन् । बाल्यावस्थादेखि नै वर्गीय शोषणमा परेकी, निमुखा वर्गहरूका प्रति शोषक सामन्तले गर्ने गरेको ज्यादतीलाई नजिकबाट बुझ्रेर त्यस्तो अन्याय हटाउनका निम्ति जनयुद्धमा सहभागी भएकी दिदी पनि पार्टीकी अगुवा कार्यकर्ता हुन् । आफ्नो कुशल नेतृत्वद्वारा उनले बर्दियाको शोषक जमिनदार प्रताप चन्दमाथिको आक्रमण सफल तुल्याएकी छन् । पार्टीका निर्देशनहरूलाई अक्षरशः पालना गर्ने यिनी इमानदार र सङ्घर्षशील नारी हुन् । यस उपन्यासमा वर्णित जनयुद्धको अभियानलाई हेर्दा कथामा यिनको भूमिका सहायक सिद्ध भएको छ । कार्यका आधारमा यिनी सहायक पात्र, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गीय, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

'विदुर' यस उपन्यासको सहायक पुरुष चरित्र हो । उपन्यासमा ऊ प्रमुख पात्र प्रवाहको मामा नाता पर्ने क्रान्तिकारीहरूको नेता हो । पार्टीले दिएको जिम्मेवारीलाई निष्ठापूर्वक पालना गर्ने आफ्नो मातहतका कार्यकर्ता, समूह र एकाइहरूलाई परिचालन गर्ने कुशल नेताका रूपमा यसको चरित्र देखिन्छ । आफ्नो पार्टीका कार्यकर्ताहरूको व्यक्तिगत सुखदुःख, युद्धका क्रममा आफन्त गुमाउनु परेको पीडामा सहानुभूति र धैर्य प्रदान गर्ने विदुर यस उपन्यासको अनुकूल पात्र हो । यसका साथै ऊ स्वभावका आधारमा स्थिर जीवन चेतनाका आधारमा वर्गीय, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो

'प्रताप' यस उपन्यासको सहायक पुरुष पात्र हो । उपन्यासभित्र द्वन्द्व विकास गर्ने हिसाबले प्रताप असत् पात्रका रूपमा उपस्थित छ । ऊ बर्दियाको राजापुर क्षेत्रमा प्रशस्त जग्गा

जमिन कब्जा गरेर बसेको पापी ठुलो जमिन्दार हो । जग्गा जमिन र पैसाको उन्मादले उन्मत्त प्रतापले सोझा गरिब, किसान, कमैया, हलिया, भैसवार, थारू, दलित तथा निमुखा कलिला पुरुषहरूलाई निकै दुःख दिएको छ । यौन दुराचार, श्रमको शोषण, आफ्नो विपरीत चल्नेलाई हत्या समेत गर्न पछि नपर्ने प्रताप शोषक सामन्ती वर्गको प्रतिनिधि पात्र हो । क्रान्तिकारीहरूको पक्राउमा परी झुन्ड्याएर प्रताप मारिएको घटनाले उपन्यासमा सुखद अनुभूति दिलाउँछ । प्रवृत्तिका आधारमा प्रताप प्रतिकूल पात्र हो । ऊ स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गीय, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

'अनिल' यस उपन्यासको सहायक पात्र हो । असत्को पक्षधर ऊ दाङको ठुलो जमिनदार हो । शोषक सामन्तका रूपमा उसको हैकमवादी प्रवृत्ति देखा पर्दछ । क्रान्तिकारीहरूको नेतृत्वमा गाउँलेहरूद्वारा अन्तमा ऊ मारिन पुगेको छ । यसका साथै यस उपन्यासमा चिन्तन, प्रशान्त, प्रभात, वीरवहादुर, रवि, तोते, सञ्जीव, जुना, सागर, नवीन, मङ्गल, विद्रोही, सुदीप, ज्ञानप्रसाद, ऋषि, विशाल, गणेश, गोविन्द, उर्मिला, सीता, सुशान्त, तुल्सी, जीवन, राज कुमार, विक्की, राम वहादुर, लोहार दाइ, प्रवाहको घर परिवार, प्रभुराम (जमिनदार) भरत (जमिनदार) जस्ता पात्रहरले सहायक र गौण रूपमा आआफ्नो भूमिका निर्वाह गरेका छन् ।

### ४.२.२.३ परिवेश

पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली, सुर्खेत, जाजरकोट, कालीकोट, अछाम, रूकुम, रोल्पा, दैलेख यस उपन्यासका मुख्य घटित स्थल हुन् । दाङ जिल्लाको सदर मुकाम घोराही भरतपुर क्याम्पस, राप्ती नदीको छेउमा अवस्थित गाउँ बस्तीका साथै बर्दिया जिल्लाको राजापुर क्षेत्र, बाँकेको कोहलपुर आदि यस उपन्यासका परिवेशका रूपमा आएका छन् । उपन्यासमा वर्णित घटना क्रमका आधारमा यो उपन्यास जनयुद्धकालीन अवस्थाको भयावह सामाजिक वातावरणमा आधारित छ । द्वन्द्वकालीन अवस्थामा हुन् सुक्ने मुढभेड, भिडन्त, सशस्त्र युद्धका कारणको सिर्जना हो । सन्त्रासले प्राप्त मनोवैज्ञानिक परिवेश सिर्जना भएको छ । तराईमा प्रचलित जमिनदार प्रथा, कमैया हलिया प्रथा, निम्न वर्गीय नेपाली जन जीवनको कष्टकर र

करूण जिन्दगी र गाउँ बस्तीमा भएका शोषण दमनका घटनाहरूको वर्णनले तत्कालीन नेपाली समाजको चित्र उतारिएको छ । वर्गीय द्वन्द्व र आर्थिक विषमताको चित्रणले गरिब, अभाव र समस्याले पिरोलिएको सिङ्गो नेपाली समाज परिवेशको रूपमा चित्रित छ । राजनैतिक सङ्गठनका गतिविधिहरू सन्चालन गर्दै हिँड्ने क्रान्तिकारीहरूका योजना, सङ्गठन विस्तारका कार्यक्रमहरू, छलफल, विमर्श र बहसको चर्चाले यस उपन्यासमा पर्याप्त राजनीतिक परिवेश प्रतिबिम्बित गरेको छ ।

### ४.२.२.४ संवाद

यस उपन्यासमा संवादात्मक शैलीभन्दा वर्णनात्मक शैलीको प्रयोग बढी गरिएको छ । जहाँ संवाद प्रयोग गरिएको छ त्यहाँ संवादलाई सरल, सहज र आकर्षक बनाउने प्रयास गरिएको छ । विषयवस्तुको प्रकृति अनुसार ओजपूर्ण संवाद प्रस्तुत गरिएको छ । पात्रको स्तर अनुसार संवादमा बौद्धिकता पनि पाइन्छ । संवादमा बढी भाग लिने पात्रहरू प्रवाह, दिदी, प्रभात र प्रशान्त हुन् । वर्सौदेखि नेपाली समाजमा हेपिएर बसेका नारी जातिहरूको अधिकारबारे आफ्ना बुवासँग प्रवाहले प्रयोग गरेको संवाद यस्तो छ :

"तपाईहरू किन यसरी रिसाउनु हुन्छ । के हामीले बोल्न हुँदैन । जे हो त्यो कुरा त भन्न पाइन्छ नि ।"

" यसको त म मुख च्यातिदिन्छु ।"[११]

"ए तँ चुप लाग्छेस् कि मुख च्यातिदिऊँ ।"

प्रवाह र कमरेड रविका बिच भएको भावनात्मक संवाद यस्तो छ :

"यस्तै हो हेर्नुस् क्रान्ति कहाँ सहज हुँदो रहेछ र ? यो त दुस्मनप्रति म निर्मम भयो उसका विरूद्ध नै क्रान्ति गरिएको हो तर यो हामीप्रति पनि हुँदो रहेछ ।"[१२]

---

११. सरला रेग्मी **प्रवाह,** (काठमाडौं : विवेक सिर्जनशील प्रकाश), २०६६), पृ.५२ ।

१२. ऐजन, पृ.१२६

माथिको संवादमा क्रान्तिको स्वरूप, त्यसको परिणामलाई झल्काउने अभिव्यक्ति पाइन्छ। उपन्यासका संवादहरू प्रसङ्ग अनुसार प्रायः छोटा र केही लामा छन् । संवादको प्रयोगले उपन्यासलाई रोचक बनाएको छ।

### ४.२.२.५ उद्देश्य

यस उपन्यासले नेपाली समाजमा व्यपप्त सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विभेदका साथै वर्गीय द्वन्द्व, शोषक सामन्त वर्गले निम्न वर्गका गरिब, निमुखा, दलित थारू जस्ता उपेक्षित जाति र वर्गप्रति गर्ने अन्याय र शोषण दमनलाई प्रस्तुत गरेको छ । यसका साथै तमाम खाले विभेदका विरूद्ध शोषित पीडितहरू विद्रोही चेतनाले सङ्गठित हुँदै गरेको वास्तविकतालाई दर्साउनु यस उपन्यासको मूल उद्देश्य हो । क्रान्तिकारीहरूको सङ्घर्षपूर्ण जीवन शैली र जनयुद्धको यथार्थलाई उजार गर्नु पनि यस उपन्यासको उद्देश्य हो अन्ततः आर्थिक, सामाजिक, राजनीतिक, विभेदहरूको अन्त्य गरी मार्क्स, लेलिन र माओको सिद्धान्त अनुकूल व्यवस्था स्थापित गर्ने कार्यमा जोडदिनु यस उपन्यासको प्रमुख उद्देश्य रहेको पाइन्छ।

### ४.२.२.६ द्वन्द्व

यस उपन्यासमा वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ। सामन्तवादी व्यवस्था र जनवादी क्रान्तिद्वारा सिर्जित समाजवादी व्यवस्थातर्फ उन्मुख चेतनाका बिचको द्वन्द्वलाई  यसमा प्रस्तुत गरिएको छ । शोषक सामन्त वर्गका प्रतिनिधि जमिनदार र शोषित पीडित वर्ग र तिनका पक्षधर सचेत सङ्गठनकर्मी नेता कार्यकर्ताहरूका बिचको द्वन्द्व एवम् क्रान्तिकारीहरूको सशस्त्र सङ्गठन जनमुक्ति सेना र नेपाल सरकारका शाही सेना तथा प्रहरी बिचको भौतिक द्वन्द्वले उपन्यासलाई द्वन्द्व प्रधान बनाएको छ।

### ४.२.२.७ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासमा भएका सम्पूर्ण घटना क्रिया र द्वन्द्वलाई बाहिरै बसेर उपन्यासकार स्वयम्ले वर्णन गरेका छन् । प्रवाहको जीवनमा बढी केन्द्रित भए पनि सबै घटना क्रियाकलाप,

संवाद र पात्रका मानसिक उथलपुथल समेत उपन्यासभन्दा बाहिरै बसी कथयिताले वर्णन गरेकी हुनाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२.२.८ भाषाशैली

'प्रवाह' उपन्यास भाषा प्रयोगका हिसाबले सामान्य रहेको छ । विचार प्रधान तार्किक भाषाको प्रयोग यहाँ भएका छन् । यस उपन्यासको भाषा पात्र अनूकूल छ । तराईको आदिवासी थारू जातिको मातृभाषाको प्रयोग बिच बिचमा पाइन्छ ।

"तु तो म्वार लैह्यारक जसिक बाटो, आपन बोली टो , म्वार लैह्यार के बोली, सक्कु मिलठ, कहाँ से आइबो बहिनिया, मै लाग टो लैह्यार के याद बहुत नान्डेलो, जब्ब से मै भ्वाज कर्नु तब मै लैह्यार, नै गैल होइटु ।"[१३]

डिसचार्ज, कन्भिन्स, टाइलेन्ट, कमान्डर जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । उपन्यासका बिचमा गीत पनि प्रयोग गरिएको छ । सागरले गाएको गीत यस प्रकार छ :

"तिम्रा ती चहमारी फौजी परेड खेल्छन् ।
सचेत भै उठेका जनता यहाँ भुकिन्छन् "
"ब्युँझेर लाख बस्ती थवाङ भई उभिन्छ - २
त्यो काख जलजलाको ............।"[१४]

माथिको गीतमा क्रान्तिमा होमिएका जनताहरू दुस्मनका गोली बारूद र सङ्गिन तरबारबाट पनि विचलित नभई अघि बढ्ने विश्वास व्यक्ति गरिएको पाइन्छ ।

समग्रमा वि.सं.२०६६ सालमा प्रकाशित बर्दिया जिल्लाको दोस्रो औपन्यासिक कृति तथा नारी हस्ताक्षरका रूपमा वर्दिया जिल्लाको पहिलो औपन्यासिक कृति **प्रवाह** प्रगतिशील चिन्तन र यथार्थवादी धरातलमा उभिएको मौलिक उपन्यास हो । जनयुद्धकालीन घटनाहरूलाई खुलस्त

---
१३. ऐजन, पृ.२४
१४. ऐजन, पृ.८६ ।

गरिएको सङ्घर्षशील क्रान्तिकारीहरूको जीवन भोगाइमा आधारित यो उपन्यास पर्याप्त राजनीतिक सन्दर्भले युक्त छ । मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा विभिन्न जिल्लालाई समेटेको यस उपन्यासमा गरिब तथा निमुखा वर्गको मुक्तिका लागि क्रान्तिकारी चेतनाको उद्घोष गरिएको छ ।

### ४.२.३ 'चुडाल्दै बन्धनहरू' कथा सङ्ग्रहको अध्ययन

**चुडाल्दै बन्धनहरू** कथाकार सरला रेग्मीको पहिलो कथा सङ्ग्रह हो । अखिल नेपाल जनसांस्कृतिक महासङ्घद्वारा वि.स. २०६३ मा प्रकाशित यस सङ्ग्रहमा जम्मा १३ वटा कथाहरू सङ्ग्रहित छन् । जम्मा ७८ पृष्ठ भएको यो कथा सङ्ग्रह मध्यम आयमको छ । यस सङ्ग्रहमा सङ्कलित कथाहरूको विश्लेषण कथा तत्त्वका आधारमा यसरी गरिएको छ :

#### ४.२.३.१ कथानक

**जन अदालत** कथा कथाकार सरला रेग्मीको पहिलो कथा सङ्ग्रहका रूपमा प्रकाशित **चुँडाल्दै बन्धनहरू** भित्र सङ्ग्रहित कथाहरूमध्ये पहिलो क्रमको कथा हो । यस कथामा एउटा ग्रामीण क्षेत्रमा रहेकी महिलाले आफ्ना पतिबाट पाएको दुःखपूर्ण परिस्थितिलाई देखाएको छ । एउटा महिलालाई बच्चा पाउने साँचोको रूपमा उसको श्रीमान्ले उपयोग गरेको कुरालाई यस कथामा देखाइएको छ । **महान् बाटो पछ्याउँदै** दोस्रो क्रमको कथा हो । यस कथामा बाह्र बर्से जनयुद्धको कहानीलाई कथानक बनाइएको पाइन्छ । जनयुद्धलाई सफल पार्न गाउँ गाउँबाट जनताहरू कसरी उठेका थिए भन्ने कुरा पनि यस कथामा देख्न पाइन्छ । **अधिकार** तेस्रो क्रमको कथा हो । यस कथामा एउटा अशिक्षित समाजको विषयवस्तुलाई लिइएको छ । समाजमा जाँडरक्सी खाएर जुवा खेल्ने परिवार तथा समाजका मानिसलाई जथाभावी दुःख दिने एउटा व्यक्ति रूपक पछि सुध्रेर आफै सामाजिक परिवर्तनमा लागेको कथावस्तुलाई यस कथामा समेटिएको छ । **उसको निर्णय** चौथो क्रमको कथा हो । यस कथामा उच्च वर्ग भनाउँदा पूँजीपतिहरूले निम्न वर्गका मानिसहरूलाई सास फेर्न पनि आफ्नो आदेश हुनुपर्ने कुरा एकातिर देखाइएको छ भने अर्कोतिर गरिब सर्वहारा वर्ग जब एक भएर उठ्छन् त्यसपछि पूँजीपति वर्ग संसारबाटै निमिट्यान्न हुन्छन् भन्ने कुरा देखाइएको पाइन्छ । **प्रतिबद्धता** पाँचौं क्रमको कथा

हो; यस कथामा नेपालको बाह्र बर्षीय द्वन्द्वकालीन अवस्थाका घटनाहरूलाई मूल कथावस्तु बनाइएको छ । साथै सामन्दी वर्गका व्यक्तिहरूले निम्न वर्गका व्यक्तिमाथि गरेको ज्यादतीलाई पनि यस कथामा कथाकन बनाइएको पाइन्छ । **प्रसन्नता** छैटौँ क्रमको कथा हो । यस कथामा एउटा असहाय, गरिब र निम्न वर्गप्रति ठुला र उच्च कुलीनवर्ग भनाउँदा मानिसहरूले कसरी शोषण गर्छन् भन्ने कुरा मुख्य रूपमा देखाउन खोजेको पाइन्छ । यसका साथै द्वन्द्वकालीन समयमा भएका ज्यादतीपूर्ण घटनाहरूलाई पनि यस कथामा देखाउन खोजिएको छ । **लालपूर्जा** सातौँ क्रमको कथा हो यस कथामा पुरानो सत्ता र नयाँ सत्ताका बिचमा भए गरेका कार्यहरूको समीक्षा गर्दै नयाँ सत्ताको पक्षमा कथाकारको कलम अगाडि बढेको पाइन्छ । साथै पुरानो सत्ताको बेलामा महिलाहरूले भोग्नु परेका दयनीय अवस्थालाई पनि यस कथामा देखाउन खोजिएको छ । **चुँडाल्दै बन्धनहरू** आठौँ क्रमको कथा हो । यस कथामा एउटा विधवा महिलाले भोग्नु परेका कारूणिक अवस्थालाई कथावस्तुको रूपमा समावेश गरिएको छ । श्रीमान् मरेर गएपछि उसले यौनेच्छाहरू दबाएर राख्नुपर्ने तथा स्वतन्त्र रूपमा हिँड्न नपाउने अवस्थाको विरोध गर्दै समाजको परिवर्तनको लागि यो पुरानो जीवन शैलीलाई परिवर्तन गर्नका लागि बन्धनहरू चुडाल्नु पर्ने भन्ने कुरा कथानकको रूपमा आएको पाइन्छ । **विद्रोहको किल्ला** नवौँ क्रमको कथा हो । यस कथामा अमेरिकी साम्राज्यवादले नेपालमा गरेको ज्यादतीपूर्ण अवस्थाको चित्रण गरिएको छ । साथै जब सम्म नेपालमा अमेरिकी साम्राज्यवाद हुन्छ तबसम्म नेपालमा स्वतन्त्र रूपमा दैनिक कार्य गर्न पनि सकिँदैन भन्ने किसिमको कथानक यस कथाले बोकेको छ । **ज्वालामुखीको यात्री** दसौँ क्रमको कथा हो । यस कथामा जनयुद्धका कहाली लाग्दा घटनाक्रहरूलाई कथावस्तु बनाइएको छ । वर्गीय विषमतालाई पनि समेटिएको यस कथामा शाही सेनाको दुर्बल पक्ष र लाल सेनाको सबल पक्ष देखाउँदै कथानकलाई अन्त्य गरिएको छ । **पुछिन् सक्दैनन् नारीका सिन्दुरहरू** एघारौँ क्रमको कथा हो । यस कथामा नारीहरू भनेका बच्चा पाउने मेसिन मात्र नभएर नारीले चाहे भने  जुनसुकै किसिमको क्रान्ति पनि गर्न सक्छन् भन्ने किसिमको कथानकलाई समेटेको पाइन्छ । साथै श्रीमान् मर्दैमा श्रीमतीको सिन्दुर पुछिहाल्नु पर्ने छैन भन्ने कुरा देखाइएको छ । **विद्रोहका ज्वालाहरू** बाह्रौँ क्रमको कथा हो । यस कथामा पुरानो शासन व्यवस्थाको विरूद्धमा नयाँ शासन व्यवस्था ल्याउनको लागि गरिएको सङ्घर्षपूर्ण यात्रालाई कथानकको रूपमा दिइएको छ । साथै वर्गसङ्घर्षका कुरालाई मूल रूपमा

देखाइएको पाइन्छ । **नयाँ मान्छे** तेह्रौँ अर्थात् अन्तिम कथा हो । यस कथामा निम्न वर्गमाथि उच्च वर्गले गरेको थिचोमिचोलाई कथानक बनाइएको छ । साथै नयाँ शासन सत्ताले पुरानो सत्तालाई परास्त गर्दै गरिबहरूको जीत देखाइएको छ ।

### ४.२.३.२ चरित्र चित्रण

**जनअदालत** कथामा सन्ध्या, मञ्चीय पात्रका रूपमा छ भने महेश उषा र गाउँलेहरू सूच्यात्मक पात्रका रूपमा आएका छन् । सन्ध्या प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **महान बाटो पछ्याउँदै** कथामा अथक, सिर्जना दिनेश, आमा, कमल मञ्चीय पात्र हुन् भने साने, नवीन, शशी सूच्य पात्र हुन् । सिर्जना यस कथाकी प्रमुख पात्र हो । अथक सहायक पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **अधिकार** माधुरी, रूपक निशान यस कथाका मञ्चीय पात्र हुन् भने राम सूच्य पात्र हो । माधुरी यस कथाकी प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **उसको निर्णय** सरिता, प्रकाश, तारा, धनु, कमला, मान्छा, नवीन यस कथाका मञ्चीय पात्र हुन् भने राम, श्याम, जीवन, रेणु, सीता सूच्य पात्र हुन् । तारा यस कथाकी प्रमुख पात्र हो । प्रकाश सहायक पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **प्रतिबद्धता** रूपेश, आमा, नरेश यस कथाका मञ्चीय पात्र हुन् भने विपिन, विद्रोही, मुखियाको भान्जा सूच्य पात्र हुन् । रूपेश यस कथाको प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **प्रसन्नता** कान्छी बज्यै, सूर्य, राज यस कथाका मञ्चीय पात्र हुन् भने केटाकेटी, लोग्ने, बहिनीहरू सूच्य पात्र हुन् । सूर्य यस कथाको प्रमुख पात्र हो । कान्छी बज्यै र सूर्य सहायक पात्र हुन् भने अन्य सबै गौण पात्र हुन् । **लालपूर्जा** उजेली, श्याम, गा.वि.स अध्यक्ष, सूर्य यस कथाका मञ्चीय पात्र हुन् भने लोग्ने सूच्य पात्र हो । उजेली यस कथाकी प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **चुँडाल्दै बन्धनहरू** प्रवाह, परिवर्तन, आमा यस कथाकका मञ्चीय पात्र हुन् भने सुवोध, लक्ष्मी, रामु, सूच्य पात्र हुन् । प्रवाह यस कथाकी प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **विद्रोहको किल्ला** भविष्य र आमा यस कथाका मञ्चीय पात्र हुन् भने गोरीकी हजुर आमा, दाजुहरू यस कथाका सूच्य पात्र हुन् । भविष्य यस कथाको प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **ज्वालामुखीको यात्री** सुरबीर, माया, प्रकाश, मनवीर, मेजर, आमा र बज्यै यस कथाका मञ्चीय पात्र हुन् भने स्याने, प्रतिमा, कामीदाइ, कमला सूच्य पात्र हुन् । सुरवीर यस कथाको प्रमुख पात्र माया सहायक पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **पुछिन् सक्दैनन् नारीका सिन्दुरहरू** विन्दु, मनु, आमा, अन्जना,

शर्मिला, सीमा, कमला, सीता, रेणु, रहर, रीता, सुष्मा यस कथाका सूच्य पात्र हुन् । विन्दु प्रमुख पात्र आमा सहायक हुन् भने अन्य सबै गौण पात्र हुन् । **विद्रोहका ज्वालाहरू** विजया र नियम यस कथाका मञ्चीय पात्र हुन् भने सम्झना, रहर, रीता, निर्मला, सीमा, रमा, कमला सूच्य पात्र हुन् । विजया प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् । **नयाँ मान्छे** जितराम, जीवन, निर्मल, हाकिम, प्रवाह, कोपिला र सपना यस कथाका मञ्चीय पात्र हुन् भने विजयमान र विन्दमान यस कथाका सूच्य पात्र हुन् । जीवन प्रमुख पात्र हो भने अन्य सबै गौण पात्र हुन् ।

### ४.२.३.३ परिवेश

यस कथा सङ्ग्रहमा सङ्कलित **उसको निर्णय, लालपूर्जा ज्वालामुखीको यात्री, नयाँ मान्छे** जस्ता चारवटा कथाहरूमा ग्रामिण तथा सहरिया परिवेशको चित्रण गरिएको छ । **उसको निर्णय** शीर्षको कथामा नेपालको पहाडी भेगको ग्रामीण परिवेशदेखि लिएर भारतको विहारको सहरिया परिवेशसम्म देखाइएको छ । यस्तै यस सङ्ग्रहका अन्य सबै कथामा मध्य पश्चिमान्चलका तराई र पहाडी भेगका परिवेशको चित्रण गरिएको छ । यस सङ्ग्रहका सबै कथाहरूमा नेपाली समाजमा व्याप्त वर्गीय विषमता, शोषण, दमन, अन्याय र अत्याचार लगायतका घटनाहरूका साथ साथै सामाजिक सांस्कृतिक, राजनैतिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा भएका कमी कमजोरीहरूलाई पनि यस सङ्ग्रहका कथाका परिवेश बनाएको पाइन्छ ।

### ४.२.३.४ उद्देश्य

यस कथा सङ्ग्रहमा सङ्कलित सबै कथाहरूको उद्देश्य मुख्य रूपमा समाजमा उच्च वर्ग र निम्न वर्ग बिच भएको भेदभावलाई हटाउनु, सामाजिक तथा सांस्कृतिक रूपमा कसैले कसैलाई भेदभाव नगरिकन सुन्दर समाजको निर्माण गर्नु, नारीहरू माथि हुने गरेका अन्याय अत्याचार र शोषणलाई हटाउनु रहेको पाइन्छ । त्यसै गरी सामन्ती उत्पीडन र उत्पीडक वर्गप्रति घृणा, श्रम र श्रमिक जगतप्रतिको उत्कृष्ट प्रेम पाइन्छ । यस्तै सामन्ती र पूँजीवादी परम्पराका विरूद्ध नयाँ समाजको निर्माण गर्नुको लागि बाटो देखाउनु नै यस सङ्ग्रहको कथाहरूको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

### ४.२.३.५ दृष्टिबिन्दु

यस सङ्ग्रहमा सङ्कलित केही कथाहरूमा बाह्य तथा तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग, केही कथाहरूमा आन्तरिक र बाह्य दृष्टिबिन्दुको प्रयोग, केही कथाहरूमा आन्तरिक दृष्टिबिन्दुको प्रयोग र केही कथाहरूमा प्रथम पुरूष परिधिय दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । विशेष गरी यस सङ्ग्रहका कथाहरूमा तृतीय पुरूष वाह्य दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

### ४.२.३.६ भाषाशैली

यस सङ्ग्रहमा सङ्कलित कथाहरूम संवृत तथा विवृत किसिमको रूप योजना पाइन्छ । यी कथाहरूमा संवादात्मक, प्रश्नात्मक, मनोविश्लेषणात्मक, व्यङ्ग्यात्मक, अविधात्मक, व्यञ्जनात्मक, वर्णनात्मक तथा विवरणात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । भाषाका हिसाबले यस सङ्ग्रहमा कथाहरूमा कही नेपाली सरल सहज किसिमको भाषा प्रयोग गरिएको छ भने कही थारू भाषाको त कही हिन्दी भाषाको प्रयोग पनि पाइन्छ । कुनै कुनै कथामा उत्शृङ्खल  छाडा शब्दको पनि प्रयोग गरिएको पाइन्छ ।

समग्रमा भन्नुपर्दा सरला रेग्मीद्वारा लिखित **चुँडाल्दै बन्धनहरू** (वि.सं.२०६३) कथा सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक तथा ग्रामिण र सहरीया परिवेशका कथाहरू सङ्ग्रहित छन् । जम्मा १३ वटा कथाहरू भएको यस सङ्ग्रहका कथामा आदि, मध्ये र अन्त्यको शृङ्खलामा अगाडि बढेका छन् । सबै प्रकारका पात्रहरूको चयनका दृष्टिले कथानक, पात्र र परिवेशको चयनका दृष्टिले यो कथा सङ्ग्रह सबल देखिन्छ । भाषा तथा शैलीका प्रयोगका दृष्टिले यो सङ्ग्रह सबल नै देखिन्छ । आन्तरिक र बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको यस सङ्ग्रहका कथामा प्रगतिवादी कथाहरू रहेको पाइन्छ । समाजमा रहेको जातीय, वर्गीय तथा लैङ्गिक विषमतालाई हटाई एउटा सुन्दर समाजको स्थापना गर्नु यस सङ्ग्रहका कथाहरूको मुख्य सार रहेको पाइन्छ ।

### ४.२.४ 'लाल विधवा' कथा सङ्ग्रहको अध्ययन

**लाल विधवा** कथाकार सरला रेग्मीको दोस्रो कथा सङ्ग्रह हो । साझा प्रकाशनद्वारा वि.स. २०६८ मा प्रकाशित यस सङ्ग्रहमा जम्मा १९ वटा कथा सङ्ग्रहित छन् । जम्मा ९४

पृष्ठ भएको यो कथा सङ्ग्रहमा एकीकृत नेकपा माओवादीका अध्यक्ष (प्रचण्ड) को शुभकामना छ । यस सङ्ग्रहमा सङ्कलित कथाहरूको विश्लेषण कथा तत्त्वका आधारमा यसरी गरिएको छ :

### ४.२.४.१ कथानक

**पन्ध्र गते** सरला रेग्मीको दोस्रो कथा सङ्ग्रहका रूपमा प्रकाशित **लाल विधवा** भित्र सङ्ग्रहित कथाहरूमध्ये पहिलो क्रमको कथा हो । यस कथामा सडक र पेटीहरू बिचमा भएका कुराकानीलाई विषयवस्तु बनाएको छ । मानवमा मानवीयता लोप भइरहेको कुरालाई सडक र पेटीको संवादको माध्यमबाट कथानक प्रस्तुत गरिएको छ । **वात्सल्य** दोस्रो क्रमको कथा हो । यस कथामा वि.सं.२०५५/०५६ साल तिरको राजनैतिक घटनाक्रमलाई विषयवस्तु बनाइएको छ । साथै उच्च वर्गकाले निम्न वर्गमाथि गरेको थिचोमिचोलाई पनि कथानकमा समेटेको पाइन्छ । **सेवक** तेस्रो क्रमको कथा हो । यस कथामा वि.सं.२०५९ सालतिरको घटनाक्रमलाई कथानकको रूप दिएको पाइन्छ । अमेरिकी साम्राज्यवादका विरूद्ध नेकपा माओवादीले लडेको युद्ध खास गरेर यस कथाको विषयवस्तु बनाइएको छ । **सङ्केत** चौथो क्रमको कथा हो । यस कथामा मनवीरले आफ्नो जीवनकालमा पाएको व्यथालाई पूर्व दिप्ती शैलीमा कथानक बनाएको छ । साथै वि.सं.२०५२ देखि २०६० सम्म भएको युद्धका घटना तथा त्यस समयका पीडाहरूलाई विषयवस्तु बनाइएको छ । **परिष्कृत** पाँचौं क्रमको कथा हो । यस कथामा एउटी विधुवा नारी र युवकका बिचमा सहिदको सपना पूरा गर्ने बारेमा कुरा भएको पाइन्छ । साथै सहिदको सपना पुरा गर्नका लागि सबै जना आआफ्ना ठाउँबाट लाग्नुपर्ने कथाकन छ । **विश्लेषण** छैटौं क्रमको कथा हो । यस कथामा निम्न वर्गीय परिवारको कहाली लाग्दो स्थितिलाई कथावस्तुको रूपमा चर्चा गरेको पाइन्छ । साथै आफ्नै गाउँ घरमा बसेर कृषि गरेपछि विदेशी भुमिमा जानु नपर्ने आफ्नै भूमिबाट निमुखा जनताहरूलाई सचेतना दिन सकिने कुराको पुष्ट्याई यस कथाले गरेको छ । **मार्गचित्र** सातौं क्रमको कथा हो । यस कथामा विशेषगरी नेपालको पहाडी भूभागको स्थितिलाई मध्यनजर गर्दै सबै ठाउँमा केवुलकारको व्यवस्था सरकारले गरिदिएको भए घन्टौं लाग्ने बाटो पनि एक दिनमा पार गर्न सकिने थियो भन्ने किसिमको कथानकलाई विषयवस्तु बनाइएको छ । **हल्का** आठौं क्रमको कथा हो । यस कथामा विवेक, बिमला र प्रभाका बिचमा जनयुद्ध र यसले ल्याएको परिवर्तनका बारेमा भएको

कुराकानीलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । **निर्णय** नवौँ क्रमको कथा हो । यस कथामा उषाको कहालिलाग्दो जीवनलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ। उषाको लोग्ने जनआन्दोलनमा मरेपछि उसले पुनः अर्को बिहे गरेको र उषाको दोस्रो बिवाहको कारणले उषा सहिद परिवारकी नारी हुन् नसक्ने कुरा उषाको छोरालाई बताइन्छ । यो कुराको विरोध गर्ने निर्णय उषाको छोरो सङ्गमले लिन्छ । **मोडेल** दसौँ क्रमको कथा हो । यस कथामा सुमन र सुशीला बिच देशको बारेमा चिन्तित हुँदै परिवर्तन ल्याउनका लागि आफूमा आएको जिम्मेवारी पुरा गर्दै निम्न वर्ग र निमुखाको माग पुरा गर्नुपर्ने दायित्वको बोध भएको प्रस्तुत छ । **संविधानसभा** एघारौँ क्रमको कथा हो । यस कथामा २०४७ सालको संविधान देश र जनताका पक्षमा नभएकाले निम्न वर्गको लागि अहिलेको संविधान बन्न जरूर छ त्यसैले हामीले हाम्रो पक्षमा संविधान लेख्ने व्यक्तिलाई संविधान सभाको सदस्यमा जिताउनु पर्छ भन्ने किसिमको कथानक रहेको पाइन्छ। **बिहानी** बाह्रौँ क्रममो कथा हो। यस कथामा एउटा शिक्षित परिवारमा अझै पनि सासु बुहारीका बिचमा होओस् या लोग्ने स्वास्नीका बिचमा पुरानै थिचोमिचो रहेको छ र यसलाई परिर्वतन गर्न सबै लाग्नुपर्ने कुरा कथानकका रूपमा आएको छ। **मेरा राष्ट्रियता** तेह्रौ क्रमको कथा हो । यस कथामा सीमामा भारतीय प्रहरीद्वारा हुने गरेका ज्यादतीपूर्ण घटनालाई कथानकको रूपमा मार्मिक तरिकाले प्रस्तुत गरिएको छ। **मन्दी** चौधौँ क्रमको कथा हो । यस कथामा नेपालमा केही छैन भनेर कोरिया गएको एम.ए. पास रचित आर्थिक मन्दी लागेपछि पुनः नेपालमा आएर आफ्नै देशमा केही गर्छु भन्ने विषयवस्तुलाई कथानक बनाएएको छ। **३९ नम्बर** पन्ध्रौँ क्रमको कथा हो। यस कथामा विशेष गरी संविधान सभाको निर्वाचनपछि कस्तो किसिमको संविधान लेख्ने भन्ने विषयमा दार्चुलाको एउटा विद्यालयमा जनताको राय सुझाव सङ्कलन गर्न पुगेको टोली नम्बर ३९ सँग जनताले राखेको कुरालाई कथानकको रूपमा राखिएको छ । **उल्टो** सोह्रौ क्रमको कथा हो । यस कथामा नेपालको रोल्पा, स्याङ्जा, दाङबाट भारतको दिल्लीमा काम गर्न आएका व्यक्तिहरूका बिच नेपालबाट  टोली आउदै छ रे भन्ने कुरा सुनेपछि बरू त्यो टोलीले नेपाली जनताको गाउँ घरमा गएर केही कुरा सिकाउनु पर्ने हो त्यो त उल्टो भयो भन्ने प्रसङ्गसँगै कथानक टुङ्गिन्छ। **लाल विधुवा** सत्रौँ क्रमको कथा हो। यस कथामा मुख्य रूपमा माओवादीले दश वर्षसम्म युद्ध लडेर सबै पक्षमा परिवर्तन गर्‍यौ भन्ने तर युद्धको अन्त्यपछि स्वयम् माओवादी कार्यकर्ता नै खाओवादी भएर हिँडेको कुरालाई

व्यक्त गरिएको छ भने अंशतः सहिदकी स्वास्नीले अर्को विवाह गरेपछि सहिद परिवारकी हुने कि नहुने भन्ने विषयवस्तुलाई कथानक बनाएको पाइन्छ । **पालुङटार** अठारौँ क्रमको कथा हो । यस कथामा गोरखाको पालुङटारमा माओवादीको छैटौँ विस्तारित बैठकमा गएकी आमा (आशा) र छोरा (असल) बिचमा भएका कुराकानीलाई विषयवस्तु बनाएको छ । **परिवार** उन्नाइसौँ अर्थात् अन्तिम कथा हो । यस कथामा नारीहरूको पीडा, वेदना तथा कारूणिक स्थितिलाई विषयवस्तु बनाएको छ । यसका साथै नारीलाई पुरूषले आफ्नो दास बनाएको घटनालाई पनि यस कथामा कथानक बनाएको छ ।

### ४.२.४.२ चरित्र चित्रण

**पन्ध्र गते** कथामा मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा सडक र पेटी प्रमुख तथा मञ्चीय पात्रको रूपमा कथामा उपस्थित भएका छन् भने सडक र पेटीमा हिँड्ने मानिसहरू गौण तथा सूच्य पात्रको रूपमा प्रयोग भएका छन् । **वात्सल्य** कथामा वीर बहादुर , लक्ष्मी, प्रमोद, किशोर मञ्चीय पात्रका रूपमा छन् भने तेजु, श्यामप्रसाद, कान्छी, ठुलाबा, कमिनी दिदी, सानी सूच्य पात्रका रूपमा आएका छन् । वीर बहादुर र लक्ष्मी प्रमुख पात्र हुन् भने अन्य पात्रहरूले सहायक र गौण भूमिका निर्वाह गरेका छन् । **सेवक** कथामा परिणाम, निश्चल, कमला, रीता, मञ्चीय पात्रका रूपमा आएका छन् भने प्रकृति सूच्य पात्रको रूपमा आएकी छ । निश्चल र परिणाम यस कथाका प्रमुख पात्र हुन् भने अन्य सहायक र गौण पात्र हुन् । **सङ्केत** कथामा मानवीर, जया, तुफान, शर्मिला, धारणा, अमृता र हिमालय मञ्चीय पात्रका रूपमा आएका छन् । प्रमुख पात्रका रूपमा मानवीर र जया छन् भने अन्य सहायक र गौण पात्रका रूपमा आएका छन् । **परिष्कृत** कथामा उषा, प्रज्ज्वल र पवन मञ्चीय पात्रका रूपमा आएका छन् भने कल्पना सूच्य पात्रका रूपमा आएकी छ । उषा र प्रज्ज्वल प्रमुख पात्र हुन् भने अन्य गौण पात्र हुन् । **विश्लेषण** कथामा ज्योति र रीता मञ्चीय पात्र हुन् भने श्याम सूच्य पात्र हो र प्रमुख पात्रका रूपमा ज्योति र रीता आएका छन् भने श्याम सहायक पात्रका रूपमा आएको छ । **मार्गचित्र** कथामा नीलम र निहारिका प्रमुख तथा मञ्चीय पात्रका रूपमा आएका छन् भने प्रकाश गौण तथा सूच्य पात्रका रूपमा आएको छ । **हल्का** कथामा विवेक, बिमल र प्रभा मञ्चीय पात्रका रूपमा आएका छन् भने रक्षा, प्रज्ज्वल र प्रगुन सूच्य पात्रका रूपमा आएका छन् । विवेक र बिमल प्रमुख प्रभा सहायक र अन्य गौण पात्रका रूपमा आएका

छन् । **निर्णय** कथामा उषा, सङ्गम, रमेश काका, रीता, प्रताप र उदय मञ्चीय पात्रका रूपमा आएका छन् भने निर्मित, ज्योति, गीता, आगो, राप, उजेली, तरी, रामु प्रताप, उदय, श्याम र वरूण सूच्य तथा गौण पात्रका रूपमा आएका छन् । उषा र सङ्गम यस कथामा प्रमुख पात्र हुन् भने रमेश, रीता, प्रताप र उदय सहायक पात्र हुन् । **मोडेल** सुमन र सुशीला यस कथाका प्रमुख तथा मञ्चीय पात्रका रूपमा आएका छन् भने दीपा, समीर, बिमला, उषा, दुर्गा र शर्मिला गौण तथा सूच्य पात्रका रूपमा आएका छन् । **संविधानसभा** कथामा सावित्री, कृष्णसर, सरिता र हजुरबुबा मञ्चीय पात्रका रूपमा आएका हुन् भने विवेक र अशोक सूच्य तथा गौण पात्रका रूपमा आएका छन् । सावित्री र कृष्णसर यस कथाका प्रमुख पात्र हुन् भने सरिता र हजुरबुवा सहायक पात्र हुन् । **बिहानी** कथामा दुलही, सासुससुरा नन्द, लोग्ने र सीता मञ्चीय पात्रका रूपमा आएका छन् भने टीका , हजुरआमा सूच्य तथा गौणपात्रका रूपमा आएका छन् । दुलही र सीता प्रमुख पात्र हुन् भने सासुससुरा, नन्द र लोग्ने सहायक पात्र हुन् । **राष्ट्रियता** कथामा विवेक, उदय, भारतीय जनपथ र युवक मञ्चीय पात्रका रूपमा आएका छन् । विवेक प्रमुख पात्र भारतीय जनपथ र युवक सहयाक पात्र हुन् । मन्दी कथामा रमिता, शर्मिला, रचित र मानसिंह दाइ मञ्चीय पात्रका रूपमा आएका छन् । रचित प्रमुख पात्रका, रमिता सहायक पात्र र शर्मिला र मानसिंह दाइ गौण पात्र हुन् । **३९ नम्बर कथामा** गीता, अनुजा, दयाकृष्ण, वासुदेव पन्त, उदय, रामदत्त पशुपति पन्त्र, धनीराम सार्की र सभासद् मञ्चीय पात्रका रूपमा आएका छन् भने गाउँलेहरू सूच्य पात्रका रूपमा आएको छन् । गीता र अनुजा प्रमुख पात्र हुन् भने अरू सबै सहायक पात्र हुन् । **उल्टो** कथामा रूबी, मान बहादुर र टेक बहादुर मञ्चीय तथा प्रमुख पात्र हुन् भने सभासद् सूच्य तथा गौण पात्र हुन् । **लाल विधुवा** हरि, श्याम र प्रकाश यस कथामा प्रमुख तथा मञ्चीय पात्र हुन् । भने लामा दाइ, सीता, जानकी, चमेली, उज्ज्वल, उदय हिमाल र प्रयास सूच्य तथा गौण पात्र हुन् । **पालुङटार** कथामा असल, आशा र बृद्ध मञ्चीय पात्र हुन् भने बैठकमा उपस्थित प्रचण्ड, किरण, बाबुराम लगायत सबै सूच्य तथा गौण पात्र हुन् । अशल र आशा प्रमुख पात्र हुन् । **परिवार** कथामा गौँथली र सरिता प्रमुख तथा मञ्चीय पात्र हुन् भने गौँथलीको घरपरिवार, लोग्ने, सरिताको घरपरिवार, लोग्ने, सहायक तथा गौण पात्रका रूपमा उपस्थित भएका छन् ।

### ४.२.४.३ परिवेश

यस कथा सङ्ग्रहमा सङ्कलित **वात्सल्य, मार्गचित्र, मेरो राष्ट्रियता र उल्टो** जस्ता चारवटा कथामा ग्रामीण तथा सहरिया जन जीवनको विविध पक्षलाई परिवेशका रूपमा प्रस्तुत गरिएको छ । विशेष गरेर **पन्ध्र गते** कथामा मुङलिन, थानकोट, नेपालजन्ज, भारतीय सीमा, भारतको दिल्ली जस्ता ठाउँहरूलाई परिवेशका रूपमा चित्रण गरिएको छ । यी बाहेक अन्य सबै कथामा ग्रामीण समाजको सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, आर्थिक तथा ऐतिहासिक विषयवस्तुलाई परिवेश बनाएको छ । विशेष गरी यस सङ्ग्रहका सबै कथाहरूमा वर्गीय विषमता, शैक्षिक पछौटेपन, नारीहरूको कारुणिक स्थिति र जनयुद्धका सङ्घर्षपूर्ण यात्राहरूलाई परिवेश बनाएको छ ।

### ४.२.४.४ उद्देश्य

यस कथा सङ्ग्रहमा सङ्कलित उन्नाइस बटा कथाहरूमा लगभग सबै कथाहरूको उद्देश्य एउटै रहेको छ । यस सङ्ग्रहका कथाहरूमा उच्च वर्ग र निम्न वर्गका बिचको विभेदलाई अन्त्य गर्नु, शिक्षित र अशिक्षित बिचको दूरी कम गर्नु, नारी र पुरूषबिचको दूरीलाई हटाइनु, सामाजिक तथा सांस्कृतिक रूपमा सबैले पहुँच पाउनु, जातीय रूपमा एकले अर्कालाई अपहेलना गर्न नपाउने र नारीलाई विविध तह र तप्काबाट लगाइने लान्छन्ाहरू हटाउनु जस्ता उद्देश्यहरू रहेको पाइन्छ । अन्त्यमा भन्नुपर्दा जनयुद्धकालीन समयको विषयवस्तु र परिवेशलाई बोकेको यस कथा सङ्ग्रहको मूल उद्देश्य भनेको एउटा सुन्दर समाजको निर्माण गर्नु रहेको छ ।

### ४.२.४.५ दृष्टिबिन्दु

यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू आन्तरिक दृष्टिबिन्दु, बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दु, आन्तरिक र बाह्य दृष्टिबिन्दु, प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु र प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु तथा प्रथम पुरुष परिधिय दृष्टिबिन्दुको संरचनामा संरचित हुन् पुगेका छन् ।

### ४.२.४.६ भाषाशैली

यस कथा सङ्ग्रहमा सङ्कलित सबै कथाहरूमा एउटै प्रकारको भाषाशैलीको प्रयोग भएको पाइन्छ । कुनै कुनै कथामा स्थानीय भाषिकाको प्रयोग भए पनि सबै कथाहरूमा सरल,

सहज र वस्तुगत भाषाको प्रयोग भएको पाइन्छ । शैलीका हिसाबले हेर्दा यस सङ्ग्रहका कथाहरूमा व्याख्यात्मक, संवादात्मक, प्रश्नोत्तरात्मक तथा व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको पाइन्छ । यसरी यस कथा सङ्ग्रहका कथाहरू शैलीका हिसाबले सबल नै देखिन्छन् ।

समग्रमा भन्नुपर्दा सरला रेग्मीद्वारा लिखित **लाल विधवा** (वि.सं.२०६८) कथा सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, राजनीतिक, ऐतिहासिक विषयवस्तुलाई उपयुक्त पात्र तथा परिवेशको रूपमा चयन गरिएको छ । जम्मा १९ वटा कथाहरू रहेको यस सङ्ग्रहका कथाहरू केही लामा र केही छोटा रहेका छन् । वर्गीय समता, नारीहरूको उत्थान र सुन्दर समाज बनाउने उद्देश्य रहेको यस सङ्ग्रहका कथामा सरल, सहज तथा सुकोमल भाषाशैलीको प्रयोग गरिएको छ ।

## ४.३ बुद्धिनाथ ज्ञवाली र उनका औपन्यासिक कृतिको अध्ययन

### ४.३.१ बुद्धिनाथ ज्ञवालीको सङ्क्षिप्त परिचय

बुद्धिनाथ ज्ञवालीको जन्म वि.सं.२००४ पुस १५ गते अर्घाखाँची जिल्लाको खिदिम गाविस वडा नं. ३ साधनबुटामा र मृत्यु वि.सं.२०६९ असोज २० गते बर्दियाको गुलरियामा भएको हो । बर्दिया नगरपालिका वडा नं. ६ गुलरियामा बसोबास गर्ने ज्ञवालीका माता मीना ज्ञवाली र पिता कृष्ण प्रसाद ज्ञवालीका सुपुत्र बुद्धिनाथ ज्ञवालीको साहित्यिक नाम वसन्त शर्मा हो भने वास्तविक नाम बुद्धिनाथ ज्ञवाली हो । निबन्ध लेखनबाट आफ्नो साहित्य लेखनको प्रारम्भ गर्ने ज्ञवाली आफ्नो सार्वजनिक साहित्यिक यात्राको थालनी **कृष्णसार** पत्रिकामा प्रकाशित **सरकारको कर** (वि.सं.२०५७) कथाबाट गरेको पाइन्छ । शिक्षक पेसामा आबद्ध ज्ञवाली नेपाल राष्ट्रिय शिक्षक सङ्गठन बर्दियाको अध्यक्ष भई वि.सं. २०५१-२०५४ सम्म काम गरेको पाइन्छ । उनी वि.सं.२०२५ देखि निरन्तर श्री महाकवि देवकोटा मा.वि. गुलरियामा गणित विषयका शिक्षक भएर शिक्षण सेवामा समर्मित भई उक्त मा.वि.को प्रधानाध्यापक समेत भइसकेको पाइन्छ । बनारस यु.पी. बोर्डबाट १९६६ मा प्रवेशिकाबाट आदर्श कलेज यु.पी. १९६८ मा आई.एस्सी., आगरा विश्वविद्यालयबाट प्राइभेट राजनीतिशास्त्र र समाजास्त्र १९७२ मा बी.ए. र त्रि.वि.वि. कीर्तिपुरबाट वि.सं.२०३७ मा एम.एड. उत्तीर्ण गरी उनले औपचारिक

अध्ययनलाई स्थगित गरेको देखिन्छ ।[१५] ज्ञवालीले औपचारिक शिक्षणबाट मात्र नभएर स्वाध्ययनबाट पनि आफ्नो साहित्यिक लेखनको क्षितिज उघारेका हुन् । गम्भीर स्वभावका धनी ज्ञवालीले कथा, कविता, निबन्ध, एकाङ्की र उपन्यास विधामा कलम चलाउने गरेको पाइन्छ । उनका लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित रहेका छन् भने पुस्तकाकार कृतिहरूमा कथा र उपन्यास नै रहेका छन् । ज्ञवालीका कृतिहरू यस प्रकार छन् :

**निबन्ध :**

१. साहित्यमा स्वतन्त्रता
२. पसिना
३. शिक्षाका गुणस्तर समस्या र समाधानमा केही उपायहरू
४. शिक्षकद्वारा विद्यार्थीमाथि हुने दुर्व्यवहारका कारण, प्रवृत्ति, असर र समाधान

**एकाङ्की :**

१. चोट २. सङ्गठन ३. पूजा ४.मर्यादा ५.धर्मपुत्र

**कथासङ्ग्रह :**

१. जल्दै गरेको आकाश (२०६२)
२. बगिरहेको जीवन (२०६४)

**उपन्यास :**

१. अन्तरङ्ग जीवन (२०६७ मा लिखित) (२०६९ मा प्रकाशन)
२. गौमाता (२०६८ मा लिखित) अप्रकाशित

लक्ष्मी प्रसाद देवकोटा, बालकृष्ण सम र भूपी शेरचनबाट प्रभावित ज्ञवाली प्रेमचन्दको **उसकी रात** बाट आफू विशेष प्रभावित रहेको बताउँछन् । साहित्य लेखनका प्रेरणाका स्रोत हजुरआमा र गुरु ऋषि समलाई दिने ज्ञवाली नेपाली क्रान्तिको उपन्यास लेख्न मन लागेको विचार व्यक्त गर्दछन् ।[१६] उनले प्रगतिशील लेखक सङ्घ, बर्दिया शाखाको अध्यक्ष, बर्दियाली साहित्य समाज, गुलरिया, बर्दियाका संस्थापक उपाध्यक्ष, श्री महाकवि देवकोटा मा.वि. गुलरिया, बर्दियाको शिक्षक र प्रध्यानाध्यापक (वि.सं.२०२५-२०६४ सम्म) वि.सं.२०२९ मा देवकोटा

---

१५. खडक प्रसाद उपाध्याय, **कथाकार बुद्धिनाथ ज्ञवालीको 'बगिरहेको जीवन' कथा सङ्ग्रहको अध्ययन विश्लेषण**, (अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज), पृ.७ ।
१६. ऐजन, पृ.९ ।

मा.वि. द्वारा प्रकाशित **वाणी** नामक पत्रिकाको सम्पादन र प्रकाशनमा समेत सक्रिय सङ्लग्नता देखाएको पाइन्छ ।

बुद्धिनाथ ज्ञवालीको उपर्युक्त एउटा प्रकाशित उपन्यासमा व्यक्ति पात्रको भोगाइलाई विषयवस्तु बनाई उसका दैनिकीलाई वर्णनात्मक र संवादात्मक शैलीद्वारा अभिव्यक्ति गरिएको छ । उनका औपन्यासिक कृतिमा नेपाली समाजमा व्याप्त विकृति, विसङ्गति, छल, कपट, उत्पीडन जस्ता खराब पक्षको उद्घाटन गर्दै पुराना सोचाइ, विचार, मान्यता र संस्कारमा युग सुहाउँदो परिवर्तन भएको अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ । भाषिक तथा औपन्यासिक शिल्पको प्रयोगले उनको उपन्यास स्तरीय देखिन्छ । उनको उपन्यासमा हिन्दी, संस्कृत, उर्दू स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । जसले गर्दा उपन्यासमा रोचकता थपेको छ ।

बर्दिया जिल्लाको उपन्यास लेखनमा तेस्रा उपन्यासकार तेस्रो पुस्तकाकार औपन्यासिक कृति प्रकाशन गर्ने श्रेय बुद्धिनाथ ज्ञवालीलाई जाछ । मूलतः उनको उपन्यासमा समाजमा रहेका विकृति, विसङ्गति, विश्वासको सङ्कट, श्रमप्रतिको उदासीनता, व्यभिचार, नैतिक पतन जस्ता प्रवृत्ति एवम् विशेषता रहेकाले उपन्यासलाई सामाजिक यथार्थवादी प्रवृत्ति भएको उपन्यास र उनलाई समाजवादी उपन्यासकारका रूपमा चिनाउन सकिन्छ । ज्ञवालीको हालसम्म प्रकाशित भएको एउटा मात्र उपन्यासको अध्ययन गर्ने काम यस शोधपत्रमा गरिएको छ ।

## ४.३.२ 'अन्तरङ्ग जीवन' उपन्यासको अध्ययन

बर्दिया जिल्लाबाट कथा लेखनको हेतुमा आफ्नो परिचय स्थापित गरिसकेका स्रष्टा बुद्धिनाथ ज्ञवालीको **अन्तरङ्ग जीवन** पहिलो औपन्यासिक कृति हो । यसको प्रकाशन २०६९ सालमा भेरी साहित्य समाजद्वारा भएको हो । समसामयिक जन जीवन नै मूल कथ्यका रूपमा रहेको यो उपन्यास यथार्थवादी शैलीमा संरचित मौलिक उपन्यास हो । कुल १०८ पृष्ठमा लिखित यस उपन्यासले ६२/०६३ सालको दोस्रो जन आन्दोलनपछि व्यवस्था परिवर्तन भई राज्य लोकतान्त्रिक शासन प्रणालीमा प्रवेश गरेपछि व्यक्तिका सोचाइ, विचार, संस्कार परिवर्तन हुन् सकेनन् भन्दै सामान्य जनताको जीवनमा उस्तै अभाव समस्या र अप्ठ्यारा परिस्थितिहरू विद्यमान रहेको यथार्थलाई प्रस्तुत गरेको छ र  त्यसबाट समाजलाई मुक्त पार्ने अभिप्राय पनि

राखेको छ । औपन्यासिक तत्त्वका आधारमा **अन्तरङ्ग जीवन** को अध्ययन यस प्रकार गरिएको छ :

### ४.३.२.१ कथानक

**अन्तरङ्ग जीवन** उपन्यासको कथानक व्यक्तिपात्रका भोगाइ र जीवनसँग सम्बन्धित समसामयिक विषयवस्तुसँग सम्बन्धित छ । नेपालगन्ज सहरका विभिन्न गल्लीहरूमा रिक्सा चलाउने चालक (भरण) ले धम्बोजी चोकबाट श्यामलाई आफ्नो रिक्सामा बसाली उसको गन्तव्यसम्म पुऱ्याउँछ । ऊ त्यहाँबाट जोगी (रामदास) लाई रिक्सामा बोकी धम्बोजी चोकसम्म ल्याई पुऱ्याउँछ । यसै गरी भरणको दैनिक काम भनेको आफ्ना सवारीहरूलाई उनीहरूको निश्चित गन्तव्यसम्म पुऱ्याउनु नै हुन्छ । उसको रिक्सामा विभिन्न विचार बोकेका थरी थरीका मान्छेहरू चढ्ने गर्दछन् । रिक्सामा सवार हुने ती व्यक्तिहरूका आपसी कुराहरूबाट उनीहरूको जीवनको आन्तरिक पाटो आपसी सम्बन्ध र सोचाइ विचारका बारेमा उसलाई जानकारी प्राप्त हुन्छ । उसले कहिलेकाहीँ निम्न वर्गीय दुःखी व्यक्तिलाई रिक्सामा बोकेको छ भने कहिलेकाहीँ समाजका अगुवा जस्ता देखिने धूर्त फटाहा तस्करहरूलाई पनि बोकेको छ । यस्ता फटाहाहरूलाई बोक्नु पर्दा भरणलाई खिन्नता लाग्छ तर रिक्सा चलाउनु आफ्नो कर्म भएकाले जस्तोसुकै मान्छेलाई पनि बोक्नु पर्छ भन्ने सोचेर बढ्छ ।

रिक्सा चालक भरणको रिक्सामा बसेर ओहरदोहर गर्ने यी विभिन्न पात्रहरूको भोगाइलाई नियाल्दा कोही पढेर पनि उचित काम नपाई कामको खोजीमा दौडेका छन् भने कोही सडकको पेटीमा चिया पसल थापेर आफ्नो गुजारा चलाइ रहेका छन् । श्यामकी पत्नी सन्तान प्राप्त गर्नका लागि मठ मन्दिर धाउँदै भगवान्सँग प्राथना गर्दै र जोगीको सन्तान प्राप्त हुने उपायमाथि अन्धविश्वास बोकेर रामदास जोगीसँग नजिक हुन्छे । उनीहरूका बिच अनैतिक सम्बन्ध पनि हुन सक्ने सङ्केत कथानकमा देखिन्छ । रामदास जस्तो जोगी धर्मको आडम्बर बोकेर व्यभिचार गर्ने धूर्तहरूको चरित्रलाई कथानकमा समेटिएको छ । रिक्सा चलाउँदै जाँदा एकदिन भरणले बिच बजारमा सडकको छेउनेर उभिएकी भर्खर पहाडबाट झरेकी हिमानीलाई देख्छ । उसको मैलिएको पोसाक र प्राकृतिक शृङ्गार देखेर भरण प्रभावित हुन्छ र उसभित्र

राष्ट्रियताको भाव उचल्किएर आउँछ । एक दिन भरणको रिक्सामा रुपैडियाबाट धम्बोजी फर्किंदै गर्दा दुई जना वृद्धहरू आफ्नो देशको धार्मिक सांस्कृतिक महत्त्व र त्यहाँका पवित्र तीर्थ स्थलहरूको वर्णन गर्दछन् । अर्को दिन एकथरी तीर्थयात्रीहरू भारतका विभिन्न तीर्थहरूको यात्रा गरेर फर्कने क्रममा रुपैडियाबाट उसको रिक्सामा चढेर धम्बोजीसम्म आउँछन् र  रिक्साबाट झरेपछि रिक्सा भाडाको कुरालाई लिएर विवाद गर्दछन् । आपसी विवाद चर्किंदै गएपछि मान्छेको भिड लाग्छ र रिक्सा चालकले लाज मानेर बिस रुपैयाँ कम भाडा लिएर आफ्नो बाटो लाग्छ । यस घटनाले उसको मन साह्रै दुख्छ र यही चित्तदुख्दो घटनासँगै कथानकको अन्त्य हुन्छ ।

निम्नवर्गीय कर्मठ पात्रको कर्मशील जिन्दगीका आरोह अवरोहलाई समेटिएको यस उपन्यासमा समसामयिक युगका विकृति विसङ्गति सहरिया देखावटीपन फेसनको तडक भडक र सीमा क्षेत्रमा हुने तस्करीका साथै व्यक्तिमा हुने चारित्रिक पतन जस्ता घटनाहरूसँग यस उपन्यासको कथानक गाँसिएको छ । उपन्यासको कथानक क्रमिक रूपमा अघि रहेको हुनाले मूल पात्रको मूल कथानकसँग जोडिएर छुट्टाछुट्टै उपकथाहरूलाई सरल ढङ्गले प्रस्तुत गरिएको छ । कथात्मक प्रस्तुतिलाई हेर्दा वर्णनात्मक र घटनाप्रधान उपन्यासको रूपमा यो उपन्यास रहेको छ ।

### ४.३.२.२ चरित्र चित्रण

'अन्तरङ्ग जीवन' उपन्यासमा नेपाली समाजको प्रतिनिधित्व गर्ने विभिन्न पात्र रहेका छन् । कतिपय पात्रहरूको व्यक्तिवाची नाम उल्लेख नगरी युवा, युवती केटाहरू, अपरिचित शिक्षक, बाबु, छोरा जस्ता साझा नामहरू प्रयोग गरिएको छ । कार्य भूमिकाका आधारमा पात्रहरूको अध्ययन गर्दा तिन थरी प्रमुख, सहायक र गौण भूमिका निर्माण गर्ने पात्रहरू प्रयोग भएका छन् । यसरी प्रयोग भएका पात्रहरूको चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ :

| क्र. सं. | पात्र | लिङ्ग | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आबद्धता | आसन्नता |
|---|---|---|---|---|---|---|---|---|
| १ | भरण | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| २ | श्याम | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | रामदास | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |
| ४ | ज्योति | महिला | गौण | प्रतिकूल | गतिशील | वर्गीय | मुक्त | मञ्चीय |
| ५ | हिमानी | महिला | गौण | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |

'भरण' यस उपन्यासको पुरुष पात्र एवम् नायक हो । निम्न वर्गको ऊ गरिब भए पनि अशिक्षित छैन । रिक्सा चलाएर दिनदिनै आफ्नो रिक्सामा बसेर गन्तव्यसम्म पुग्ने विभिन्न पात्रहरुको वार्ता सुनेर कहिले ऊ पढेलेखेका भनाउँदाहरूको अविवेकीपन र श्रमलाई घृणा गर्ने प्रवृत्तिबाट दिक्क हुन्छ । यस्तो कुरा सुनेपछि ऊ तुरुन्त प्रतिक्रिया त दिँदैन तर चिन्ता बढी गर्छ । दिन दिनै हुने बन्द हडतालका कारण आफूले काम गर्न नपाएकोमा ऊ दुःखी हुन्छ । एउटी बुढी आमा, श्रीमती र दुई जना छोराछोरी र आफू सहित पाँच जनाको परिवार उसले रिक्सा चलाएर पालेको छ । उसको कुनै ठुलो महत्वकांक्षा छैन । कर्मशील सादा जीवन र उच्च विचार बोकेको भरण आदर्श पात्र हो । लोकतन्त्रको आगमनपछि पनि देशको अवस्था जर्जर भएको देखेर ऊ खिन्न हुन्छ । तसर्थ भरण चिन्तनशील देशभक्त पात्र पनि हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म आदर्श चरित्र वहन गरेका हुनाले ऊ स्थिर पात्र हो । निम्न वर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय र च्याप्टो पात्रका रूपमा उसलाई हेर्न सकिन्छ । गरिबी र अभावमा कर्म गरेर रमाउने ऊ सत् पात्र हो । भरणको भूमिका आदर्शपूर्ण भएकाले अनुकूल पात्रका रूपमा उसलाई हेर्न सकिन्छ । उपन्यासको मूल कथानकसँग अलग गर्न नसकिने गरी बाँधिएको हुनाले आबद्धताका आधारमा बद्ध र प्रत्यक्ष सहभागी भएको हुनाले मञ्चीय पात्र हो ।

'श्याम' यस उपन्यासको सहायक पुरुष पात्र हो । नेपालगन्जको धम्बोजीमा घर भएको ऊ मध्यम वर्गीय पात्र हो । उपन्यासको सुरुमै श्यामको उपस्थिति देखिन्छ । धम्बोजी चोकबाट सधैँ भरणको रिक्सामा चढेर आफ्नो निश्चित गन्तव्यतिर ऊ जान्छ । सुखदुःख सबै साटासाट गर्ने सबैसँग खुलस्त र बहिर्मुखी स्वभावको श्याम निम्न वर्गप्रति सहानुभूति राख्ने पात्र हो । सन्तान नभएकै कारण उसकी पत्नी ज्योति मठमन्दिर धाउने तर उसलाई भने यस्ता कुरामा विश्वास छैन । श्याम प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, आबद्धताका आधारमा मुक्त र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

'रामदास' यस उपन्यासको सहायक पुरुष पात्र हो । यसको भूमिका खलनायक जस्तो छ । दिनहुँ जसो निश्चित चोकबाट श्यामका घरतिर जाने गल्लीसम्म ऊ भरणको रिक्सामा आउने गर्दछ र सन्तान उत्पादनको उपाय बताइ दिने निहुँमा उसले श्यामकी पत्नी ज्योतिसँग अनैतिक सम्बन्ध जोड्दै गरेको रहस्यको सङ्केत उपन्यासको मध्यतिर खुल्छ । रामदासको बोली व्यवहराबाट नै ऊ हेपाहा र कपटी स्वभावको भान हुन्छ । रिक्सा चालक भरणलाई रिक्सा भाडामा ठग्न खोज्ने, रूखो वचन लगाउने र धर्मको आडमा परस्त्री गमन गर्ने जस्तो घृणित कार्यमा सङ्लग्न भएको हुँदा रामदास प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वैयक्तिक र आबद्धताका आधारमा मुक्त हो भने आसन्नताका आधारमा मञ्चीय पात्र हो । हिमानी, ज्योति, मामा छोरी, बाबुछोरा, शिक्षित युवक, केटाहरू, बृद्धहरू, श्रीमान् श्रीमती र अन्य रिक्सा चालकहरू, शिक्षकका बाबुछोरा, तीर्थयात्री लगायतका पात्रहरूले गौण रूपमा यस उपन्यासमा आफ्नो भूमिका वहन गरेका छन् ।

### ४.३.२.३ परिवेश

नागर सभ्यतातिर उन्मुख पश्चिम नेपालको प्रमुख सहर नेपालगन्ज र त्यहाँका विभिन्न गल्ली, चोकहरू पुष्पलाल चोक, धम्वोजी चोक, बी.पि.चोक, वागेश्वरी मन्दिर, घरबारी टोल, भेरी अन्चलअस्पताल, मेडिकल कलेज, कोहलपुर बजार र भारतको सीमास्थित रुपैडिया बजारका पनि परिवेशका रूपमा रहेका छन् । यस उपन्यासको प्रकाशन २०६९ सालमा भएको र यसको लेखन २०६२/०६३ सालको दोस्रो जन आन्दोलन पश्चात् भएको हो । लोकतन्त्र प्राप्ति पछिका परिवर्तित सन्दर्भहरूलाई कालिक परिवेशका रूपमा चित्रण गरिएको छ र सहरिया सभ्यता, फेसनको तडकभडक, कमाउनका लागि विदेशतिर पलायन हुने प्रवृत्ति, दाम्पत्य प्रेमका देखावटीपन जस्ता घटना प्रसङ्गहरूको वर्णनले गर्दा आधुनिक समाजको परिवेशलाई प्रतिविम्बत गर्दछ । सहरको अस्तव्यस्तता, अव्यवस्थित फोहोर, मदिरापान गरेर दिउँसै सडकमा हिँड्ने र झैझगडा गर्ने प्रवृत्तिलाई उजागर गरेर सामाजिक विसङ्गतिलाई प्रस्तुत गरिएको छ । त्यसै गरी यस उपन्यासले आजको नयाँ पुस्ता र उसका सोच विचार एवम् संस्कारलाई समेत प्रतिविम्बित गरेको छ । नेपालगन्जको आन्चलिक परिवेशले उही स्थानीय रङ्ग पनि भरिएको पाइन्छ ।

### ४.३.२.४ संवाद

यस उपन्यासमा धार्मिक संस्कारतर्फ विशेष चासो दिइएको छ । आख्यानको शैली संवादात्मकभन्दा बढी वर्णनात्मक नै छ । कहीँ कतै सरल, सहज र आक्रामक संवाद प्रयोग भएका छन् । पात्रको स्तर अनुसार वौद्धिकतालाई पनि ध्यानमा राखिएको छ । भरण, श्याम, रामदास, आमाछोरी, बाबुछोरा, तीर्थयात्री बृद्धहरू, श्रीमान् श्रीमती जस्ता पात्रहरू आपसमा संवाद भाग लिन पुग्छन् । भरण र श्यामको संवादबाट नै कथानकको सुरुवात यसरी भएको छ :

"आज किन असिनपसिन देखिन्छौ ? धेरै कमाइ भयो कि कसो ? "
"के भन्छ यसले ? कही धेरै पैसाले पसिना आउँछ । बरु धेरै पसिना पोख्न सके धेरै पैसा आउँछ ।"[१७]

रेक्सामा यात्रा गरिरहेका श्रीमान्  श्रीमतीका बिचको आपसी संवाद यस्तो छ :

"तपाईंलाई लाज लागेको होला ।"
"केको लाज ?"
"मसँग एउटै रिक्सामा सबैले देखिरा छन् ।"
"चुप लाग, बाटाघाटा जहाँतहीँ घरायसी कुरा झिक्छे ।"
"मलाई त जहाँ बस्दा उहीँ घर ।"[१८]

माथिको संवादमा श्रीमान् श्रीमतीका बिच आपसी सम्बन्ध सुमधुर हुन नसकेको र एकले अर्कालाई हेर्ने दृष्टिकोण विश्वासपूर्ण नभएको सङ्केत मिल्दछ । यस उपन्यासमा प्रयुक्त संवादले अभिव्यक्तिलाई सहजताका साथ प्रस्तुत गरेको छ । उपन्यासका संवादहरू छोटा र सटिक छन् ।

---

१७. बुद्धिनाथ ज्ञवाली, **अन्तरङ्ग जीवन,** नेपालगन्ज भेरी साहित्य  समाज, २०६९, पृ.१ ।
१८. ऐजन, पृ.३९ ।

### ४.३.२.५ उद्देश्य

यस उपन्यासले समसामयिक जीवनको यथार्थलाई उजागर गरेको छ । व्यवस्था परिवर्तन भएपनि सामाजिक स्थिति अस्तव्यस्त भएको, विपन्न र निम्न वर्गीय व्यक्तिहरूको जीवन सङ्घर्षपूर्ण रहेको कुरा एकातिर देखाइएको छ भने अर्कोतिर उच्च वर्गीय व्यक्तिहरूमा एक्लोपन विकसित हुनुका साथै पारस्परिक विश्वासको सङ्कट उत्पन्न भइरहेको तर्फ सङ्केत गरिएको छ । सहरिया परिवेशको विसङ्गति विकृति, व्यक्तिको नैतिक पतन, स्वार्थ, जालझेल, छलकपट र षड्यन्त्रले गर्दा समाज व्यवस्था भताभुङ्ग भएको कुरा देखाउनु यस उपन्यासको मूलभूत उद्देश्य हो । कर्मप्रति आस्थावान् र उत्तरदायित्वपूर्ण व्यक्ति चरित्रको माध्यमबाट आदर्श समाजको स्थापनामा जोड दिनु पनि यस उपन्यासको प्रमुख उद्देश्य रहेको छ ।

### ४.३.२.६ द्वन्द्व

यस उपन्यासमा सामाजिक व्यवस्था र व्यक्तिका विचारका बिच सूक्ष्म किसिमको द्वन्द्व पाइन्छ । व्यक्ति व्यक्तिका बिचको द्वन्द्वको प्रयोग यसमा गरिएको छ । आफ्नो काममा निरन्तर लागिरहने म पात्रको श्रमप्रति सम्मानपूर्ण दृष्टिकोण समाजका कतिपय शिक्षित भनाउँदा व्यक्तिहरूसँग मेल खाँदैन । शारीरिक श्रम गरेर गरिने कर्महरूलाई तुच्छ ठान्ने उनीहरूका विचार, व्यवहार र संस्कारसँग भरणको आदर्श विचारको द्वन्द्व देखा पर्दछ । ईश्वर र धर्मकर्मप्रति आवश्यकताभन्दा बढी नै विश्वास ज्योति र यस्ता कुरामा त्यति विश्वास नगर्ने उसको पति श्यामका बिचमा मान्यता देखाइएको छ । पुरानो पुस्ताकी आमा र नयाँ पुस्ताकी छोरी बिचको द्वन्द्वलाई फरक पुस्ताबिच पाइने द्वन्द्वका रूपमा हेरिएको छ । पढलेख गरेर पनि उचित रोजगारी नपाउँदा शिक्षित युवकको रोजगारी दिन नसक्ने राज्य व्यवस्थासँग द्वन्द्व उत्पन्न भएको छ । यस उपन्यासमा वर्णित केही पात्रहरूको वैवाहिक सम्बन्धलाई हेर्दा श्रीमान् श्रीमतीका बिच आआफ्नो स्वतन्त्र जीवन जिउने सवालमा द्वन्द्व उत्पन्न भएको छ । यस किसिमको सूक्ष्म द्वन्द्वको विधानले उपन्यास रोचक बनेको पाइन्छ ।

## ४.३.२.७ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासमा घटेका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिरै बसेर उपन्यासकार स्वयंले वर्णन गरेका छन् । भरणको जीवनमा बढी केन्द्रित भए पनि सबै घटना, क्रियाकलाप, संवाद र पात्रका सबै मानसिक उथलपुथल समेत उपन्यासभन्दा बाहिरै बसी कथयिताले वर्णन गरको हुनाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दु रहेको छ । प्रारम्भदेखि अन्त्यसम्म वर्णनात्मक शैलीमा लेखकले घटनाको वर्णन गरेको हुनाले यसका तृतीय पुरुष दृष्टिबिन्दु पाइन्छ ।

## ४.३.२.८ भाषाशैली

'अन्तरङ्ग जीवन' उपन्यास भाषा प्रयोगका दृष्टिले स्तरीय छ र भाषालाई साहित्यिक स्तर प्रदान गर्न विभिन्न विम्बात्मक, प्रतीकात्मक, लाक्षणिक र आलङ्कारिक पद चयन र वाक्य निर्माणमा ध्यान दिइएको छ । उपन्यासको प्रस्तुतिका बिच बिचमा तार्किक एवम् विचारपूर्ण बौद्धिक भाषाको पनि प्रयोग भएको पाइन्छ । जस्तै :

"सङ्ग्रह गरेको धन सम्पत्तिबाट राम्रो कामभन्दा नराम्रो काम बढी हुन्छ । छोराछोरी मात्छन् । उनीहरू काम गर्दैनन् । घमन्डी हुन्छन् । असक्षम हुन्छन् । गलत कार्यतिर ध्यान लगाउँछन् ।"[१९]

"चुम्बन  कलङ्क, मनोहर, धूर्त वैभव" जस्ता संस्कृत, हस्पिटल, हल, स्टाइन्ड जस्ता अङ्ग्रेजी शब्द र बुज्रुक, जरुर, जस्ता हिन्दी उर्दू स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ । उपन्यासमा वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । उपसमा रूपक, उत्प्रेक्षा जस्ता अलंकारको प्रयोग पनि उपन्यासमा गरिएको पाइन्छ । उपमा प्रयोगको उदाहरण यस प्रकार छ :

"उसका ओठ रसले भरिएर पुष्ट भएका सुन्तलाका केस्रा जस्तै थिए, गाला स्याउको दाना झै पुक्क उप्सेका र चिल्ला थिए न क्रिम न पाउडर अनुहार कति राम्रो हो कति मनोहर रूप !"[२०]

---

१९. ऐजन, पृ. १११

समग्रमा भन्नु पर्दा वि.सं.२०६९ सालमा प्रकाशित कृति **अन्तरङ्ग जीवन** उपन्यास समसामयिक यथार्थवादी धरातलमा उभिएको सामाजिक उपन्यास हो । व्यवस्था परिवर्तन भए पनि समाजमा विकृति, विसगङ्ति, छलकपट, धोका विश्वासको सङ्कट, श्रमप्रतिको उदासीनता, व्यभिचार, नैतिक पतन जस्ता विषयमा आधारित वर्णनात्मक शैलीको सहरिया परिवेशलाई समेटिएको स्तरीय उपन्यास हो । यसमा केही विम्ब, प्रतीक र अलङ्कारको प्रयोगले भाषालाई रङ्गाउने काम गरेको छ । गरिब निमुखा वर्गप्रति सहानुभूति राखिएको यस उपन्यासले पुराना सोचाइ, विचार, मान्यता र सङ्स्कारमा युग सुहाँउदो परिवर्तन आवश्यक भएको यथार्थ झल्काउँछ र श्रमप्रति निष्ठावान् उत्तरदायी चरित्र विकास गरी आदर्श समाजको स्थापनामा यहाँ जोड दिइएको छ ।

## ४.३.३ 'जल्दै गरेको आकाश' कथा सङ्ग्रहको अध्ययन

**जल्दै गरेको आकाश** कथाकार बुद्धिनाथ ज्ञवालीको पहिलो कथा सङ्ग्रह हो । बर्दियाली साहित्य समाजद्वारा वि.स. २०६३ मा प्रकाशित यस सङ्ग्रहमा जम्मा २० वटा लघुकथा सङ्ग्रहित छन् । जम्मा ३१ पृष्ठ भएको कथा सङ्ग्रह लघु आयामको छ । यस सङ्ग्रहमा मधुसुदन गिरीको भूमिका र लेखकका कुरा समाविष्ट छन् । यस सङ्ग्रहमा सङ्कलित लघुकथाहरूको विश्लेषण कथा तत्वका आधारमा यसरी गरिएको छ ।

### ४.३.३.१ कथानक

**कानुनी राज्य** कथा कथाकार बुद्धिनाथ ज्ञवालीको पहिलो कथा सङ्ग्रहका रूपमा प्रकाशित **जल्दै गरेको आकाश** भित्र सङ्ग्रहित कथाहरू मध्येको पहिलो क्रमको कथा हो । यस कथामा ठुलो ओहदामा रहेका कर्मचारीहरूले निम्नवर्गका मानिस प्रति देखाएको अन्याय र अत्याचारका विरुद्ध तिखो व्यङ्ग्य गर्दै कर्मचारी तन्त्रको प्रवृत्तिलाई देखाएको छ । **हाम्रा बा यस्तै हुनुहुन्थ्यो** दोस्रो क्रमको कथा हो । यस कथामा पतिबाट अलग्याइएपछि जीवन गुजारा गरिरहेकी पसले महिलाको बाध्यतालाई विषयवस्तु बनाइएको छ । **ठुली र काले**  तेस्रो क्रमको कथा हो । यस कथामा घर छोडेर प्रदेश गएको पतिको सम्झनामा काले कुकुरसँग रात बिताउन विवश ठुलीको कथालाई मार्मिक तथा कारूणिक ढङ्गमा प्रस्तुत गरिएको छ । **मतभेद** चौथो क्रमको

२०. ऐजन पृ. ५६ ।

कथा हो । यस कथामा आपसी कलहले गर्दा गर्न खोजेको सामूहिक काम पनि सम्भव नभएको यथार्थलाई देखाइएको छ । गाउँलेहरू बिच गाउँको उन्नति, प्रगति र सन्तानको भविष्यको लागि मन्दिर निर्माण गर्ने छलफल चल्छ तर पुजारी बनाउने विषयमा कुरो नमिलेपछि मूर्तिस्थापना नै हुन सक्दैन । **समाज सेवी छोरो** पाँचौं क्रमको कथा हो । यस कथामा गाउँ मै पनि राम्रोसँग मेहनत गरेपछि रोजगारीको लागि अन्यत्र जानु नपर्ने र गाउँमै पर्यटकहरू भित्र्याउन सकिने कुराको यथार्थलाई देखाइएको छ । **धर्म** यो छैटौँ क्रमको कथा हो । यस कथामा भगवानले अनैतिक कार्य गरी कमाएको पैसाले किनेको पदार्थ ग्रहण नगरेको यथार्थलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । **फोहोर फाल्ने भाँडो** सातौँ क्रमको कथा हो । यस कथामा ठुली दिदी विवाह भएको वर्ष दिनमै विधवा हुन्छे । फौजमा भर्ती भएको उसको श्रीमान्को मृत्यु भएपछि उसका यौनेच्छाहरू अतृप्त रहन्छन् तर गाउँका युवा र वयस्कहरूको समेत इच्छा उसले पुरा गरेपनि महिलाहरूले भने उसलाई फोहोर फाल्ने भाँडोको रूपमा आलोचना गरेका छन् । **पीडा** आठौँ क्रमको कथा हो । यस कथामा बैठकमा बसेका भद्र व्यक्तिहरूले आदेशपत्र लेख्दै गर्दा विद्रोहीहरूलाई दबाउने क्रममा घुन पनि पिसिन सक्छ नआतिनु भनेको कुरा म पात्रले सुन्छ र उसको मनमा चिन्ता बढ्न थाल्छ । **बासना** नवौँ क्रमको कथा हो । यस कथामा माथिल्लो जातका शर्माजीको घरमा इँट्टा बोक्ने गरेकी म पात्रलाई दलित भनेर शर्माजीले सोझो नजरले समेत नहेरेको र पछि पछिका दिनमा युवतीको यौनसँग लोभिएर नजिकिएको कुरा देखाइएको छ । **तृष्णा** दसौँ क्रमको कथा हो । यस कथामा मानिस असिमित तृष्णा र दायित्व बोधले किचिएको हुन्छ जो अन्तिम अवस्थामा पनि छोरा, छोरी, घरपरिवारको दायित्व र भारबाट मुक्त हुँदैन भन्ने कुरा बोध गराइएको छ । **अनिश्चित भविष्यको उज्यालो दीप** एघारौँ क्रमको कथा हो । यस कथामा एउटा महिलाले आफ्नो लोग्नेले अत्याधिक रक्सी सेवन गरेर घरपरिवार बिग्रिएको र रक्सी बन्द गर्ने कुनै सङ्घ सङ्गठन भएपनि हुने थियो भन्ने कुरा व्यक्त गरेकी छ । **पुरस्कार** बाह्रौँ क्रमको कथा हो । यस कथामा माण्डव्य सरले पुरस्कार पाउने पत्र पाएपछि उनका मनमा खेलेको उथलपुथललाई विषयवस्तु बनाइएको छ । पुरस्कार पाउने कुराले घरपरिवारमा खुसी छाएपनि उनी भने आफूले पुरस्कार पाउने त्यस्तो कुनै काम नगरेकाले खुसी छैनन् । अन्तिममा आफ्नो मामाको छोरो मन्त्रालयमा सचिव भएको सम्झना आउँछ । **भोट माग्ने शैली** तेह्रौँ क्रमको कथा हो । यस कथामा देशमा जुनसुकै व्यवस्था आएपनि समाजलाई

लुट्न पल्केकाहरू देखावटी चुनावी नाराहरू दिएर आफ्नो अभिष्ट पूरा गर्छन भन्ने कुरा देखाइएको छ । **जल्दै गरेको आकाश** चौधौं क्रमको कथा हो । यस कथामा एउटै गाउँका बासिन्दा नरेश र दिपेश एक शाही सेनामा र अर्को माओवादी सेनामा भर्ती हुन्छन् । द्वन्द्वका कारण दुवैको मृत्यु हुन्छ । श्रीमान मरेको कारण रिता र सीताका बिचमा वैमनस्यता भएको घटनालाई विषयवस्तु बनाइएको छ । **छायाँ** पन्ध्रौं क्रमको कथा हो । यस कथामा एउटा गाउँमा राक्षस देखापरेको छ । राक्षसको छायाँमा परेका गाउँलेहरू लाटा, बहिरा र अन्धा भएका छन् । एकान्तमा खासखुस गरेपनि कुसैले उसको विरोध गर्न सकेका छैनन् । उसको प्रवेशपछि मान्छेहरूमा दया, माया, अपमान, विश्वास र मानवीय व्यवहार हराएर गएको छ । **मनोदशा** सोह्रौं क्रमको कथा हो । यस कथामा नेपाली समाजको द्वन्द्वग्रस्त क्षेत्रलाई अङ्गालेको छ । तिलक बुढा कोठाभित्रै बसेर ढोका बन्द गर्छन् । बाहिर दोहोरो भिडन्त भएर मान्छे मरेका छन् । म पात्रले घाइतेहरूलाई सहयोग गर्न जाउ भन्दा उनी देश, काल र परिस्थिति अनुसार चल्न सक्नुपर्छ भन्छन् । म पात्र र तिलक बुढाका बिचमा कुराकानी हुँदा बाहिर मान्छे रोएको कोलाहल युक्त आवाज सुनिन्छ । बुढा तिलक सिरकभित्र गुटमुटु हुन्छन् । **कसी** सत्रौं क्रमको कथा हो । यस कथामा गाउँको यात्राका क्रममा रूख मुनि बसिरहेका गौतमबुद्धलाई शिष्यहरूले ज्ञान लिन चाहने मान्छेहरू आफै हामीसँग आउँछन् हामी किन गाउँमा हिड्नु पर्‍यो भनेर सुनाएपछि बुद्धले होइन हामी आफै हिड्नुपर्छ भनी गाउँतिर हिँड्छन् । खाना खाने बेलमा शिष्यहरू धनीका घरतिर जान्छन् तर बुद्ध भने धनी र गरिब दुवैको घरमा बनेको खाना ल्याउन भनेपछि धनीको घरको खानाबाट रगत र गरिबको घरको खानाबाट दूध निस्केको कथावस्तु छ । **बाबुलाई पिण्ड** अठारौं क्रमको कथा हो । यस कथामा दिव्य देवले जीवित हुँदा आफ्नो बाबुलाई अपमान गरेको तर मरेपछि पिण्ड दिएको कुराले मानिसहरू अचम्मित हुन्छन् । किन यस्तो गरेको भनी पण्डितलाई सोध्दा मरेपछि पिण्ड देला भनी बाबुले दानपुन्य गरी आफूलाई जन्माएको हुनाले बर्से पिण्ड दिन्छु भन्ने कुरा खुलस्त हुन्छ । **आश्रय** उन्नाइसौं क्रमको कथा हो । यस कथामा जनयुद्धको समयमा दोहोरो भिडन्तले जनमानसमा  परेको असर र व्यक्तिको जीवन जिउन असहज भएको कारूणिक अवस्थालाई देखाइएको छ । **आफ्नो भन्नु कोही छैन्** यस कथा सङ्ग्रहको अन्तिम अर्थात् बिसौं कथा हो । यस कथामा जमिनदारको घरमा बस्न विवश गरिब किसानको कारूणिक कथालाई विषयवस्तु बनाइएको छ । साथै समाजमा भएको

उच्च वर्गहरूले निम्न वर्गमाथि गरिएको शोषण, दमन र उत्पीडनलाई पनि यस कथामा अत्यन्त मार्मिक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.३.३.२ चरित्र चित्रण

**कानुनी राज्य** कथामा प्रमुख जिल्ला अधिकारी, कर्मचारीहरू र राम बहादुरकी स्वास्नी मञ्चीय पात्रका रूपमा छन् भने सूच्यात्मक पात्रका रूपमा गुन्डाहरू आएका छन् । यस कथामा उपस्थित पात्रहरू मध्ये राम बहादुर प्रमुख पात्र हो । अन्य सबै यस कथामा उपस्थित पात्रहरू गौण रूपमा आएका छन् । **हाम्रा बा यस्तै हुनुहुन्थ्यो** कथामा पसले महिला  प्रमुख पात्र हो भने म पात्र चाहिँ सहायक पात्रका रूपमा आएको छ । अन्य सबै उपस्थित चिया पिउन आउने मानिस, पसले महिलाको छोरो र लोग्ने गौण पात्रका रूपमा आएका छन् । पसले महिला, छोरो र म पात्र मञ्चीय पात्र हुन् भने अन्य सबै सूच्य पात्र हुन् । **ठुली र काले** कथामा ठुली कथाकी प्रमुख नारी पात्र हो भने अन्य सबै ठुलीको लोग्ने, काले, ठुलीका छोरा, छोरी गौण पात्र हुन् । ठुली र काले मञ्चीय पात्र हुन् । लोग्ने, छोराछोरीहरू सूच्य पात्र हुन् । यस कथामा मानवेतर पात्रका रूपमा काले कुकुरको उपस्थिति भएको छ । **मतभेद** कथामा कुनै व्यक्ति विशेषको पात्रको भूमिका छैन सिङ्गो गाउँलेहरू सूच्य पात्रका रूपमा उपस्थित भएका छन् । **समाजसेवी छोरी** कथामा तिर्थराज कथाको प्रमुख पात्र हो सुब्बा कृपाराम सहायक पात्र हो । गाउँलेहरू, विदेशी पर्यटकहरू यस कथाका गौण पात्र हुन् । यस कथामा आएका तिर्थराम कृपाराम, गाउँलेहरू मञ्चीय पात्र हुन् भने पर्यटकहरू सूच्य पात्र हुन् । **धर्म** कथाको प्रमुख पात्र काशिराम हो भने सहायक पात्र भगवान् हुन् । मञ्चीय पात्रका रूपमा काशिरामको उपस्थिति छ । ईश्वरको उपस्थिति नभएकाले उनी सूच्य पात्र हुन् । **फोहोर फाल्ने भाँडो** कथामा ठुली दिदी कथाकी प्रमुख पात्र नारी पात्र हुन् । धरणीधर यस कथाको सहायक पात्र हो । सानाकान्छा, गोकर्ण र अधवैंसे केटाहरू यस कथामा गौण पात्रहरू हुन् । यस्तै ठुलीदिदी, धरणीधर, सानाकान्छा, गोकर्ण र अधवैसे केटाहरू यस कथामा मञ्चीय पात्र हुन् भने लोग्ने र गाउँका महिलाहरू सूच्य पात्र हुन् । **पीडा** कथाको प्रमुख पत्र 'म' हो भने गाउँका भद्र भलादमीहरू सबै जना यस कथामा सहायक पात्रका रूपमा आएका छन् । म पात्र मञ्चीय पात्रका रूपमा आएको छ भने अन्य गाउँलेहरू यस कथामा सूच्य पात्रका रूपमा आएका छन् । **बासना** कथामा 'म' प्रमुख नारी पात्र हो । शर्माजी यस कथाको सहायक पात्र हो । म पात्र र शर्माजी दुबै यस

कथाका मञ्चीय पात्र हुन् । **तृष्णा** कथामा ठूलाबा प्रमुख पात्र हुन् भने म सहायक पात्र हो । ठूलाबा र म यस कथामा मञ्चीय पात्र हुन् भने अन्य घरपरिवारका छोरा, छोरी गौण पात्र हुन् । **अनिश्चित भविष्यको उज्यालो दीप** मा 'ऊ' कथाकी प्रमुख पात्र हो । म यस कथाको सहायक पात्र हो, लोग्ने छोराछोरी र बच्चा गौण पात्र हुन् । ऊ र म यस कथका मञ्चीय पात्र हुन् भने छोरा, छोरी, बच्चा लोग्ने सूच्य पात्र हुन् । **पुरस्कार** कथाको प्रमुख पात्र माण्डव्य सर हुन् । शीला मेडम यस कथाकी सहायक पात्र हुन् भने छोरीहरू र मन्त्रालयका सचिव यस कथामा गौण पात्र हुन् । माण्डव्य सर यस कथामा मञ्चीय पात्र हुन् भने सबै सूच्य पात्र हुन् । **भोट माग्ने शैली** मा गाउँका जमिन्दार सुब्बा कृष्ण प्रसाद प्रमुख पात्र हुन् । कृष्ण प्रसादको छोरो सहयाक पात्र हो । गौण पात्रका रूपमा सुब्बेनी, भैरव बहादुर वि.क. र धेरै दर्शकहरू रहेका छन् । सुब्बा कृष्ण प्रसाद र उसको छोरो मञ्चीय पात्र हुन् भने अन्य सबै सूच्य पात्र हुन् । **जल्दै गरेको आकाश** मा नरेश र दिपेश कथाका प्रमुख पात्र हुन् भने रिता र सीता सहायक पात्र हुन् ।  यी सबै पात्र यस कथामा मञ्चीय पात्रका रूपमा आएका छन् । **छाँया** कथामा 'ऊ' अर्थात् राक्षस प्रमुख पात्र हो । गाउँका मानिसहरू यस कथाका गौण पत्र हुन् । राक्षस यस कथाको मञ्चीय पात्र हो भने अन्य सबै गाउँलेहरू यस कथाका सूच्य पात्र छन् । **मनोदशा** मा तिलक बुढा प्रमुख पात्र हुन् । म यस कथाको सहायक पात्र हो । माओवादीहरू यस कथाका गौण पात्र हुन् । मञ्चीय पात्रका रूपमा तिलक बुढा र म पात्र आएका छन् भने अन्य माओवादीहरू गौण पात्रका रूपमा आएका छन् । **कसी** कथामा महात्मा बुद्ध कथाको प्रमुख पात्र हुन् । बुद्धका शिष्यहरू यस कथाका सहायक पात्र हुन् । गौणपात्रका रूपमा शंखधर र मिश्रीलाल चमार आएका छन् । यस कथामा मञ्चीय पात्रका रूपम शंखधर र मिश्रीलाल आएका छन् भने अन्य गाउँलेहरू सबै सूच्य पात्रका रूपमा रहेका छन् । **बाबुलाई पिण्ड** मा दिव्यदेव कथाको मुख्य पात्र हो । बाबु, पण्डित र गाउँलेहरू यस कथाका गौण पात्र हुन् भने बाबु र गाउँलेहरू यस कथाका सूच्य पात्र हुन् । **आश्रय** मा 'म' कथाकी प्रमुख पात्र हो । प्रभात, बुढी आमा, बन्दुकधारी यसका गौण पात्र हुन् । म यस कथाको मञ्चीय पात्र हो भने अन्य सबै जना यस कथाका सूच्य पात्र हुन् । **आफ्नो भन्नु कोही छैन** मा बाँधु प्रमुख पात्र हो । छमनी यस कथाकी सत् सहायक पात्र हो भने भरत पनि यस कथाको असत् सहायक पात्र हो । गौण पात्रका रूपमा

छमनी छोरा छोरी रहेका छन् । बाँधु, भरत र छमनी यस कथाका मञ्चीय पात्र हुन् भने अन्य सूच्य पात्र हुन् ।

### ४.३.३.३ परिवेश

यस कथा सङ्ग्रहमा सङ्कलित **ठुली र काले, फोहोर फाल्ने भाँडो, बासना, तृष्णा, अनिश्चित भविष्यको उज्यालो दीप, भोट माग्ने शैली, छाँया, कसी, आश्रय, आफ्नो भन्नु कोही छैन,** जस्ता दश वटा कथाको कथानक ग्रामीण सामाजिक परिवेशमा आधारित छ । यी कथाहरूमा नेपालका ग्रामीण क्षेत्र र त्यहाँको जनजीवनको विविध सन्दर्भहरू उद्घाटित भएका छन् । यी कथामा वर्णित श्रीमान् विदेशी भूमिमा पैसा कमाउन जानुपर्ने बाध्यताले श्रीमती एक्लै बस्नु परेको स्थिति, गाउँकै ठुलाबडा कहाँ मजुरी गर्नुपरेको, खेतबारीमा काम गर्नुपरेको, गाई, भैँसी पालेको, उकाली ओराली, वनजङ्गल र नदीनाला आदिको वर्णन तथा खेतवारीमा काम गरेको देखाइएकाले ग्रामिण परिवेशमा नै आधारित छन् । **कानुनी राज्य**, **हाम्रा बा यस्तै हुनुहुन्थ्यो**, **पीडा, पुरस्कार, मनोदशा,** शीर्षकका कथाहरूमा आधुनिक समाजको सभ्यताहरूलाई दर्सौंउने सहरिया परिवेश पाइन्छ । यी कथाहरूमा सहरिया परिवेशको चित्रण हावी देखिएपनि ग्रामिण समाजलाई पनि देखाएको छ । यसै गरी **मतभेद, समाजसेवी छोरो, धम**, **बाबुलाई पिण्ड** शीर्षकका कथाहरूमा नेपालको सामाजिक तथा सांस्कृतिक परिवेशका साथै धार्मिक परिवेशको पनि चित्रण गरिएको पाइन्छ । यस्तै **जल्दै गरेको आकाश** शीर्षकको कथामा नेपालको ग्रामीण क्षेत्रको राष्ट्रिय परिवेश एवम् भारतको गोरखपुर सम्मको अन्तराष्ट्रिय परिवेशलाई समेत ओगटेको पाइन्छ । यसरी यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा ग्रामिण समाजको परिवेश हावी देखिएपनि नेपालको सहरिया जनजीवनका साथ साथै सामाजिक सांस्कृतिक, आर्थिक र राजनीतिक बाह्य तथा आन्तरिक परिवेश पाइन्छ ।

### ४.३.३.४ उद्देश्य

यस कथा सङ्ग्रहमा सङ्ग्रहित **कानुनी राज्य** शीर्षकको कथामा आर्थिक अवस्था कमजोर भएकाहरूका लागि न्याय पाउनु दुर्बल छ भन्ने आशय देखाई धनी र गरिब बिचको भेदभाव सामाजिक विसङ्गति र विकृतिको चिरफार गर्नु यस कथाको मूल उद्देश्य रहेको छ । **हाम्रा बा यस्तै हुनुहुन्थ्यो** कथामा पुरुष वर्गले महिलाहरू माथि गर्ने विभेदपूर्ण व्यवहारलाई देखाउन

खोजिएको पाइन्छ । स्वदेशमा रोजगारी नपाएपछि प्रवासतिर जानु पर्ने बाध्यता र ग्रामिण जन जीवनका निम्न वर्गीय मानिसहरूको जीवन शैलीलाई प्रष्ट पार्दै जीवन धान्न गर्नु परेको सङ्घर्षलाई देखाउनु **ठुली र काले** कथाको मुख्य उद्देश्य हो । मतभेद नकारात्मक र साँघुरो सोच चिन्तनबाट समाजको प्रगति हुन सक्दैन भन्ने यथार्थलाई दर्साउनु यस कथाको मुख्य उद्देश्य हो । **समाजसेवी छोरो** मा पढेलेखेको शिक्षित व्यक्तिले आफ्नो व्यक्तिगत स्वार्थलाई मात्र नहेरी समाज र राष्ट्रका लागि केही रचनात्मक कार्य गर्नुपर्छ भन्ने विषयलाई कथाको उद्देश्य बनाइएको छ । **धर्म** अरूको आत्मालाई ठगी केवल आफ्नो स्वार्थ सिद्धि गर्न खोज्ने व्यक्तिबाट ईश्वर पनि प्रशन्न हुँदैन भन्ने यस कथाको उद्देश्य हो । **फोहोर फाल्ने भाँडो** यौन इच्छालाई कुण्ठित बनाएर राख्नु भन्दा यौनका विषयमा खुलस्त हुन उचित हुन्छ भन्ने यस कथाको सन्देश हो । **पीडा** यस कथामा प्रशासन चलाउने व्यक्तिहरूको हैकमवादी प्रवृत्तिलाई उजागर गर्नुका साथै राजनीतिक विद्रोह भयो भन्दैमा अन्धाधुन्ध सबैमाथि दमन गरेर शान्ति तथा अमनचयन खोस्न हुँदैन भन्ने कुरा देखाइएको छ । **बासना** यस कथामा आफूलाई जातीय रूपमा प्रतिष्ठित ठान्ने व्यक्तिहरूतल्लो जातिप्रति हेय दृष्टिकोण राख्छन् तर मौका छोपेर यौन तृष्णा मेटाउन पछि पर्दैनन् भन्ने यथार्थ दर्साउनु यस कथाको मुख्य उद्देश्य हो । **तृष्णा** यस कथामा नजिकैको छिमेकीसँग सानातिना विषयमा झगडा गरेर बोलचाल नै बन्द गर्नु हुँदैन भन्ने उद्देश्य रहेको छ । **अनिश्चित भविष्यको उज्यालो दीप** अशिक्षित ग्रामिण समाजमा दुर्व्यसनले पारेको प्रभावका साथै निम्न वर्गको कष्टकर जीवन शैलीलाई देखाउनु यस कथाको उद्देश्य हो । **पुरस्कार** यस कथामा इमान्दारिता र कर्तव्य निष्ठतालाई मूल्याङ्कनको आधार बनाउनु पर्नेमा आफ्नो मान्छेलाई मात्र हेर्ने प्रवृत्तिले प्रशासनिक क्षेत्रमा सुधार आउन नसकेको कुरालाई मुख्य उद्देश्य बनाएको छ । **भोट माग्ने शैली** जनतालाई झुक्काएर शासन गर्न पल्केका स्वार्थी, जाली र नक्कली नेताहरूबाट जनता सचेत हुनुपर्ने कुरा यस कथाको मुख्य उद्देश्य हो । **जल्दै गरेको आकाश** यस कथामा द्वन्द्वले आक्रान्त भएका जनताको मनोवेदनालाई मुख्य उद्देश्य बनाइएको छ । **छाँया** शक्ति सम्पन्न निरङ्कुश प्रवृत्तिले जनतालाई दुःख दिएको यथार्थ दर्साउनु यस कथाको मुख्य उद्देश्य हो । **मनोदशा** मानिसमा सेवा, धर्म, प्राणरक्षाका लागि मात्र सोच्ने व्यक्तिवादी प्रवृत्तिलाई देखाउनु यस कथाको प्रमुख उद्देश्य हो । **कसी** कथामा मानिसमा ज्ञान, बुद्धि र सत् चरित्रको विकास सत् सङ्गतबाट हुन्छ । गरिब व्यक्तिहरूको आत्मा पवित्र हुन्छ र

सम्पन्न धनी वर्गका व्यक्तिले अरूको शोषण गर्ने हुँदा उनीहरूको आत्मा दमित हुन्छ भन्ने यथार्थ यस कथामा देखाइएको छ । **बाबुलाई पिण्ड** यस कथाले आमा बाबुको सत्कार दिनुको सट्टा अपहेलना र तिरस्कार गर्ने सन्तानले आमा बाबुको मृत्युपछि देखावटीको रूपमा कर्तव्य पूरा गरेजस्तो देखाउने आडम्बरी नेपाली संस्कृतिलाई देखाएको छ । **आश्रय** द्वन्द्वका कारण सर्वसाधारणहरू दुवैतिरको चपेटामा परी त्रासपूर्ण जीवन बाँच्न विवश भएको देखाउनु यस कथाको मूल उद्देश्य हो । **आफ्नो भन्नु कोही छैन** घरको आर्थिक अवस्था कमजोर भएको कारण बाबु बाजेका पालादेखि मालिकको घरमा बाधा बस्नुपर्ने गरिब किसानहरूको दुःखमय जीवन भोगाइलाई प्रस्तुत गर्नु र उच्च वर्गका व्यक्तिहरूको संवेदनहीनतालाई देखाउनु यस कथाको मूल उद्देश्य हो ।

### ४.३.३.५ दृष्टिबिन्दु

यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू मध्ये **कानुनी राज्य, ठुली र काले, समाजसेवी छोरो, कसी, बाबुलाई पिण्ड**, शीर्षकका कथाहरू बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छन् । यी कथाहरूमा कहीँ नाम पात्र र कहीँ सर्वनाम पात्रका कथालाई कथाकारद्वारा नै प्रस्तुत गरिएको छ । कथाकार स्वयम् बाह्य दृष्टिबिन्दुमा आधारित हुन गएको छ । त्यसै गरी **हाम्रा बा यस्तै हुनुहुन्थ्यो, बासना, तृष्णा, अनिश्चित भविष्यको उज्यालो दीप, पुरस्कार मनोदशा, आश्रय** शीर्षकका कथाहरू आन्तरिक र बाह्य दृष्टिबिन्दुमा संरचित छन् । यस्तै **फोहोर फाल्ने, भोट माग्ने शैली, जल्दै गरेको आकाश, आफ्नो भन्नु कोही छैन** शीर्षकका कथाहरूमा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । भने **पीडा** शीर्षकको कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथा सङ्ग्रह केही कथाहरूमा कविनिबद्ध म पात्र अर्थात् विभिन्न नामलाई समाख्याताको रूपमा नियोजन गरिएको छ । कथाकारले कथावाचनको सम्पूर्ण जिम्मा म पात्रलाई दिँदा प्रथम पुरुष दृष्टिबिन्दु संरचना तयार भएको छ । यसमा समाख्याता म पात्रले आफ्नै कथाको समाख्यान गरिएका केही कथाहरूमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग पाइन्छ भने अरू कुनै केन्द्रीय पात्रको भोगाइलाई म पात्रद्वारा समाख्यान गर्दा प्रथम पुरुष परिधिय दृष्टिबिन्दुको संरचनामा कथाहरू संरचित हुन पुगेका छन् ।

#### ४.३.३.६ भाषाशैली

यस कथा सङ्ग्रहमा सङ्ग्रहित **कानुनी राज्य धर्म मनोदशा, आश्रय** कथाको रूपमा योजना विवृत किसिमको छ भने बाँकी सबै कथामा संवृत किसिमको रूपयोजना पाइन्छ । यी कथाहरूमा संवादात्मक एवम् प्रश्नमूलक शैलीको प्रयोग पाइन्छ । **ठुली र काले** शीर्षकको कथामा मनोविश्लेषणात्मक शैली प्रयोग पाइन्छ । **पीडा, मतभेद, छायाँ, बाबुलाई पिण्ड** शीर्षकमा कथामा व्यङ्ग्यात्मक, अभिधात्मक र व्यञ्जनात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका कथामा वर्तमान कालिक क्रियाको प्रयोग भेटिन्छ । सरल र संयुक्त वाक्यहरूको प्रयोग बढी भएको पाइन्छ । तत्सम र तद्भव स्रोतका शब्दहरूको बढी प्रयोग गरिएको यस कथा सङ्ग्रहका कथाका बिच बिचमा संवादात्मक शैलीको प्रयोग गरे पनि अधिकांश कथामा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । सरल, सहज र सुकोमल भाषाको प्रयोगले यस सङ्ग्रहका कथाहरू सजिलैसँग बुझ्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा बुद्धिनाथ ज्ञवालीद्वारा लिखित **जल्दै गरेको आकाश** (वि.सं.२०६३) कथा सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनीतिक तथा ग्रामिण परिवशेका कथाहरू सङ्गृहीत छन् । जम्मा २० वटा कथाहरू भएको यस सङ्ग्रहमा छोटा छोटा आयमाका कथाहरू छन् । यस सङ्ग्रहका कथामा उपस्थित पात्रहरू कोही निम्न वर्गका छन् भने कोही उच्च वर्गका छन् । संवादात्मक, प्रश्नात्मक, मनोविश्लेषणात्मक र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरिएका यस सङ्ग्रहका कथामा बढी मात्रामा सामाजिक यथार्थ अल्झिएको पाइन्छ । आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । समाजमा भएका कुसंस्कार, कुरीति र शोषण दमन जस्ता पक्षलाई हटाई एउटा आदर्श समाजको निर्माणमा जोड दिनु यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूको सार रहेको पाइन्छ ।

### ४.३.४ 'बगिरहेको जीवन' कथा सङ्ग्रहको अध्ययन

**बगिहरको जीवन** कथाकार बुद्धिनाथ ज्ञवालीको दोस्रो कथा सङ्ग्रह हो । बर्दियाली साहित्य समाजद्वारा वि.स. २०६४ मा प्रकाशित यस सङ्ग्रहमा जम्मा १५ वटा कथा सङ्गृहीत छन् । यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको विश्लेषण कथा तत्त्वका आधारमा यसरी गरिएको छ :

#### ४.३.४.१ कथानक

**बोकाको कथा** कथाकार वुद्धिनाथ ज्ञवालीको दोस्रो कथा सङ्ग्रहका रूपमा प्रकाशित **बगिरहेको जीवन** भित्र सङ्ग्रहित कथाहरू मध्येको पहिलो क्रमको कथा हो । यस कथामा मानवेतर पात्र बाखाको संवेदनामा आधारित भई मान्छेभित्र विद्यमान अमानवीय प्रवृत्तिको विश्लेषण गरिएको छ । **नयाँ किताब** दोस्रो क्रमको कथा हो । यस कथामा समसामयिक विषयवस्तु समेट्नुका साथै ज्ञानलाई उपेक्षा गर्ने र धनप्रति बढी झुकाव राख्ने मानवीय प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । **पोखरामा एक साँझ** कथा तेस्रो क्रमको कथा हो । यस कथामा नेपालको पर्यटकीय नगरी पोखरामा होटल व्यवसाय गर्ने महिलाहरूको चरित्र चित्रण गर्नुका साथै आधुनिक युगसँगै मान्छेमा मदिराजन्य पदार्थ खाने पिउने संस्कृति बढ्दै गएको र देश विकास ठुला ठुला आर्थिक योजनाहरूको निर्माण होटलमा खान पिउनसँग हुने गरेका विकृतिलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । **त्यो बौलाही** कथा चौथो कथा हो । यस कथामा नारीको सतित्व र अस्मितामाथि खेलवाड गर्ने पुरुषवर्गको नारीप्रतिको दृष्टिकोण र आत्मिक प्रेमको अभावमा बाँचेकी निम्न स्तरकी एउटी नारीको जीवन भोगाइलाई प्रस्तुत गर्नुका साथै पुरुषवर्गले उनीहरूलाई वासना पूर्तिको माध्यम मात्र बनाउने गरेको यथार्थको चित्रण पनि गरेको पाइन्छ । **सानु ठुली भई** कथा पाँचौ कथा हो जसमा छोरीलाई शिक्षाको अवसरबाट वन्चित गराई कलिलो उमेरमा विवाह गरिदिने सामाजिक प्रचलनको वास्तविकतामा प्रस्तुत गर्नुका साथै मदिरा पिउने जस्ता दुर्व्यसनमा फसेको व्यक्तिले आफ्नो परिवार र सन्ततिप्रति गर्ने उत्तरदायित्व विहीन व्यवहार र दुर्व्यसनको लत मेटाउन आफ्नै छोरी बेच्न समेत पछि नपर्ने बाबुको घृणित चरित्रलाई उजागर गरिएको छ । **आँखा आकाशतिर हात जमिनतिर** कथा छैटौं कथा हो । यसमा नेपाल जलसम्पदाको धनी देश भएपनि सिंचाइका लागि किसानहरूले आकाशे पानीमा निर्भर हुनुपरेको र राजनीति गर्नेहरूले सिंचाइका योजना सञ्चालन गर्न आश्वासन बाँडेर चुनाव जित्ने तर सत्तामा पुगेपछि आफ्नो स्वार्थ सिद्धिमा लाग्ने र देशको विकासमा कुनै चासो नदिने गरको यर्थाथ गर्नुका साथै गरिब अभाव र तनावले ग्रस्त मानसिकतामा व्यक्तिले यौन सुख पनि प्राप्त गर्न सक्दैन भन्ने देखाइएको छ । **आमा** सातौं कथा हो । यस कथामा अशक्त हुँदै गएपछि मान्छे सहारा विहीन बन्ने र आजका सन्ततिहरूले पनि बृद्धबृद्धा भएका आमाबुबाहरूको स्याहार सुसारमा ध्यान दिन छाडेको कारण उनीहरू एक्लो

निरस र व्यथित जीवन जिउन विवश भएको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । **माधवा थारू** आठौं क्रमको कथा हो । यस कथामा राम्रो कुलघरानका जमिनदार रामकृष्णको आफ्नो व्यवहार सञ्चालन गर्ने कुशलताको कमी र रक्सी पिउने कारण आर्थिक अवस्था कमजोर भई छोरो माधवा थारू अर्काको मजदुरी गर्ने अवस्थामा पुगेको छ । सम्पत्तिको सही सदुपयोग र परिचालन गर्न नसक्दा र दुर्व्यसनबाट मुक्त हुन नसक्दा ठुला ठुला धनाढ्यहरू पनि हरिकङ्गाल हुन सक्छन् भन्ने यथार्थ प्रस्तुत गरिएको छ । **सुनयनी** नवौँ कथा हो । यसमा आएकी सुनयनीको यौन मनोविश्लेषण गरिएको छ । नारीमा उत्पन्न यौनभाव र पतिद्वारा त्यस भावलाई नबुझ्दा उसले भोग्नु परेका पीडा र परपुरुषप्रतिको आकर्षणलाई प्रस्तुत गरिएको छ । **सुनको हार** दसौँ कथा हो । यस कथामा निजामति कर्मचारीहरू आफ्नो पदको दुरूपयोग गरी भ्रष्टचारद्वारा अतुक सम्पती जोड्ने गरेको र समाजमा सम्पत्तिको धाकधम्की र आडम्बर प्रदर्शन गर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । **त्यो झ्याल** एघारौँ कथा हो । यो एक यौन मनोवैज्ञानिक कथा हो । यसमा पात्रहरूका यौनमनोवृत्तिहरूको विश्लेषण गरिएको छ । **म उनको कोही थिइनँ** बाह्रौँ कथा हो । यसमा म पात्रको मनमा उठेका भावहरू र अपरिचित नारी साथी र अर्को सौन्दर्य वर्णनसँग सम्बन्धित संस्मरणात्मक विषयवस्तु समेटिएको छ । **सरात** तेह्रौँ कथा हो । यस कथामा आजको समाजका मान्छेहरूले आफ्ना पितृहरूको श्राद्धलाई आडम्बरको रूपमा प्रदर्शन गर्ने र जिउँदा अशक्त आमाबुबालाई बेवास्ता गर्ने गरेको यथार्थ प्रस्तुत गरिएको छ । **बाबुसाहेब किन आएनन्** यस कथा सङ्ग्रहको चौधौँ कथा हो । यस कथामा यौनमनोविज्ञानको चित्रण गर्नुका साथै धन र सम्पत्तिका मालिकहरू निम्न वर्गका माहिलाहरूसँग विभिन्न जुक्ति अपनाई यौनक्रिडामा सरिक हने यथार्थ प्रस्तुत गरिएको छ । **आन्दोलन** यस कथा सङ्ग्रहको अन्तिम अर्थात् पन्ध्रौँ कथा हो । यस कथामा मदिरा व्यवसायी महिलाहरूको कथा व्यथा प्रस्तुत गरिएको छ । मदिरा व्यवसायी बढ्न थालेपछि समाज नै दुर्व्यसनी बनेको ठहर गरी महिलावादी सङ्घस्थाहरूको अगुवाइमा मदिरा निषेधित जिल्ला घोषणा गर्ने योजना बनिरहँदा मदिरा व्यवसायी महिलाहरू अल्मलमा परेको अवस्था यस कथामा देखाइएको छ ।

### ४.३.४.२ चरित्र चित्रण

**बोकाको कथा** कथामा रामकली, पाठकहरू, च्यान्टी, तोरण आमा आदि मञ्चीय पात्रका रूपमा छन् भने सूच्यात्मक पात्रका रूपमा तोपे, खुमे, लोपेको पनि उल्लेख गरिएको छ । यस कथामा उपस्थित यी विविध पात्रहरू मध्ये मानवेतर रामकली प्रमुख पात्र हो भने अन्य सम्पूर्ण गौण पात्रका रूपमा रहेका छन् । **नयाँ किताब** कथामा दिवस, मोहन, आमा र आशिष पात्रका रूपमा आएका छन् । यहाँ आएको दिवस प्रमुख पात्र हो भने आमा, आशिष र मोहन सहायक पात्र हुन् । **पोखरामा एक साँझ** कथामा म (ग्राहक) साहुनी, केटा, युवती, प्रत्यक्ष पात्रका रूपमा आएका छन् भने सूच्य पात्रका रूपमा उद्योगपति, अफिसरहरू, भलाद्मीहरूको पनि उल्लेख गरिएको छ । यस कथामा आएका यी पात्रमध्ये म (ग्राहक) र साहुनी प्रमुख पात्र हुन् । **त्यो बौलाही** कथामा बौलाही, म र पसले भाइ आदि पात्रहरू रहेका छन् । बौलाही यस कथाकी प्रमुख पात्र हो भने म सहायक पात्रको रूपम आएको छ । यसमा भाइ र मान्छे गौण पात्रका रूपमा रहेका छन् । **सानु ठुली भई** कथामा याम प्रसाद माया, सानु भुवन आदि पात्रहरू रहेपनि यामप्रसाद कथाको प्रमुख पात्र हो भने सानु र माया सहायक पात्र हुन् । भुवन गौण पात्रको रूपमा कथामा उपस्थित भएको छ । **आँखा आकाशतिर हात जमिनतिर** कथामा कुसुमी र फुलराम दुवै प्रमुख पात्रका रूपमा रहेका छन् । फुलराम कथाको प्रमुख पुरुषपात्र वा नायक हो भने कुसुमी प्रमुख नारी पात्र वा नायिका हो । परेवाका जोडी, गाई, गोरू, जस्ता मानवेतर पात्रको समेत उल्लेख यस कथामा पाइन्छ । **आमा** यस कथामा आमा र म पात्रको उपस्थिती देखिन्छ । कथाको सम्पूर्ण विषयवस्तु म पात्रको संस्मरणका रूपमा आएको भए पनि आमा कै अवस्था र मनोदशासँगै बढी सम्बन्धित भएको हुँदा सुरुदेखि अन्तिमसम्म आमाकै दुःख, दर्द, वेदना प्रस्तुत भएको हुनाले यस कथाकी प्रमुख पात्र आमा हुन् । म सहायक पात्र हो । **माधव थारू** कथामा माधव, रामकृष्ण, शिव कुमार चुनावी र वकिल झङ्क प्रसाद पात्रहरू रहेका छन् । माधव यस कथाको प्रमुख पात्र हो भने शिव कुमार सहयाक पात्रका रूपमा कथामा उपस्थित रहेको छ । रामकृष्ण चुनावी र वकिल झङ्क प्रसाद गौण पात्रका रूपमा आएका छन् । **सुनयमी** कथामा सुनयमी, जीत बहादुर, शंकर प्रत्यक्ष पात्रका रूपमा आएका छन् । कथामा आएका यी पात्रहरूमध्ये सुनयमी प्रमुख पात्र हो भने जीत बहादुर र शंकर सहायक पात्र हुन् । **सुनको हार** कथामा **ऊ,** सुब्बा, मास्टरनी हाकिम पात्रहरू रहेका भए पनि ऊ

कथाकी प्रमुख पात्र हो भने सुब्बा सहायक पात्र हो । मास्टरनी र हाकिम गौण पात्रका रूपमा रहेका छन् । **त्यो झ्याल** कथामा उपस्थित भएका पात्रहरूमा पाषण, सरिता र उदयको भूमिका विशेष छ । यिनीहरूमध्ये पाषण कथाको प्रमुख पात्र हो । सरिता र उदय सहायक पात्र हुन् । उदयको साथीका रूपमा उसको सम्झनामा आएका श्याम, माधव, कोइली, कान्छी र उषा सूच्य पात्रका रूपमा कथामा रहेका छन् । **म उनको कोही थिइनँ** कथामा म पात्र, युवती उनी र अधबैसे मान्छे आदि मञ्चीय पात्रका रूपमा आएका छन् । यी पात्रहरूमध्ये म पात्र कथाको प्रमुख पात्र हो । भने युवती सहायक पात्र र अधबैँसे मान्छे गौण पात्रका रूपमा रहेका छन् । सरात कथामा बुढी आमा, जया, असर, अमल पात्रमा रूपमा उपस्थित भएका छन् । यस कथाकी प्रमुख पात्र बुढी आमा हुन् । बुढी आमाको अशक्त शारीरिक अवस्था र मानसिक पीडाको विश्लेषण गर्नुमा नै यो कथा केन्द्रित रहेको छ । कथामा आएका जया, अमर र कमल सहायक पात्र हुन् । **बाबुसाहेव किन आएनन् ?** कथामा पटवारी दुःख रानी, सीता, गगनबाबु आदि पात्र रहेका छन् । यहाँ उपस्थित भएका पात्रहरू मध्ये दुःख रानी प्रमुख पात्रका रूपमा उपस्थित भएकी छ भने सीता र गगनबाबु सहायक पात्रका रूपमा कथामा आएका छन् । पटवारी गौण पात्रको भूमिका छ । यसका अतिरिक्त बाबु साहेव र मालकनी सूच्य पात्रका रूपमा छन् । **आन्दोलन** कथामा गाजली दिदी, कान्छी र तुलजा जस्ता नारी पात्रहरू रहेका छन् । यस कथाकी प्रमुख पात्र गाजली दिदी र कान्छी हुन् । निम्न वर्गीय नारी पात्रहरूको आर्थिक अवस्था विश्लेषण गरिएको यस कथामा तुलजा  सहायक पात्रका रुपमा आएकी छे ।

### ४.३.४.३ परिवेश

यस सङ्ग्रहमा सङ्कलित **बोकाको कथ, सानु ठुली भई, आँखा आकातिर हात जमिनतिर माधवा थारू बाबुसाहेव किन आएनन्** शीर्षकमा गरी जम्मा ५ वटा कथाको कथानक ग्रामिण क्षेत्र र त्यहाँको जन जीवनका विविध सन्दर्भहरू उद्घाटित भएका छन् । यी कथामा वर्णित कृषिकर्म, जमिनदारी प्रथा, पशुपालन जस्ता घटनाहरूले ग्रामीण घटनाहरूले ग्रामीण परिवेशको झलक दिन्छ । **बोकाको कथा**  शीर्षकको कथामा हिन्दूहरूको महान् चाड बडादशैंको प्रसङ्गले सांस्कृतिक परिवेशलाई बुझाएको छ भने सरद ऋतुको मनमोहक वर्णनका आधारमा प्राकृतिक परिवेश पाइन्छ । **सरात** शीर्षकले कथामा पनि नेपाली समाजको सांस्कृतिक पक्ष उजागर भएको छ । त्यसैगरी **नयाँ किताब, पोखरामा एक साँझ, त्यो बहुलाही, आमा, सुनयानी, सुनको हार,**

**त्यो झ्याल, म उनको कोही थिएन, सरात** र **आन्दोलन** शीर्षकमा कथाहरूमा आधुनिक समाजको सभ्यतालाई दर्साउन सहरिया परिवेश पाइन्छ । **पोखरामा एक साँझ** कथामा पोखरा सहर **सुनको हार** कथामा बर्दियाको गुलरिया बजार भौगोलिक परिवेशको रूपमा आएका छन् । बाँकी कथाहरूमा स्थान नखुलेको सहरी तथा अर्धसहरी क्षेत्रलाई परिवेशको रूपमा लिइएको छ । यी कथाहरूमा आधुनिक सहरिया समाजको जडता, आडम्बर, फेसन, एक्लोपन, होटल व्यवसायी, मदिरापान, यौनजन्य आक्रमण र विसङ्गति, विकृतिको चित्रणका आधारमा आधुनिक सहरिया परिवेश प्रतिबिम्बित भएको छ । निम्न वर्गीय पाात्रहरूको जीवन भोगाइ र वर्ग विभेदमा आधारित कथाहरूमा अभाव, समस्या, भोक, गरिबीसँग सम्बद्ध नेपाली समाजको कमजोर आर्थिक अवस्था दर्साउने सामाजिक परिवेश पाइन्छ । आन्तरिक परिवेशको रूपमा एक्लो जीवन र अभावपूर्ण जीवन भोगिरहेका शोषित, पीडित र उत्पीडित वर्गका पात्रहरूको मनमा उत्पन्न सोचाइ, विचारतर्फ, अन्योल र मनोद्वन्द्वलाई परिवेश बनाएको पाइन्छ । यसरी यस सङ्ग्रहका कथाहरूमा ग्रामीण, सहरिया, तराईको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक बाह्य तथा आन्तरिक परिवेश पाइन्छ ।

### ४.३.४.४ उद्देश्य

यस कथा सङ्ग्रहमा सङ्गृहीत **बोकाको कथा** शीर्षकको कथामा मान्छेमा संवेदना समाप्त हुँदै गएको तर्फ सङ्केत गर्दै बलिको नाममा गरिने हिंसाप्रति सचेत रहन र धार्मिक, सांस्कृतिक प्रचलनका रूपमा रहेका कुरीतिहरूको अन्त्य हुनुपर्ने यस कथाको उद्देश्य रहेको छ । **नयाँ किताब** कथाको उद्देश्यको रूपमा आजको मान्छेमा बढ्दै गएको धनवादी सोच र पैसाका लागि ज्ञानको समेत उपक्षा गर्ने प्रवृत्ति नै देखाउनु रहेको छ । **पोखरामा एक साझ** कथामा पैसामा बाँचेको सहरिया समाज र जीवनको यथार्थलाई देखाउनु नै मुख्य उद्देश्य रहेको छ । देश विकासका ठुला ठुला योजनाहरू निर्माण गर्नका लागि योजनाकारहरू (नेता, विज्ञ) होटलमा जो, खाने, पिउने क्रमसँग विकास सम्बन्धी चर्चा चल्नु, खानपिनमै सीमित हुनु, निर्माण र विकास बारे कुनै निष्कर्ष ननिस्किनु जस्ता नेपाली राजनीतिक क्षेत्रका यथार्थपरक विशेषताहरू व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ । **त्यो बौलाही** कथाको उद्देश्यको रूपमा प्रमुख नारी पात्र बौलाहीको मनोविश्लेषण गर्नु नै रहेको छ । पुरुषहरूद्वारा यौन सन्तुष्टि लिनका लागि नारीलाई केवल भोग्य वस्तु ठान्ने गरेको र नारी संवेदनालाई

नबुझेर सधैँ हेय दृष्टिकोणले हेर्ने गरेको यथार्थ देखाउन यस कथाको उद्देश्य हो । **सानु ठुली भई** कथामा रक्सी पिउने लतका कारण सर्वस्व गुमाएपछि आफ्नो सन्तानलाई नै बेचेर रक्सीको तलतल मेट्ने दुर्व्यसनीहरूको घृणित तथा नैतिक रूपले पतित व्यवहारलाई देखाउनु यस कथाको प्रमुख उद्देश्य रहेको छ । **आँखा आकाशतिर हात जमिनतिर** कथाको उद्देश्यको रूपमा सिंचाइको अभावमा खेती गर्न कृषकहरूलाई परेको समस्या देखाउनु रहेको छ । मानवमा रहेको नैसर्गिक यौन आकांक्षा र विपरित लिङ्गीको आकर्षणलाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो । **आमा** कथामा आफ्नो कर्तव्यबाट विमुख कर्तव्यलाई आडम्बरको रूपमा लिने आजको मान्छेको प्रवृत्तिलाई उजागर गर्ने यस कथाको उद्देश्य रहेको छ । **माधवा थारू** कथाको उद्देश्यका रूपमा मान्छेले आफ्नो सम्पत्तिलाई उचित ढङ्गले सदुपयोग र परिचालन गर्न जानेन भने आर्थिक रूपले सम्पन्न व्यक्ति पनि सुकुम्वासीमा परिणत हुन सक्छ भनेर देखाउनु रहेको छ । **सुनयानी** कथाको उद्देश्यको रूपमा यस कथाकी नारी पात्र सुनयानीको मनोविश्लेषण गर्नु नै रहेको छ । **सुनको हार** कथाको उद्देश्य निजामति क्षेत्रका कर्मचारीमा मौलाउँदै गएको भ्रष्टाचारी प्रवृत्तिलाई उजार गर्नु रहेको छ । विशेषतः आर्थिक सम्पन्न ठुलावडाका श्रीमतीहरूको चारित्रिक पतनलाई समेत उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । **त्यो झ्याल** कथाको मुख्य उद्देश्यका रूपमा यौनतिर्सना मेटाउने चाहना विपरित लिङ्गीप्रतिको स्वभाविक आकर्षण यौनकुन्ठाको विश्लेषणका साथै नारी पुरुष चरित्रको यौनमनोवैज्ञानिक चरित्र चित्रण गर्नु रहेको छ । **म उनको कोही थिइनँ** कथामा कुनै अपरिचित युवतीलाई देखेर उनको रूपमा सौन्दर्यबाट मोहित भई आनन्दित हुनु र कुनै प्रतिक्रिया म पात्रले नदेखाउनुले यस कथाको उद्देश्य आत्मिक प्रेमलाई देखाउनु हो । **सरात** कथामा मरेका पितृहरूको श्राद्ध गरी अरूलाई मिठो मिठो खुवाएर आफ्नो प्रतिष्ठा खोज्ने तर घरका अशक्त वृद्धवृद्धाहरूको इच्छा आकांक्षालाई कुल्चदै हिँड्ने आजको समाजमा सम्मानित र शिक्षित भनाउँदाप्रति व्यङ्ग्य गर्नु यस कथाको मुख्य उद्देश्य हो । **बाबु साहेब किन आएनन्** यस कथामा तराईमा चलेको जमिनदारी प्रथा, कमैया, बटैया प्रथालाई प्रस्तुत गर्नुका साथै जमिनदारहरू आफ्ना बटैया लगाउने व्यक्तिका छोरी श्रीमतीसँग यौन विलासितामा रमाउने विभिन्न चतुऱ्याइँद्वारा यौन सुख लुटेर छोड्ने गरेको यथार्थ प्रस्तुत गर्न यसको कथाको मुख्य उद्देश्य हो । **आन्दोलन** कथामा सामाजिक विकृतिका रूपमा रहेका मदिरापान र सूर्तिजन्य पदार्थको सेवनलाई अन्त्य गर्न

सरकार कडा नभएसम्म जति प्रयास भएपनि सम्भव नहुने् कुरा देखाउनु यस कथाको मूल उद्देश्य हो ।

### ४.३.४.५ दृष्टिबिन्दु

यस सङ्ग्रहमा सङ्कलित १५ वटा कथाहरू मध्ये **बोकाको कथा, नयाँ किताब, सानु ठुली भई**, **आँखा आकासतिर हात जमिनतिर, सुनयानी, सुनको हार, त्यो झ्याल, सरत, बाबु साहेव किन आएनन्** र **आन्दोलन** शीर्षकका कथाहरू तृतिय पुरुष सिमित दृष्टिविन्दुमा संरचित छन् । यी कथाहरूमा कहीँ नाम पात्र र कहीँ सर्वनाम पात्रका कथालाई कथाकारद्वारा नै प्रस्तुत गरिएको छ । कथाकार स्वयम् कथाको समाख्याता भएको हुँदा यी कथाको संरचना तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा आधारित हुन गएको हो । त्यसै गरी **पोखरामा एक साझ, त्यो बौहाली, आमा, माधवा थारू** र **म उनको केही थिइनँ** शीर्षकका कथाहरू प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छन् । यी कथाहरूमा कविनिबद्ध म पात्र अर्थात् विभिन्न नाम पात्रलाई समाख्याताको रूपमा नियोजन गरिएको छ । कथाकारले कथावाचनको सम्पूर्ण जिम्मा म पात्रलाई दिँदा प्रथम पुरुष दृष्टिबिन्दुको संरचना तयार भएको छ । यसमा पनि समाख्याता म पात्रले आफ्नै कथाको समाख्याता गरिएका केही कथाहरूमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग पाइन्छ भने अरू कुनै केन्द्रीय पात्रको भोगाइलाई म पात्रद्वारा समाख्यान गर्दा प्रथम पुरुष परिधिय दृष्टिबिन्दुको संरचनामा कथाहरू संरचित हुन पुगेका छन् ।

### ४.३.४.६ भाषाशैली

यस सङ्ग्रहमा सङ्कलित **आमा, माधवा थारू, त्यो झ्याल** कथाको रूप योजना विस्तृत किसिमको छ भने बाँकी सबै कथामा संस्कृत रूप योजना पाइन्छ । यी कथाहरूमध्ये **बोकाको कथा, नयाँ किताब, त्यो बौलाही, सानु ठुली भई, आँखा आकाशतिर हात जमिनतिर, माधवा थारू, सुनयानी, सुनको हार, त्यो झ्याल, सरात, बाबु साहेब किन आएनन्** र **आन्दोलन** शीर्षकका कथाहरूमा वर्णनात्मक शैली प्रयोग भएको छ । **पोखरामा एक साँझ** कथामा आत्मालापीय, **आमा** र **म उनको कोही थिइनँ** कथामा संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । यी मध्ये **माधवा थारू** कथामा संवादात्मक, **सुनको हार** कथामा मनोवादात्मक शैलीको आंशिक प्रयोग समेत पाइन्छ । कथामा वर्तमान कालिन क्रियाको वढी प्रयोग देखिन्छ । सरल र

संयुक्त वाक्यहरूको प्रयोग बढी भएको छ । अङ्ग्रेजी र आगन्तुक स्रोतका शब्दहरूभन्दा तत्सम, तद्भव स्रोतका शब्दहरू बढी प्रयोग भएका छन् । पात्रानुकूल भाषा चयन गरिएको छ । कथाका बिच बिचमा संवाद देखिएपनि केही अधिकांश कथामा वर्णनात्मक शैली नै देखिएको छ ।

निष्कर्षमा भन्नुपर्दा बुद्धिनाथ ज्ञवालीद्वारा लिखित कथाहरूको सङ्ग्रह मध्ये **बगिरहेको जीवन** (वि.सं.२०६४) एक सामाजिक तथा मनोवैज्ञानिक कथाहरूको सङ्ग्रह हो । यसमा पन्ध्र ओटा कथाहरू सङ्गृहीत भएका छन् । सामाजिक तथा यौनमनोवैज्ञानिक कथा सङ्ग्रह भएका कारण यस भित्रका कथामा कथानक भन्दा चरित्र चित्रणलाई ध्यान दिइएको छ । छोटा छोटा आयाम भएका यस कथा सङ्ग्रहका कथाहरूमा उपस्थित पात्रहरू केही सामान्य र केही असामान्य चरित्रका रूपमा आएका छन् । यस कथा सङ्ग्रहका कथामा कथानक आदि, मध्य र अन्त्य शृङ्खलामा क्रमिक रूपमा अगाडि बढेका छन् । यस सङ्ग्रह भित्रका प्रत्येक कथाहरू क्रमिक र अन्वितीय रहेका छन् । यस कथा सङ्ग्रहमा सङ्गृहीत कथाको शैलीमा केही फरक देखिन्छ । शैलीको यथार्थ पनि यस सङ्ग्रहमा झल्किन्छ । यस सङ्ग्रहका कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूले समाजका विकृति, विसङ्गतिलाई देखाउँदै त्यसलाई व्यङ्ग्य गर्नु र तत्कालीन समयका यथार्थ पक्ष देखाउनु यस सङ्ग्रह भित्रका कथाको सार रहेको छ ।

## ४.४ अयोध्या प्रसाद श्रीवास्तव र उनको औपन्यासिक कृतिको अध्ययन

### ४.४.१ अयोध्या प्रसाद श्रीवास्तवको सङ्क्षिप्त परिचय

अयोध्या प्रसाद श्रीवास्तवको जन्म १७ डिसम्बर १९५३ मा बर्दिया जिल्लाको महमदपुर गा.वि.स. वडा नं. २ गणेशपुरमा भएको हो । हाल गुलरिया नगरपालिका वडा नं ६, जि.वि.स. रोड बस्ने अयोध्या प्रसाद माता विष्णुदेवी श्रीवास्तव र पिता त्रिलोक नाथ श्रीवास्तवबाट जन्मनु भएको हो । लेख, रचनाबाट कलम चलाउन सुरु गरेका श्रीवास्तवले आफ्नो सार्वजिनक साहित्यिक यात्राको थालनी 'मुलधार' साप्ताहिक पत्रिका (२०३०) मा प्रकाशित लेखबाट गरेको पाइन्छ ।[२१] प्राध्यापक पेसामा आबद्ध श्रीवास्तवले महाकवि देवकोटा मा.वि. गुलरियाबाट प्रवेशिका, (बर्दिया जिल्लामा मधेशी परिवारबाट प्रवेशिका उत्तीर्ण गर्ने प्रथम व्यक्ति) महेन्द्र

२१. अयोध्या प्रासद श्रीवास्तवले गुलरिया नगरपालिका स्थित आफ्नै घरमा दिएको जानकारी अनुसार ।

कलेज नेपालगन्जबाट प्रवीणता प्रमाणपत्र भारतको राममनोहर अवध विश्वविद्यालय हैदरावादबाट एल.एल.बि. र भारतको राममनोहर अवध विश्वविद्यालय हैदराबादबाटै एम.ए. तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका छन् ।[२२] सरल, मिलनसार व्यक्तित्वका धनी श्रीवास्तवले लेख, रचना, ज्ञान, विज्ञान र राजनीतिक विश्लेषण तथा दर्शनका क्षेत्रमा पहिले देखिनै र अहिले चाहिँ उपन्यास विधामा पनि कलम चलाएको पाइन्छ । उनका लेख, रचना, राजनीतिक विश्लेषणहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित रहेका छन् भने पुस्तकाकार कृतिमा उपन्यास नै रहेको छ । श्रीवास्तवका कृतिहरू यस प्रकार छन् :

१. **शीलवती** (२०६९) प्रकाशित

२ **ईश्वर कस्तो छ र कहाँ छ ?** - प्रकाशोन्मुख

भारतका पण्डित श्रीराम शर्मा आचार्य, गुणदत्त तथा नेपालका लक्ष्मी प्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्रसिङ्ह प्रधानबाट प्रभावित श्रीवास्तव लेखनाथ पौड्यालको पिंजडाको सुगाबाट आफू विशेष प्रभावित रहेको बताउँछन् । साहित्य लेखनको स्रोत आफ्नै स्वाध्ययनलाई लिने श्रीवास्तव नेपाली संस्कृतिको उपन्यास लेख्न मन लागेको विचार व्यक्त गर्दछन् । उनले बबई बहुमुखी क्याम्पसको संस्थापक प्राध्यापक, नेपाल सरकार स्थानीय प्रशासनको अधिकृत, लायन्स क्लब अफ बर्दियाको संस्थापक, गायत्री परिवारको समयदानी सदस्य विभिन्न संस्थाहरूमा सल्लाहकार, सामाजिक सेवामा संलग्न र पच्चीसौँ वर्षदेखि पत्र पत्रिकाहरूमा समसामयिक सेवामा संलग्न र पच्चीसौँ वर्षदेखि पत्र पत्रिकाहरूमा समसामयिक लेख रचना र ज्ञानका विविध क्षेत्रमा निरन्तर लेखन कार्य गर्दै आएको कुरा बताएका छन् ।

अयोध्या प्रसाद श्रीवास्तवका उल्लिखित एउटा प्रकाशित उपन्यासमा सामाजिक तथा रतिरागात्मक सौन्दर्यको विषयवस्तु बनाई स्वच्छन्दतावादी तरिकाले अभिव्यक्त गरिएको छ । उनको औपन्यासिक कृतिमा प्रेमका स्वच्छन्द प्रसङ्ग तथा आदर्श प्रेमको उदाहरण प्रस्तुत गर्दै समाजमा आदर्श प्रेमको उदाहरणीय नमूना दिन सक्नु पर्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ । भाषिक परिस्कार तथा औपचारिक शिल्पको प्रयोगका दृष्टिले यो उपन्यास स्तरीय रहेको छ ।

---

२२. ऐजन ।

बर्दिया जिल्लाको उपन्यास लेखनमा चौथो उपन्यासकार र चौथो पुस्तकाकार औपन्यासिक कृति प्रकाशन गर्ने श्रेय अयोध्या प्रसाद श्रीवास्तवलाई जान्छ । मूलतः उनको उपन्यासमा युवायुवतीको प्रेम प्रणय, जमिनदारी प्रथा, प्रेम वियोगको विलौना र शिक्षित वर्गमा देखा परेको समाज सेवाको भावना तथा हिन्दू दर्शनका मुलभूत मान्यता अनुसार आचरण अवलम्बन गर्नुपर्ने जस्ता प्रवृत्ति तथा विशेषता रहेकाले यस उपन्यासलाई स्वच्छन्दतावादी धरातलमा उभिएको सामाजिक प्रवृत्ति भएको उपन्यास र उनलाई स्वच्छन्दतावादी धरातलमा उभिएका सामाजिक उपन्यासकारको रूपमा चिनाउन सकिन्छ । श्रीवास्तवको हालसम्म प्रकाशित भएको एउटा मात्र उपन्यासको अध्ययन गर्ने काम यस शोध पत्रमा गरिएको छ ।

### ४.४.२ 'शीलवती' उपन्यासको अध्ययन

उपन्यासकार अयोध्या प्रसाद श्रीवास्तवद्वारा लिखित **शीवलती** उपन्यासको प्रथम कृति हो । यसको प्रकाशन वि.स. २०६९ मा वर्दियाली साहित्य समाजद्वारा भएको हो । कुल १५६ पृष्ठमा लिखित प्रस्तुत उपन्यासले नागर सभ्यतातर्फ उन्मुख युवा युवतीको प्रणय, नेपालको तल्कालीन समयमा प्रचलित जमिनदारी प्रथा र प्रेम वियोगको विलौना, शिक्षित वर्गमा देखा परेको समाज सेवाको भावना, आधुनिक समाजको उपजका रूपमा रहेको संस्कृति मिश्रणका कारण उत्पन्न द्विविधात्मक मनोस्थितिलाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । हिन्दू दर्शनका मुलभूत मान्यता र सो अनुसार आचरण अवलम्वन गर्नु पर्ने कुरालाई यस उपन्यासमा विभिन्न तर्फद्वारा पुष्टि गरिएको छ । औपचारिक तत्वमा आधारमा **शीलवती** उपन्यासको अध्ययन यस प्रकार गरिएको छ ।

#### ४.४.२.१ कथानक

**शीलवती** उपन्यासको कथानक सामाजिक तथा रतिरागात्मक सौन्दर्यको विषयवस्तुमा आधारित छ । उपन्यासकी प्रमुख पात्र सविताको बिवाहको प्रसङ्गलाई पहिलो परिच्छेदमा उल्लेख गर्दै उसको कथालाई पूर्व दीप्ति शैलीमा प्रस्तुत गरिएको छ । ५५ वर्षीय प्राणनाथको जन्म घर पाल्पा भए पनि कपिलवस्तुको पिपरा गाउँमा बस्दै आएका हुन्छन् । उनी यस गाउँका जमिनदार हुन् र उनले आफ्नो गाउँघरभरिको जमिनको सरकारी कर उठाउने, गाउँलेहरूको

आपत विपतमा सहयोग गर्ने गरेका थिए । पहिली श्रीमतीको निधन भएपछि दोस्रो विवाह गरे पनि छोरा जन्मिदै मर्दै गर्नाले उनी पीडित छन् । एक पटक उनी पूजामा बसेको बेला उनको आँगनमा आएका शिव भक्त साधुले दुईपुत्र पाप्त हुने आशीर्वाद दिन्छ । केही दिनपछि लगातार दुई वर्ष खडेरी परेको हुनाले खेती उब्जनी हुँदैन । गाउँमा भोकमरी छाउँछ । किसानहरूसँग सरकारलाई तिर्ने कर नभएपछि जमिनदार प्राणनाथ स्वयम्ले कर बुझाउने पैसा ऋण सापटी ल्याउन अर्को गाउँका साहु कृष्णलाल कहाँ जान्छन् र दुई हजार रूपैयाँ लिन्छन् र गाउँभरिको तर्फबाट तिरो तिरी दिन्छन् । गरिब बाहमणकी छोरीको बिहेमा केही सहयोग गरेर बिहे टारिदिन्छन् । गरिब किसानको खेत जोत्ने राँगो मर्दा फिर्ता नलिने गरी पैसा सहयोग गर्छन । केही समयपछि प्राणनाथकी श्रीमती सुत्केरी हुन्छिन् र उनलाई पुत्र लाभ हुन्छ । घरमा खुसीयालीको उत्सव मनाइन्छ । शिशुको नाम सविनय राखिन्छ । सविनय हुर्कँदै जान्छ ऊ जिद्दी स्वभावको हुन्छ । उसलाई घरैमा प्रारम्भिक शिक्षा दिन थालिन्छ । एक दिन पुजारीजीले प्राणनाथसँग उसको छोरा सविनयलाई काँशी, बनारस, अयोध्या  र मथुरा जस्ता ठाउँतिर पढाउन  सुझाव दिन्छन् । केही बेर प्राणनाथ र पुजारीका बिचमा आधुनिक अङ्ग्रेजी शिक्षा र गुरुकूलमा आधारित वैदिक शिक्षाको सान्दर्भिकता बारे बहस चल्छ ।

दोस्रो अध्यायमा बाबा सिद्धनाथको आश्रममा बसी गुरु आज्ञा अनुसार पूर्वीय वैदिक शिक्षा अध्ययन गरी रहेको सविनय जल लिन गङ्गामा जाँदा नेपाल पाल्पा घर भई बनारसमा आफ्ना मामासँग बसेर अङ्ग्रेजी शिक्षा अध्ययन गरिरहेकी सवितासँग सविनयको आकस्मिक भेट हुन्छ । पहिलो भेटमै यी दुवैमा परस्पर आकर्षण देखापर्छ । वनारसको दुग्धविनायकमा अङ्ग्रेजी पढिरहेकी सवितासँग गुरु आज्ञालिएर सविनय पनि अङ्ग्रेजी पढ्न थाल्छ । दुवैको पढाइ सँगसँगै अघि बढ्छ । वार्षिक नतिजा आउँदा दुवै प्रथम श्रेणीमा उत्तीर्ण हुन्छन् । त्यसपछिका दिनमा उनीहरू विश्वनाथ मन्दिर, गङ्गा किनार र बगैँचाहरूमा सँगै घुम्ने र प्रेम  विनोदमा रमाउने गर्दछन् । उच्च शिक्षाका लागि हिन्दू विश्वविद्यालयमा सविता र सविनय भर्ना भएका हुन्छन् । एक दिन पन्तजीको आग्रह अनुसार चुनार क्षेत्रमा हैजा फैलिएको खबर पाएपछि उनीहरू सहयोगका लागि त्यसतर्फ लाग्छन् । सविता एम.वि.वि.एस.को अध्ययन गरिरहेकी हुन्छे भने सविनय दर्शन शास्त्र एम.ए. अन्तिम वर्षको अध्ययन गरिरहेको हुन्छ । एक दिन भारतीय संविधानमा नारी अधिकार उल्लेख गरिएको विषयमा सविता र सविनयका बिच बहस चलिरहँदा

नेपालको दार्चुला घर भएका एम.वि.वि.एस.कै विद्यार्थी बादल आइपुग्छ र बादलसँग उनीहरूको भेट हुन्छ । एक दिन गरिबहरूको झुप्रामा आगलागी हुँदा उद्वारका लागि त्यहाँ पुगेको सविनय आगोले जलेर घाइते हुन्छ र उसलाई अस्पतालमा भर्ना गरिन्छ । सविता उसको निरन्तर सेवामा खटिन्छे । यो घटनाले दुवैको प्रेमलाई प्रगाढ बनाउँदै लगेको घटना यस अध्यायमा समावेश गरिएको छ ।

तेस्रो अध्यायमा सविनयको बाबु जमिनदार प्राणनाथको निधन भएको खबर आएपछि सविता र सविनय घर पुग्छन् । बाबुको काजक्रिया सकेर उनीहरू बनारस फर्किन्छन् । एक दिन मेला घुम्ने क्रममा सविनय सविताको घरमा पुग्छ र उसको भेटघाट सविताका कान्छा बुबा र कान्छी आमासँग हुन्छ । उनीहरूका बिचमा आआफ्ना घर घरयासीका कुराकानी हुन्छन् । त्यसपछि कास्मिरमा युद्ध चलिरहेको र त्यहाँ कयौँ मानिसहरू घाइते भएको खबर आउँछ । रेडक्रसको तर्फबाट घाइतेहरूको उद्धार गर्न त्यहाँ पुगेको सविनय युद्धको दोहोरो मुठभेडमा परेर मरिसकेको खबर आउँछ । सविता सविनयको वियोगमा चिन्तारत हुन्छे । सविनयकी आमा यशोधा देवीले उनलाई सम्झाउँछिन् । सविता आफ्नो अध्ययन पूरा गरी नेपाल फर्केर पाल्पा लगायत आसपासका जिल्लाहरूमा स्वास्थ्य सेवा दिइरहेकी हुन्छे । यसै क्रममा पाल्पाकै साहु हरिशंकरको छोरो डाक्टर राहुलसँग उनको भेट हुन्छ । डाक्टर राहुल उसको विवाहका लागि आमा बाबुले ल्याएको प्रस्ताव मानिरहेको हुँदैन । सविताकै सल्लाह अनुसार बुबा आमाले रोजेका पोखराकी युवतीसँग उसले विवाह गर्छ । जोमसोममा भुकम्प पीडित क्षेत्रमा स्वास्थ्य कर्मीहरूसँगै सविता पनि स्वास्थ्य सेवा दिन त्यहाँ पुग्छे । रातिको समयमा अकस्मात भूकम्प दोहोरिन्छ र त्यसको चपेटामा परेर सविताको टाउकोमा गम्भीर चोट लाग्छ । मुर्छित अवस्थाकी सवितालाई अस्पताल पुऱ्याइन्छ । उपचार चल्छ गम्भीर चोटका कारण उसको आँखाको ज्योति हराउँछ । आफ्नो यस्तो अवस्थाबाट विक्षिप्त बनेकी सवितालाई राहुल र उसको परिवारले सान्त्वना दिन्छन् । एक दिन दृष्टिविहीन अवस्थामा पनि विरामीहरूको स्वास्थ्य जाँच गरिरहेकी सविताको क्लिनिकमा यशोधा देवी, साहु हरिशंकर र डाक्टर राहुल आउँछन् । उनीहरूले सविताले विवाह गर्नुपर्ने कुरा उठाउँछन् । सविताका बुबा अक्कमक्क पर्छन् । यसै क्रममा राहुलले आफू सवितासँग बिवाह गर्न तयार भएको बताउँछ । सविताले यो प्रस्तावलाई सुरुमा अस्विकार गरे पनि अन्तिममा राहुलको भनाइलाई मनन गर्दै स्वीकार गर्छे ।

चौथो अध्याय सम्मको कथानक पूर्व दीप्तिमा आधारित छ । यस पछिको घटनाक्रममा सविताको राहुलसँग विवाह हुन्छ । बिवाहको यो उत्सव सवितालाई फिक्का लाग्छ । पहिलो सुहागरातका दिन राहुलको स्वार्थ पूरा नहुने थाहा भएपछि एक्कासी यिनीहरूको सम्बन्धमा हुरी आउँछ । बिहान उठेर राहुल पूर्व योजना बिना काठमाडौं जान्छ । विवाहको लागि आफै तयार भएको राहुल एकाएक परिवर्तन भएकोमा सविता अच्चमित हुन्छे । उसले यसबारे यशोधा देवीलाई बताउँछे । यशोधा देवीको सल्लाह अनुसार राहुललाई बोलाइन्छ । यशोधा देवीले आफ्नो जग्गा जमिन बेचेर पैसा जम्मा गरी उपचारका लागि सवितालाई राहुलसँग लन्डन पठाउँछे । उपचारका क्रममा सविता र राहुलको बादलसँग भेट हुन्छ । राहुल र बादलको परिचय पनि हुन्छ । सविताको औषधि उपचारमा बादलले सहयोग गर्छ । एकाएक सवितालाई त्यहीँ छोडेर राहुल जर्मन जान्छ । सविताको उपचार सफल हुन्छ । पट्टी खुलेको चौथो दिन राहुल आउँछ । एक दिन कश्मिर कान्डमा मरेको भनी ठानिएको सविनय पत्नी र सानो काखे बालक सहित गाउँमा आउँछ । उसको आगमनले गाउँमा खैलाबैला मच्चिन्छ । सविनयले सबैलाई आफ्नो बिवाहको बारेमा इति वृतान्त सुनाउँछ । यसै क्रममा सविता र सविनयको पुनर्मिलन हुन्छ । भावि योजनाको बारेमा कुरा गर्दै सँगै बस्ने योजना बनाई आआफ्नो कामतर्फ लाग्छन् । त्यसपछि तालिम लिनका लागि सविता दिल्ली जान्छे । त्यतिबेलै उसले छोरी जन्माउँछे र तालिम सकेर डोटी पुगी स्वास्थ्य सेवा दिन थाल्छे र राहुलका आमाबुबाले सविताले बच्चा पाएको कुरा थाहा पाउँछन् ।

पाँचौ अध्यायमा सविनयले डोटीमा फ्याक्ट्री खोलेको प्रसङ्ग उल्लेख गरिएको छ । केही दिनको दौडधुपपछि सविनयले सविनालाई डोटीमा भेट्छ र आफ्नो प्रेम भाव व्यक्त गर्छ । सविताले त्यसलाई कुनै वास्ता गर्दिन । यस बिचमा सविता इन्जिनियर नारायणसँग नजिक भएको खबर थाहा पाएपछि सविनय पागल जस्तो हुन्छ र उसलाई राँची पुऱ्याइन्छ । फर्केर आएपछि उसले समय छोपेर सवितालाई भेटी आफ्ना कुरा राख्न चाहन्छ, तर कुनै मौका मिल्दैन उता काठमाडौं जान लागेको नारायणलाई राहुलसँग आफ्नो छुट पत्रको कुरा गरेर आउन भनेकोमा सो नगरेको भनी सविताले नारायणलाई उपेक्षा गर्छे र कुँवरसँग नजिक हुन्छे । एक दिनको भेटमा सविनयले सवितासँग आफ्नो कुरा राख्छ र सविताले सविनयप्रति प्रेमभाव व्यक्त गर्छे । सविनयले आमा र सवितालाई स्वास्थ्य परिक्षणका लागि वनारस लैजान्छ ।

बनारसबाट फर्केर आएपछि सविता फेरि राहुलसँग नजिक हन्छे । यसै बिचमा राहुलले पनि आफ्नो सबै यथार्थ बताइदिन्छ । यसको केही समयपछि सविता पुनः बादलसँग नजिक हुन्छे । सविताको यस्तो व्यवहारबाट सविनय प्रताडित हुन्छ र सवितालाई भेटी म तिम्रै हुँ भन्छ । यति सुनिसकेपछि सविताले कठोर मनगरी मेरो केही छैन भनेर जवाफ दिन्छे । त्यसपछि सविनय आँखामा आँसु छल्काउँदै सवितासँग अन्तिम विदा लिई हिँड्छ । पाँचौ अध्यायको अन्तिम एघारौँ परिच्छेदमा पागल प्रेमी बनेको सविनयको विचारमा परिवर्तन आउँछ । यसै गरी पागलपन देखाइरहनु आफ्नो प्रेमको उपहास हो भन्दै अलग रहेरै सदैव प्रेम गरिरहने सङ्कल्प लिन्छ र एक दिन चलिरहेको मेसिनको पाङ्ग्रालाई एकोहोरो हेरेर बसेको सविनय पाङ्ग्राको बिचको पट्टामा खस्न पुगी उसको मृत्यु हुन्छ । उसको मृत शरीर भिरको तल बगेको नदीमा देखिन्छ । त्यो दृश्य देखेर सविता पनि हामफाल्न तयार हुन्छे तर पछाडिबाट राहुलले हात समाउँछ र कपाल सुमसुम्याउँदै यस्तो पागलपन ठीक होइन सविनय अभागी रहेछ अभागीले अरूलाई सुभागी बनाउन सक्नुपर्छ, स्त्रीले पतिकै संरक्षणमा शोभा पाउँछे भन्दै राहुलले सवितालाई हात समातेर डोऱ्याउँदै आफ्नो साथमा लगेको घटनासँगै उपन्यासको कथानक अन्त्य हुन्छ ।

### ४.४.२.२ चरित्र चित्रण

'शीलावती' उपन्यासमा विभिन्न पात्रहरू रहेका छन् । विभिन्न कार्य भूमिका वहन गर्ने थरीथरीका पात्रहरूको चयन र उपयुक्त भूमिका प्रदान गरिरहेको हुनाले पात्र विधानका दृष्टिले यो उपन्यास सबल छ । प्रमुख पात्र, सहायक पात्र र गौण भूमिका निर्वाह गर्ने गरी प्रयोग भएका यस उपन्यासका पात्रहरूका चरित्र चित्रणलाई तालिका अनुसार निम्नानुसार देखाइएको छ :

| क्र.स | पात्र | लिङ्ग | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आबद्धता | आसन्नता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सविता | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वैयक्तिक | बद्ध | मञ्चीय |
| २ | सविनय | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वैयक्तिक | बद्ध | मञ्चीय |
| ३ | राहुल | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ४ | प्राणनाथ | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | बदल | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ६ | नारायण | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ७ | कुँवर | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ८ | यशोधरा | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ९ | सुनिल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| १० | अनिल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ११ | सन्यासी | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |
| १२ | कृष्णलाल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |

'सविता' यस उपन्यासकी प्रमुख नारी पात्र एवम् नायिका हो । नेपालको पाल्पा घर भएका सुनिल शर्माकी छोरी तथा अनिल शर्माकी भतिजी सविता आफ्ना काका अनिल शर्मा सँगै बसेर वनारसमा पढ्छे । युवक सविनयसँग भेट भइसकेपछि सविनकी प्रेमिकाको रूपमा र पाल्पामा युवक डाक्टर राहुलसँग वैवाहिक सम्बन्ध जोड्न पुगेकी सविता एक शिक्षित डाक्टर हो । बनासरमा बसेर एम.वि.वि.एस. अध्ययन गरेकी सविता भावुक, समाजसेवी र सहयोगी स्वभावकी नारी पात्र हो । अध्ययन पूरा गरिसकेपछि नेपालका विभिन्न पहाडी जिल्लाहरूमा स्वास्थ्य सेवा प्रदान गर्दै उसले आफ्नो समाज सेवाको परिचय दिएकी छ । काम गर्दै जाँदा आफ्नो सम्पर्कमा आएका डा. बादल, कुँवर र इन्जिनियर नारायणसँग नजिक भएर चरित्रहीन एवम् रहस्यमय जस्ती देखिए तापनि सविता सविनयकी प्रेमिका र राहुलकी धर्मपत्नीकै रूपमा आफूलाई प्रस्तुत गर्छे । भूकम्पको मारमा परेर गम्भीर घाइते भएकी र आँखाको ज्योति समेत गुमाउन पुगेकी सविताको जीवन कारूणिक पनि छ । पुनः लन्डन गएर उपचार गरेपछि नेत्रज्योति प्राप्त गरी ऊ आफूलाई डोटी लगायतका सुदुर बस्तीमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने काममा समर्पित गर्दछे । यसरी हेर्दा कार्य भूमिका आधारमा सविता प्रमुख नारी पात्र हो । उपन्यासभित्र परिस्थिति अनुसार गतिशील खालको भूमिका बहन गर्न खोजिएको जस्तो देखिएपनि उसको अन्तर स्वभाव सविनयप्रति आत्मिक प्रेमिकाको रूपमा र राहुलप्रति कुशल धर्म पत्नीकै रूपमा देखापरेको हुनाले स्वभावका आधारमा स्थिर पात्र हो । आफ्नो आधुनिक शिक्षा र संस्कारका कारण सम्पर्कमा आएका पुरुषहरूसँग नजिकको सम्बन्ध राखेर चरित्रहीन जस्ती देखिएपनि त्यस्तो प्रवृत्ति उसको शिक्षा र संस्कारजन्य प्रभाव मात्र हो । उसको पति

राहुलको एकाकी स्वभाव जस्ता कमजोरीको कारण सवितामा उत्पन्न भएको मनोवैज्ञानिक इच्छा चाहनाको प्रतिफलको रूपमा हेर्ने हो भने प्रवृत्तिका आधारमा सविता अनुकूल पात्र हो । जीवन चेतनाका आधारमा सविता वैयक्तिक पात्र हो भने आबद्धता र आसन्नताका आधारमा बद्ध एवम् मञ्चीय पात्र हो । आफ्नो प्रेमी सविनयको मृत्युको घटनाले आहत भई मृत्युवरण गर्न तयार भएकी सविता राहुलको भनाइ स्वीकार गर्दै उसकी पत्नीको रूपमा उभिएकी हुँदा सवितामा जीवनमुखी चेतना पाइन्छ ।

'सविनय' यस उपन्यासको प्रमुख पात्र एवम् नायक हो । पाल्पा घर भई कपिलवस्तु बसाइँ सरेको जमिनदार प्राणनाथको र यशोधा देविको छोरा सविनय पूर्वीय शिक्षा ग्रहण गर्न वनारसको सिद्धनाथ आश्रममा पुग्दछ र सविताको सम्पर्कमा आइसकेपछि उसले अङ्ग्रेजी शिक्षा पनि ग्रहण गर्दछ । सविताको प्रेमी सविनय दर्शनशास्त्रको विद्यार्थी हो । ऊ शिक्षित, भावुक, तार्किक, समाजवादी बौद्धिक चरित्रको छ । कश्मिरको युद्धको चपेटामा परेर मरेको हल्ला फैलिएपछि सविताको राहुलसँग बिवाह हुन्छ अनि सविनय रहस्यमय ढङ्गले स्वास्नी तारा र बच्चासहित घर फर्कन्छ । घर फर्किसकेपछि आफ्नो पूर्व प्रेमीका सविता सम्पर्कमा आउँछ र अन्त्यसम्म उसकै प्रेममा व्याकुल बन्छ । बेलाबेलामा सविताको व्यवहार परिवर्तन भएको देखेर ऊ प्रेमी पागल जस्तो देखिन्छ र अन्तमा सविताले तिमीसँग मेरो कुनै सम्बन्ध छैन भनि दिएपछि सविनय सविताकै नाममा प्राण त्याग गर्न पुग्छ । यसरी कार्य भूमिकाका आधारमा एक प्रेमी नायकको भूमिकामा खेलेको हुनाले सविनय प्रमुख पुरुष पात्र हो । आफ्नी प्रेमीकालाई विछट्टै प्रेम गर्ने र आफ्नो पारिवारिक दायित्वलाई राम्रोसँग वहन गर्ने, प्रेममा पागल भई प्राण त्याग गर्ने सविनयको चरित्र हेर्दा प्रेमको अमरता र महानतालाई उजागर गरेको हुनाले वृत्तिका आधामा अनुकूल, स्वाभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वैयक्तिक पात्र हो भने आबद्धता र आसन्नताका आधारमा बद्ध एवम् मञ्चीय पात्र हो ।

'राहुल' यस उपन्यासको सहायक पुरुष पात्र हो । धनी परिवारमा जन्मेको राहुल एक शिक्षित डाक्टर हो । उपन्यसको मध्य भागमा यसको उपस्थिति देखिन्छ । विवाहको योग्य भई सक्दा पनि विवाह गर्न नमान्ने राहुल आफ्नै इच्छाले नेत्रज्योति गुमाएकी सवितासँग विवाह गर्छ तर र सवितासँग उसको वैवाहिक सम्वन्ध त्यति राम्रो देखिँदैन । पछिबाट ऊ आफ्नो

स्वार्थ प्रवृत्ति र जवानीमा यौन दुराचारमा फसेको कारण आफूमा यौनसमस्या एक रोगकै रूपमा रहेको खुलासा गर्दछ । अन्तमा सविनयको मृत्युपछि व्याकुल भई प्राण त्याग गर्न तत्पर भएकी सवितालाई कर्तव्यको बोध गराउँदै बाँच्ने आधार दिन्छ । यसरी मिश्रित किसिमको चरित्र बोकेको राहुल कार्य भूमिकाको आधारमा सहायक पात्र हो । आधुनिक शिक्षाका कारण चारित्रिक रूपले पतित जस्तो देखिने राहुल सुरुमा स्वार्थी र एकाकी स्वभावको भएपनि पछिल्ला घटनाहरूमा आफ्ना कमजोरी आफै खुलासा गरेको हुनाले प्रवृत्तिका आधारमा अनुकूल र स्वभावका आधारमा गतिशील पात्र हो । पढेलेखेका आधुनिक युवावर्गको प्रतिनित्वि गर्ने भएकाले जीवन चेतनाका आधारमा वर्गीय आबद्धता र आसन्नताका आधारमा बद्ध एवम् मञ्चीय पात्र हो ।

'प्राणनाथ' यस उपन्यासको सहायक पुरुष पात्र हुन् । उपन्यासको नायक सविनयका बुवा प्राणनाथ कपिलवस्तुको पिपरा गाउँका जमिनदार हुन् । जेठी श्रीमतीको निधन भएपछि यशोधा देविलाई दोस्री श्रीमतीका रूपमा भित्र्याए पनि छोरो नजन्मेका कारण खिन्न भएका प्राणनाथ साधुको आशीर्वाद अनुसार दुई छोरा जन्मेपछि प्रसन्न हुन्छन् । उनको चरित्र उदार प्रकृतिको छ । गाउँलेहरूको सुख दुःखमा सहयोग गर्ने धर्म कर्मप्रति आस्थावान सन्तानको शिक्षा दीक्षा र भविष्यप्रति चिन्तनशील प्राणनाथ त्यागी छन् । उनको छोरो सविनय वनारसमा पढ्दै गर्दा उनको निधन हुन्छ । यसरी प्राणनाथ प्रवृत्तिका आधारमा अनुकूल स्वभावका आधारमा स्थिर पात्र हुन् । यिनको चरित्र वर्गीय, बद्ध एवम् मञ्चीय छ ।

व्बादल, दलसिह कुँवर र इन्जिनियर नारायणले सहायक पात्रको रूपमा आधुनिक शिक्षित व्यक्तिको प्रतिनिधित्व गरेका छन् । यशोधा देवी नायक सविनयकी आमा हुन् र सहायक नारी पात्रको रूपमा यिनको भूमिका देखापर्दछ । सन्यासी, साहु कृष्णलाल, देव सिंह, सहवीरे ओली, सन्ते साहु, पण्डित श्यामशरण उपाध्याय, सुरे कामी, गंगा मगरनी, पुजारी, पन्तजी, अनिल शर्मा, सुनिल शर्मा र डिलराज जस्ता पात्रहरूले गौण रूपमा आ आफ्ना भूमिका निर्वाह गरेका छन् ।

### ४.४.२.३ परिवेश

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रका पाल्पा, कपिलवस्तु, सुदुर पश्चिमको डोटी र भारत प्रवासको वनारस क्षेत्र तथा कश्मिर क्षेत्र यस उपन्यासका मुख्य घटित स्थान हुन् । कपिलवस्तुको पिपरा गाउँ, जमिनदार प्राणनाथको घर, छिमेकी गाउँ र वरपरको क्षेत्र परिवेशको रूपमा रहेका छन् । यस उपन्यासमा तराईको ग्रामिण परिवेशप्रति बिम्बित भएको छ । उपन्यासमा वर्णित घटना र तिनको प्रकृतिलाई हेर्दा नेपालमा शिक्षको आधुनिकीरण भई सकेको, पुगीसरी आएका उच्च वर्गका व्यक्तिले उच्च शिक्षाका लागि उच्च शिक्षा हासिल गर्न विदेश जाने घटनाका आधारमा प्राचीन तथा आधुनिक समाजका बिचको सामाजिक परिवेश पाइन्छ । धर्म, कर्म, पूजा, पाठ, साहु सन्तको सत्कार र गुरुकूलमा बसेर पढ्ने प्रचलन तीर्थव्रत, गङ्गा स्नान जस्ता घटनाहरू सांस्कृतिक परिवेशका रूपमा आएका छन् । उपन्यासमा मानवीय प्रेमको सहज प्रस्तुति पाइने हुनाले स्वच्छन्दतावादी प्रवृत्ति पनि प्रस्तुत गरिएको छ । यसै गरी काश्मिरको युद्धमा परेर नायक सविनय वेपत्ता भएको र जोमसोममा भूकम्प पीडितलाई उद्धार गर्न जाँदा सविता दुर्घटनामा परी गम्भीर घाइते भएको तथा नेत्र ज्योति गुमाउन पुगेको र सविताको प्रेममा उद्धिग्न भएको नायक सविनयले मिलनको पट्टामा खसेर प्राण त्याग गरेको घटनाद्वारा करूण वातावरणको सिर्जना भएको छ भने सविता र सविनयको प्रेम प्रसङ्गले शृङगारिक वातावरण सिर्जना भएको छ । यो उपन्यासमा गाउँ, सहर तथा तराई पहाडको सामाजिक सांस्कृतिक परिवेश पाइन्छ ।

### ४.४.२.४ संवाद

यस उपन्यासमा हिन्दी तथा अवधी भाषाबाट प्रभावित नेपाली भाषा प्रयोग भएको छ । यस उपन्यासको संवाद बौद्धिक, तार्किक र लामो व्याख्यानमा आधारित छ । पात्रहरू आफ्नो संवाहकका माध्यमबाट विषयवस्तुको पुष्ट्याइँ गर्छन् । आवश्यकता, अनुसार संवादलाई लामो छोटो तुल्याइएको छ । सबै भन्दा बढी संवादमा सहभागी पात्र सविता र सविनय हुन् । सविनय र सविताका बिचको नारी स्वतन्त्रताका विषयमा आधारित संवाद :

“किन छात्राहरू के स्वावलम्बी छैनन् ? कि अझै पनि अवला हुन् ?

अब भारत स्वतन्त्र भैसकेको छ श्रीमान् जी ।”

“भारत त स्वतन्त्र भैसक्यो तर नारी त आफ्नै स्थानमा छन् कुमारी जी । फेरि यो हाम्रो संस्कृति ? यसलाई पनि त हेर्नु पर्दछ ।”[२३]

### ४.४.२.५ उद्देश्य

यस उपन्यासले स्वच्छन्द प्रेम सम्बन्धका साथै आत्मिक प्रेमको अमरतालाई उजागर गरेको छ भने सहरिया संभ्रान्त वर्गमा धन सम्पत्तिको लोभमा वैवाहिक सम्बन्ध गाँस्ने प्रवृत्तिलाई देखाएको छ । समाजमा आधुनिक शिक्षाको प्रकरणलाई देखाउनु, हाम्रा सांस्कृतिक मूल्य, मान्यता, धर्म, दर्शन र रिवाजहरूको व्यवहारिकता र सान्दर्भिकतालाई देखाउनु यस उपन्यासको उद्देश्य हो । सेवा, त्याग, समर्पण र मानवता जस्ता सदगुणहरूको विकासमा जोड दिनु र पुरुष भएर वीर्य रक्षा गर्नु एवम् नारी भएर शीलको रक्षा गर्न सक्नुपर्छ भन्ने मूल आशयलाई अभिव्यक्ति गर्नु यस उपन्यासको मूल उद्देश्य हो ।

### ४.४.२.६ द्वन्द्व

यस उपन्यासमा सरल र सहज किसिमको द्वन्द्वको प्रयोग भएको छ । एउटै व्यक्तिमा भएको आन्तरिक द्वन्द्व, दुई व्यक्तिमा भएको द्वन्द्व यसमा पाइन्छ । राहुल र सविताका बिचमा पाइने निश्चल, सरल प्रवृत्ति र कुटिल स्वार्थी प्रवृत्तिको द्वन्द्व बाह्य द्वन्द्वका रूपमा देखापर्छ । नायिका सविताभित्र उत्पन्न प्रेमिका र धर्मपत्नी बिचको मनोद्वन्द्व एकातिर छ भने अर्कोतिर क्षणक्षणमा परिवर्तित भएजस्तो देखिने सविताको व्यवहारले नायक सविनयमा प्राप्त मानसिक द्वन्द्व उत्पन्न गराई दिएको छ । उसभित्र स्वच्छन्द प्रेमको आवेश र विवेक तथा भावुकता र विवेकशीताका कारण द्वन्द्व उत्पन्न भएको छ ।

---

२३. अयोध्या प्रसाद श्रीवास्तव, **शीलवती**, गुलरिया बर्दिया अफसेट प्रेस प्रा.लि, २०६९, पृ.४६ ।

### ४.४.२.७ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासमा भएका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिर बसेर उपन्यासकार स्वयम्‌ले वर्णन गरेका छन् । सविनयको जीवनमा बढी केन्द्रित भए पनि सबै घटना, क्रियाकलाप, संवाद र पात्रका मानसिक उथलपुथलले समेत उपन्यासभन्दा बाहिरै बसी कथयिताले वर्णन गरेका हुनाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दु रहेको छ । प्रारम्भदेखि अन्त्यसम्म वर्णनात्मक र नाटकीय शैलीमा लेखकले बाह्य रूपमा वर्णन गरेको यस उपन्यासमा बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४.२.८ भाषाशैली

'शीलवती' उपन्यास भाषा प्रयोगका दृष्टिले स्तरीय रहको छ । कहीँ कतै वर्ण विन्यासगत त्रुटि र अन्तर भाषिक प्रभाव पाइएपनि स्तरीय शब्द र वाक्य गठनको विशिष्ट ढाँचाका कारण भाषा आकर्षक बनेको छ । यस उपन्यासको भाषा साहित्यिक, लाक्षणिक, विम्ब प्रतीकता र सौन्दर्यपूर्ण छ । नारी जातिको प्रतिभालाई दर्साउने निम्न लिखित अभिव्यक्तिमा भाषाको विशेष प्रयोग यसरी गरिएको छ :

"पतिको निम्ति चरित्र, सन्तानको निम्ति ममता, समाजको निम्ति शील सहयोगीको निम्ति दया र जीवमात्रमा करूणाद्र महाप्रकृतिको नाम नै नारी हो।"[२४]

यस उपन्यासमा करूणाद्र, प्रवन्चना, महिमामयी, चरणरज, अन्नवंशन जस्ता संस्कृत शब्दहरूको प्रयोग गरिएको छ । नेपाली फाटका शब्द शब्दावली र आंशिक रूपमा अङ्ग्रेजी एवम् हिन्दी भाषाका आगन्तुक शब्दहरूको प्रयोग पाइए पनि यस उपन्यासमा तत्सम र तद्भव शब्दमै आधिक्यता पाइन्छ ।

उपन्यास वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । प्रसङ्ग अनुसार व्याख्यानात्मक तार्किक शैलीको समेत प्रयोग पाइन्छ । यस उपन्यासमा पात्रहरू सवितालाई तेजवती सूर्यको रूपमा, सविनयलाई विनयशीलताको रूपमा, राहुललाई सूर्यमुखी ग्रहण लाग्ने

२४. ऐजन, पृ.६० ।

राहुलको रूपमा र बादललाई सूर्यलाई छेकिदिने व्यवधानको रूपमा प्रतिकात्मक अर्थ प्रधान गरिएको छ । उपमा रूपक र उत्प्रेक्षा जस्ता अलङ्कारको प्रयोग पनि उपन्यासमा गरिएको पाइन्छ । प्रतीकात्मक अभिव्यक्ति दिँदा पनि भाषाले क्लिष्टताको भारी बोकेको छैन । रूपक अलङ्कारको उदाहरण यस प्रकार छ :

"राहुल रूपी अग्निकुण्डमा होमिएकी सविता हवनकी समिधामात्र त भएकी छिन् । बोल्नु नै तिनको नियत हो खरानी हुन तिनको भविष्य हो ।[२५]

समग्रमा २०६९ सालमा प्रकाशित भई बर्दिया जिल्लाको औपन्यासिक यात्राको चौथो कृतिका रूपमा जन्म पाएको 'शीलवती' उपन्यास स्वच्छन्दतावादी धरातलमा उभिएको सामाजिक उपन्यास हो । प्रेमका स्वच्छन्द प्रसङ्ग, तथा आदर्श प्रेमको उदाहरण प्रस्तुत गरिएको यो उपन्यास धार्मिक, सांस्कृतिक मूल्य मान्यताको सान्दर्भिकता दर्साउने तार्किक शैलीको विस्तृत कथानकले युक्त रचना हो । ग्रामीण, सहरिया, तराई, पहाडको विविधता युक्त परिवेशको चित्रणसँगै बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले भाषालाई रङ्गाउने कार्य गरेको छ । आधुनिक शिक्षाको प्रभावलाई देखाउँदै दायित्वबोधका पक्षमा वकालत गर्ने यस उपन्यासले हार्दिक प्रेमको सम्मान समेत गरेको छ ।

२५. ऐजन, पृ.९३ ।

# परिच्छेद : पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस शोधकार्यको पहिलो परिच्छेदमा शोध शीर्षकको नामकरण, विषय परिचय, शोध समस्या, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रुपरेखा जस्ता शीर्षकहरूमाथि अध्ययन गरिएको छ ।

दोस्रो परिच्छेदमा बर्दिया जिल्लाको सङ्क्षिप्त परिचय दिइएको छ । बर्दिया नेपालको मध्यश्चिमाञ्चल विकास क्षेत्रको भेरी अन्चल अन्तर्गत पर्ने पश्चिम तराईको जिल्ला हो । जसको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत जिल्ला र दक्षिणमा भारतको उत्तरप्रदेश राज्य पर्दछ । यो जिल्ला ८१°३' देखि ८१°४१' पूर्वी देशान्तर र २८°७'देखि २८°३९'देखि उत्तरी अक्षांशभित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मि. रहेको छ । क्षेत्रफलको ६७ प्रतिशत भूमि वनक्षेत्रमा पर्दछ । कृषि क्षेत्रमा उल्लेख्य यस जिल्लाको नाम स्थानीय भाषाको बर्द (गोरु) शब्दमा 'इया' प्रत्यय जोडिएर रहन गएको हो । यस जिल्लामा १ वटा नगरपालिका र ३१ वटा गा.वि.स., ४ वटा निर्वाचन क्षेत्र र १३ वटा इलाका छन् । यस जिल्लाको कुल जनसङ्ख्या ४,२६,५७६ रहेको छ । कुल जनसङ्ख्याको ४८.०८ प्रतिशत पुरुष र ५१.९२ प्रतिशत महिला रहेका छन् । बर्दिया राष्ट्रिय निकुञ्ज, बबई नदी, कर्णाली पुल, बडैया ताल, ठाकुरद्वारा पार्क, कोटाही मन्दिर, दुर्लभ वन्यजन्तु भएको प्राकृतिक सांस्कृतिक र ऐतिहासिक रुपले महत्त्वपूर्ण यो जिल्ला नयाँ मुलुक र अन्नका भण्डारका रूपमा प्रसिद्ध छ ।

यस जिल्लामा नेपाली, थारु र अवधी भाषीहरूको बसोबास रहेको छ । ब्राह्मण, क्षेत्री, मगर, गुरूङ, कामी, सार्की, शाह, शाही, यादव, कुर्मी, थारू जाति एवं हिन्दू, मुस्लिम, क्रिस्चियन, धर्मावलम्बीहरू बस्दछन् । महाकवि लक्ष्मी प्रसाद देवकोटा हाइस्कुल यस जिल्लाको पहिलो शैक्षिक संस्था हो । सन्चार माध्यमका रूपमा हुलाक, फोन, मोबाइल, इन्टरनेट, पत्रपत्रिका, एफ.एम. रेडियो सन्चालनमा छन् । यहाँ **समावेशी सन्देश, बबई साप्ताहिक, बर्दिया समाचार, कृष्णसार साप्ताहिक, बर्दिया न्युज एक्सप्रेस, बर्दिया टाइम्स, हाम्रो भावना** आदि

पत्रिका प्रकाशित हुन्छन् । सामाजिक, आर्थिक, जातिगत, भौगोलिक र भाषागत दृष्टिले यस जिल्लामा विविधता पाइन्छ ।

तेस्रो परिच्छेदमा नेपाली आख्यानको विकास एवम् बर्दिया जिल्लाको आख्यान सिर्जनको पृष्ठभूमि र परम्पराको बारेमा जानकारी दिइएको छ । नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने सन्दर्भमा बर्दिया जिल्लामा पनि यसको प्रभाव परेको छ । आख्यान विधा पूर्वीय पाश्चात्य परम्पराबाट विकसित भई शक्ति बल्लभ अर्ज्यालद्वारा नेपाली भाषामा वि.सं. १८२७ मा भित्रिएको हो । शक्ति बल्लभ पछिका भानुदत्त, रामचन्द्र उपाध्याय, हीनव्याकरणी विद्यापति, भवानीदत्त पाण्डे, सुन्दरानन्द बाँडा, पद्म शर्मा आदिले यसलाई विकसित तुल्याए । नेपाली उपन्यासलाई वि.सं.१८२७ देखि १९४५ सम्म प्राथमिक काल, वि.सं. १९४६ देखि १९९० सम्म माध्यमिक काल र वि.सं. १९९१ देखि यता आधुनिक काल गरी विभाजन गरिएको छ । यसै गरी नेपाली कथालाई वि.सं.१०२७ देखि १९५७ सम्म प्राथमिक काल, वि.सं. १९५६ देखि १९९१ सम्म माध्यमिक काल र वि.सं. १९९२ देखि यता आधुनिक काल गरी विभाजन गरिएको छ । वि.सं. १९९१ को रूद्रराज पाण्डेको **रूपमती** र वि.सं. १९९२ को गुरु प्रसाद मैनालीको **नासो** प्रकाशन भएपछि आधुनिक काल सुरु भएको हो । नेपाली आख्यान साहित्यमा रुप नारायण सिंह, अच्छा राई 'रसिक', विजय मल्ल, लैनसिंह वाङ्‌देल, लील बहादुर क्षेत्री, गोविन्द्र बहादुर मल्ल 'गोठाले', विश्वेश्वर प्रसाद कोइराला, पारिजात, बालकृष्ण सम, पुस्कर शंशेर, भवानी भिक्षु, रमेश विकल, परसु प्रधान जस्ता आदि सक्रिय छन् । यी आख्यानकारका आख्यानमा सामाजिक यथार्थवाद, सामाजिक विसङ्गति, अस्तित्व, राष्ट्रियता, राजनैतिकता, मानवता, जीवन भोगाइको यथार्थ अनुभूति र समसामयिकताका भाव पाइन्छन् ।

बर्दिया जिल्लामा वि.सं.२०२९ सालदेखि कथा लेखन सुरु भई वि.सं. २०३३ मा प्रकाशनमा आएको हो । वि.सं.२०६३ मा बुद्धिनाथ ज्ञवालीको **जल्दै गरेको आकाश** कथा सङ्ग्रह प्रथम पटक प्रकाशित भएको हो । वि.सं. २०३३ को कर्णाली पत्रिकामा केदार पोखरेलको कथा पहिलो पटक प्रकाशन भएकाले वि.सं. २०३३ देखि २०६२ सम्मको समयलाई पहिलो चरण र वि.सं. २०६३ देखि २०६९ सम्मको समयलाई दोस्रो चरण मानिएको छ । यसै गरी वि.सं.२०४९ देखि उपन्यास लेखन सुरु भएको पाइन्छ । वि.सं. २०४९ मा गोप बहादुर शाहको **क्षितिजलाई नियाल्दा** उपन्यास प्रथम पटक प्रकाशित भएकाले वि.सं. २०४९ देखि २०६९ सम्मको समयलाई

उपन्यास लेखन तथा प्रकाशनको अवस्था मानिएको छ । यस जिल्लामा झन्डै ५० भन्दा बढी आख्यानकार र आधा दर्जन भन्दा बढी आख्यान रहेका छन् । वि.सं.२०२९ देखि नै विभिन्न शैक्षिक संस्थाहरूले साहित्यिक गतिविधि सन्चालन गरिरहेको भए पनि वि.सं.२०५७ मा स्थापित **बर्दिया साहित्य समाज** नै पहिलो साहित्यिक संस्था हो । गोप बहादुर शाह, सरला रेग्मी, अयोध्या प्रसाद श्रीवास्तव, राधा ज्ञवाली, प्रेमराज गिरी, केदार पोखरेल, चक्रपाणि आचार्य, पुरमल बस्नेत, मणि शर्मा, रमेश ज्ञवाली, कविन्द्रराज भट्टराई, दीपक गौतम निलम कार्की निहारिका आदि यस जिल्लाका सक्रिय आख्यानकार हुन् । यी आख्यानकारका आख्यानमा राष्ट्रियता, सामाजिकता, राजनैतिकता, वैचारिकता, वर्गीय विषमता, समसामयिकता जस्ता भाव व्यक्त भएका छन् ।

चौथो परिच्छेदमा बर्दिया जिल्लाका आख्यानकार र तिनका आख्यान कृतिको अध्ययन गरिएको छ । यस जिल्लाका गोप बहादुर शाहको **क्षितिजलाई नियाल्दा**, सरला रेग्मीको **प्रवाह**, **चुँडाल्दै बन्धनहरूर लाल विधवा,** बुद्धिनाथ ज्ञवालीको **अन्तरङ्ग जीवन, जल्दै गरेको आकाश** र **बगिरहेको जिवन** र अयोध्या प्रसाद श्रीवास्तवको **शीलवती** लगायत वि.सं.२०६९ साल सम्म प्रकाशित भएका चारवटा उपन्यास र चारवटा कथा सङ्ग्रहरुको अन्यय गरिएको छ । उल्लिखित कृतिहरुको औपन्यासिक तत्त्वका आधारमा र कथा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ निष्कर्ष

यस शोधपत्रमा बर्दिया जिल्लाको भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, शैक्षिक भाषिक, साहित्यिक जस्ता पक्षको परिचय दिइएको छ । यसमा नेपाली आख्यानको विकास परम्परा, बर्दिया जिल्लाको आख्यानको पृष्ठिभूमि र परम्परा, यस जिल्लाको आख्यानको चरण विभाजन, यस जिल्लाको आख्यान विकासमा सङ्घ संस्थामा र पत्र पत्रिकाले पुऱ्याएको योगदान बारे चर्चा गरिएको छ । यस शोध पत्रमा यस जिल्लाबाट पुस्तकाकार कृतिको प्रकाशन गर्ने आख्यानकारहरूको व्यक्तिगत परिचय र तिनका आख्यान कृतिहरूको अध्ययन गरिएको छ । यस जिल्लामा सक्रिय रहेका फुटकर आख्यानकारहरूको समेत चर्चा गरिएको छ ।

बर्दिया जिल्लामा साहित्य लेखनको थालनी वि.सं. २०३० को दशक देखि नै भए पनि कृति प्रकाशन भने वि.सं. २०४९ मा आएर मात्र भएको पाइन्छ । यसरी वि.सं. २०४९ देखि

२०६९ सम्मको छोटो अवधिमै चारवटा औपन्यासिक कृति र चारवटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । यस जिल्लामा सङ्ख्यात्मक हिसाबले कम कृतिहरू प्रकाशित भए पनि गुणात्मक हिसाबले भने कम छैनन् । नेपाली ग्रामीण परिवेशको सामाजिक सांस्कृतिक, धार्मिक, ऐतिहासिक, शैक्षिक, राजनैतिक र आर्थिक जस्ता विविध पक्षको पक्षको विषय वस्तुलाई उठान गरिएको हुनाले यस जिल्लाका आख्यान कृतिहरूले साहित्यक भरिपूर्णता दिनुका साथै समाज परिवर्तनमा पनि अग्रणी भूमिका खेलेको पाइन्छ । अन्त्यमा भन्नुपर्दा यस जिल्लाका आख्यान कृतिहरुले नेपाली साहित्यको विकासमा कुनै नौलो धारा तथा प्रवृत्तिको विकास नगरेको भए पनि साहित्यिक कृतिका हिसाबले केही योगदान भने अवश्य गरेको पाइन्छ ।

बर्दिया जिल्लाका विभिन्न आख्यानकारहरूसँग सोधपुछ, छलफल एवम् उपलब्ध पुस्तक र पत्र पत्रिकाको अध्ययन गरेर यो शोधपत्र तयार पारिएको हो । यो शोधपत्र तयार पार्ने क्रममा उत्पन्न भएका समस्याहरूलाई मध्यनजर गरी भावी शोधकर्ता, अनुसन्धाता एवम् सङ्घसंस्थालाई सहज होओस् भन्ने उद्देश्यले यहाँ केही सम्भावित शोध शीर्षकहरू दिइएका छन् ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

१. नेपाली आख्यानको विकासमा बर्दिया जिल्लाको योगदान ।

२. बर्दिया जिल्लाका प्रमुख कथाकार र तिनका कथा सङ्ग्रहको अध्ययन ।

३. बर्दिया जिल्लाका प्रमुख उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन ।

# सन्दर्भ सामग्री सूची


आचार्य, कृष्ण प्रसाद र बस्नेत, कृष्ण बहादुर, (२०६२), **आधुनिक नेपाली उपन्यास र कथा, सैद्धान्तिक विश्लेषण,** कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

आचार्य, गुणनिधि, (२०५८), **नेपाली साहित्यमा बर्दिया जिल्लाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

उपाध्याय, केशव प्रसाद, (२०३८), **साहित्य प्रकाश**, पाँ.सं. काठमाडौँ : ज्योति प्रकाशन, ।

उपाध्याय, खड्क प्रसाद, (२०६९), **कथाकार बुद्धिनाथ ज्ञवालीको बगिरहेको जीवन, कथासङ्ग्रहको अध्ययन विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज ।

उपाध्याय, जीवराज, (२०६४), **बर्दिया जिल्लाका गजलकार र तिनका गजल सङ्ग्रहको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खडका, मिम बहादुर, (२०६४), **कथाकार बुद्धिनाथ ज्ञवाली र उनका कथाहरुको विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज ।

गिरी, मधुसूदन, (२०५३), 'भेरीका कविता पृष्ठभूमि र परम्परा', **मध्य पश्चिमका कविता,** काठमाडौँ : मसाप्र ।

गौतम, रामराज, (२०६७), 'नेपाल हुलाक : विगत, वर्तमान र भावी कार्यदिशा', **बर्दियामा सञ्चार,** गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, , पृ. १४-१८ ।

जोशी, रत्नध्वज, (२०५०), **आधुनिक नेपाली साहित्यको झलक**, काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, बुद्धिनाथ, (२०६९), **अन्तरङ्ग जीवन,** नेपालगन्ज : भेरी साहित्य समाज ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, (२०६१), **नेपाली उपन्यास र उपन्यासका ,** साझा प्रकाशन

थापा, मोहनहिमांशु, (२०६६), **साहित्यको परिचय :** काठमाडौँ : साझा प्रकाशन ।

नेपाल, यज्ञ, (२०६७), 'बर्दिया जिल्लामा सञ्चारको विकास', **बर्दियामा सञ्चार,** गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, पृ. ४६-४७ ।

पण्डित, पार्वती, (२०६७) 'नेपालको  मानचित्रमा बर्दिया', **बर्दियामा सञ्चार**, बर्दिया : स्थानीय समन्वय समिति बर्दिया जि.हु.का. गुलरिया ।

पोखरेल, गणेश र बस्याल, राकेश, (२०५१), 'बर्दिया जिल्लाको नामकरण' **नयाँ मुलुकमा प्रजातान्त्रिक आन्दोलन,** बर्दिया : ईश्वरी प्रसाद बस्याल ।

पोखरेल, गणेश र बस्याल, राकेश, (२०५५), 'बर्दियाको कमैया आन्दोलन' **राप्ती पश्चिमको प्रजातान्त्रिक आन्दोलन**, गुलरिया : सुभाष पोखरेल, बर्दिया ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२), **नेपाली उपान्यस र उपन्यासकार,** ते.सं., काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज, (२०५६), **उपान्यासको सौन्दर्यशास्त्र,** काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र, (२०५५), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौँ : साझा प्रकाशन, ।

राई, इन्द्रबहादुर, (२०५८), **नेपाली उपन्यासका आधारहरु,**  ते.सं. काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, सरला, (२०६६), **प्रवाह,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

लामिछाने, यादवप्रकाश र लामिछाने गीता, (२०६७), **नेपाली कथा र उपन्यास सिद्धान्त समीक्षा,** भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास,** ते.सं. काठमाडौँ : नवीन प्रकाशन ।

.....,(२०३९), **नेपाली उपन्यासका समकालीन सन्दर्भहरू**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, ।

........., (२०५६), **नेपाली साहित्यको इतिहास,** चौ.सं. काठमाडौँ : अक्षर प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (२०६२), **शोधविधि,** ते.सं. ललितपुर : साझा प्रकाशन, ।

शर्मा, मोहनराज, (२०५०), **कथाको विकास प्रक्रिया,** दो.सं. काठमाडौं : साझा प्रकाशन, ।

शर्मा, मोहनराज र सुवेदी, राजेन्द्र, (२०४१), **समसामयिक साझा कथा,** काठमाडौं : साझा प्रकाशन, ।

शाह, गोप बहादुर, (२०४९), **क्षितिजलाई नियाल्दा**, बहराइच : पाण्डुलिपि ।

श्री ५ को सरकार, (२०३१), **मेचीदेखि महाकाली भाग ४**, (काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रीवास्तव, अयोध्या प्रसाद, (२०६९), **शीलवती**, गुलरिया बर्दिया : अफसेट प्रेस प्रा.लि

श्रेष्ठ, कृष्ण प्रसाद, (२०४४), सम्पा., **स्थाननाम कोश ,** काठमाडौं : ने.रा.प्र.प्रः, ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०४०), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** दो.सं. काठमाडौं : साझा प्रकाशन ।

………, (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौ.थो. काठमाडौं : साझा प्रकाशन, ।

………..,( २०६३), **नेपाली कथा र उपन्यास,** दो.सं. अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०६७), **नेपाली कथा भाग-४** काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, मेघमान, (२०६७), 'सार्वजनिक हित नै रेडियो', **बर्दियामा सञ्चार,** (गुलरिया : स्थानीय समन्वय समिति, जि.हु.का., गुलरिया, , पृ. ६-१२ ।

सुवेदी, राजेन्द्र, (२०५१), **स्नातकोत्तर नेपाली कथा,** काठमाडौं : साझा प्रकाशन, ।

सुवेदी, राजेन्द्र, (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

स्थानीय समन्वय समिति, (२०६७), 'जिल्लाको जनसाङ्ख्यिक विवरण, **बर्दियामा सञ्चार,** (बर्दिया जि.हु.का. गुलरिया ।